# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८
# प्रदेश नं. १




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# प्रदेश नं. १



सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुङ्गा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
इलाम
उदयपुर
सुनसरी
मोरङ
झापा

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८
# प्रदेश नं. १

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# Serving the Nation and the People

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

नेपालका
महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९
च.नं. ८६

मितिः २०७८।०५।४

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं १, बिराटनगर ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नं. १ को आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **सञ्चितकोष उपर राय** | | |
| **परिच्छेद १** | **लेखापरीक्षण गरिएका निकायको विवरण ........................................................** | **१** |
| **परिच्छेद २** | **लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति .....................................................** | **४** |
| **परिच्छेद ३** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा ...............................................................** | **७** |
| | **लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा .......................................................** | **७** |
| | **मन्त्रालय र निकायगत व्यहोरा .................................................................** | **१६** |
| | १. प्रदेश सभा सचिवालय ........................................................................ | १६ |
| | २. प्रदेश लोक सेवा आयोग ....................................................................... | १८ |
| | ३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ................................................ | १९ |
| | ४. आर्थिक मामिला तथा योजना मन्त्रालय .................................................. | २२ |
| | ५. आन्तरिक मामिला तथा कानुन मन्त्रलय................................................... | २८ |
| | ६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ......................................... | ३२ |
| | ७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........................................... | ३८ |
| | ८. भौतिक पूर्वाधार विकास मन्त्रालय........................................................... | ४४ |
| | ९. सामाजिक विकास मन्त्रालय .................................................................. | ५५ |
| | १०. मुख्य न्यायाधिवक्ताको कार्यालय ......................................................... | ६२ |
| | ११. प्रदेश योजना आयोग ........................................................................ | ६३ |
| **परिच्छेद ४** | **प्रतिवेदन कार्यान्वयन स्थिति.........................................................................** | **६५** |
| **परिच्छेद ५** | **सुधारका क्षेत्रहरू ......................................................................................** | **६६** |
| | **अनुसूचीहरू..............................................................................................** | **७०** |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठीत संस्था र संघीय कानुन बमोजिम महालेखा परीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदनमा लेखापरीक्षण गरिएको निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ । प्रस्तुत प्रतिवेदन प्रदेश सभा, सार्वजनिक लेखा समितिमा छलफलद्वारा कार्यान्वयनमा आई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । सरकारी लेखापरीक्षकहरूको आचारसंहिता लागु गरी सो को पालना सुनिश्चित गर्न अनुगमनको समेत व्यवस्था मिलाईएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १८३ निकायको रु.४४ अर्ब ५७ करोड ३ लाख ४० हजार लेखापरीक्षण सम्पन्न भएकोमा रु.१ अर्ब २६ करोड ५१ लाख ५६ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको २.८४ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको ४.८२ प्रतिशत बेरुजु कायम रहेकोमा यस वर्ष २.८४ प्रतिशत भई बेरुजु प्रतिशत घटेको छ । यस वर्ष म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन ।

प्रदेश अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्न एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गरिनुपर्ने देखिएको छ । प्रदेश र स्थानीय तहका पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधामा एकरुपता कायम गर्नुपर्ने, राजस्व सङ्कलनलाई प्रभावकारी बनाई संघीय सरकारबाट प्राप्त हुने अनुदानप्रतिको निर्भरतालाई न्यूनिकरण गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्न योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्दछ ।

विकास निर्माणतर्फ परियोजना बैंकमा संकलित योजनामध्ये बढी उपलब्धीमुलक छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहिरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनमा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी जनसहभागिता जुटाई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । त्यस्तै फजुल खर्च घटाउने, अनावश्यक खर्च कटौती गर्ने, प्रदेश सरकार र मातहतका निकायमा हुने अनियमितता, भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गर्न नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गरी सुशासन कायम गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहलाई नमुनाको रूपमा सञ्चालन गर्न सकिने देखेको छु । यस प्रतिवेदनमा प्रदेश सरकारको कार्य क्षेत्र र मन्त्रालय तथा निकायहरुको विस्तृत विश्लेषण सहित समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष पेश गरेको प्रतिवेदन यथासमयमा प्रदेश सभामा पेश हुनुपर्दछ । यसबाट जनप्रतिनिधिको थलोमा समयमै प्रतिवेदनउपर छलफल भई समस्या समाधान गर्न सहज हुने भएकोले यस्तो प्रतिवेदन पेश भएपछि प्रदेश सभामा तत्काल पेश गरी छलफलको व्यवस्था हुनुपर्दछ ।

प्रदेश सरकारलाई संघ र स्थानीय तहबीच समन्वय कायम गरी वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकत्तम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने अवसर प्राप्त भएको छ । नेपालको संविधान बमोजिम आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरू, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको बाबजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

**महालेखापरीक्षक**

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्थाः** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य** : सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्ने तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानुनसम्मत एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्रः** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग र प्रदेश कार्यालयसमेत **१८३** निकायको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति** : लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरुलाई

जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ६१ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त ३९ निकायको प्रदेश एकल कोष खाताबाट छनौट गरिएका कारोवारको परीक्षण र न्यून जोखिमयुक्त ८३ निकायको सम्बन्धमा दूर लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तर्क्रिया :** महालेखापरीक्षकको २०७६/७७ को लेखापरीक्षणको सिलसिलामा प्रदेश नं. १ का सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरुसँग लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता र लेखापरीक्षण कार्यक्रम सम्बन्धमा भर्चुअल माध्यमबाट छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदन :** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१५ अनुसूची** रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौ, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७८।७९
च.नं.: ३९६

मितिः २०७८।५।३

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं. १, विराटनगर, मोरङ ।

विषयः प्रदेश संचितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले प्रदेश नं. १ प्रदेश संचितकोषको आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू (अनुसूची- १५) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान, आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानून बमोजिम सारभूत रूपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रूपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

१. प्रदेश संचितकोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.१ अर्ब २६ करोड ५१ लाख ५६ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ करोड ५५ लाख ८१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६९ करोड ४९ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.४१ करोड ४९ लाख १४ हजार र पेश्की बाँकी रु.८ करोड ९७ लाख ७ हजार रहेको छ ।

३. प्रदेश सरकारको लागि रु.८ अर्ब ५२ करोड ७८ लाख ३८ हजार सशर्त अनुदान, रु.७५ करोड ३८ लाख समपुरक अनुदान र रु ५४ करोड ५० लाख विशेष अनुदान समेत रु.९ अर्ब ८२ करोड ६६ लाख ३८ हजार अनुदान प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रु.२ अर्ब ८५ करोड ४६ लाख ३६ हजार बचत रहेको


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

छ । उक्त रकममध्ये रु.२ अर्ब ४७ करोड ४७ लाख ५२ हजार २०७७।१०।५ मा र रु.३७ करोड ९८ लाख ८३ हजार २०७८।३।२७ मा मात्र संघीय संचितकोष फिर्ता गरेको छ ।

४. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा कमी कमजोरी देखिएका छन्।

५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार बाँडफाँट गर्नुपर्ने सवारी साधन कर संकलन बापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने र सो मध्ये ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्रदेश विभाज्यकोषमा गत वर्षको रु.३ करोड ६९ लाख ७३ हजार समेत यो वर्षसम्म रु.१ अर्ब ३१ करोड ३४ लाख १३ हजार प्राप्त सवारी साधन कर मध्ये रु.२३ करोड ४१ लाख २० हजार बाँडफाँट गरेको छैन ।

६. वन रोयल्टी बापत रु.१५ करोड ८१ लाख १२ हजार संकलन भएकोमा संघले बाँडफाँट गर्ने गरी २०७७।४।७ मा महालेखा नियन्त्रक कार्यालयमा ट्रान्सफर गरेको छ ।

७. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन बमोजिम स्थानीय विभाज्य कोषबाट प्रदेश संचितकोषमा विज्ञापन कर बापत रु.१९ लाख ७२ हजार र दहत्तरबहत्तर बापत रु.१९ करोड ७५ लाख ६९ हजार प्राप्त गरेको छ । प्राप्त हुनुपर्ने रकमको अध्यावधिक विवरण तयार भएको पाइएन ।

८. प्रदेश सरकारको श्रोतबाट समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान तथा अन्तर सरकारी विशेष अनुदान रु.५ अर्ब ८२ करोड ४६ लाख ७४ हजार १३७ स्थानीय तहलाई हस्तान्तरण गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७७ आषाढ मसान्तसम्म स्थानीय तहले गरेको वास्तविक खर्च तथा फिर्ता गर्नुपर्ने रकम भिडान नगरी हस्तान्तरण गरेको सबै रकमलाई खर्चमा खुलासा गरेको छ । यथार्थ खर्चको विवरण लिई फिर्ता गर्नुपर्ने रकम प्रदेश संचितकोषमा दाखिला गर्नुपर्नेमा गरेको देखिएन ।

९. प्रदेश संचितकोषले देखाएको प्राप्ती तथा भुक्तानी विवरणमा प्रदेशको आन्तरिक श्रोत हिसाब मध्ये रु.१२ लाख ५७ हजार साट्न बाँकी चेक रहेकोमा पुनः आय लेखाङ्कन गरी हिसाब मिलान भएको देखिएन ।

१०. प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको एकीकृत प्रदेश धरौटी हिसाबमा श्रेस्ता तथा बैंक बीच रु.२ करोड ३० लाख २७ हजार फरक परेकोमा हिसाब मिलान नभएको अवस्था छ । त्यस्तै विविध तर्फको एकीकृत हिसाबमा लेखा हिसाब र बैंक बीच रु.३ करोड ४४ लाख ८ हजार फरक (ऋणात्मक) परेको हिसाब समेत मिलान भएको छैन ।

११. गत वर्षसम्म संचितकोषको मौज्दात रु.२ अर्ब ४२ करोड ७५ लाख ५ हजार रहेकोमा यो वर्ष संचित कोषको मौज्दात रु.१ अर्ब १३ करोड ५३ लाख ४१ हजारले ऋणात्मक भई गत वर्षको मौज्दातबाट मिलान गरेकोले यस वर्ष सम्मको संचितकोषको मौज्दात रु.१ अर्ब २९ करोड २१ लाख ६३ हजार रहेको छ । प्रदेश सरकारले २०७६।७७ मा विभिन्न ५ मन्त्रालयहरूले विनियोजन भन्दा चालु खर्च तर्फ रु.१२ करोड ७ लाख ८१ हजार र पूँजीगत खर्च तर्फ रु.७९ करोड ४८ लाख २९ हजार समेत रु. ९१ करोड ५६ लाख १० हजार बढी खर्च गरेका छन् । उक्त रकम समेत थप गर्दा यस वर्षको संचित कोष मौज्दात रु.२ अर्ब ५ करोड ९ लाख ५१ हजार ऋणात्मक हुने अवस्था देखिएको छ ।

१२. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । संचितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

## वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश संचितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभुत रूपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(ईश्वर नेपाल)
उप-महालेखापरीक्षक

# परिच्छेद -१
# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

(रु.हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम |
|---|---|---|---|
| १ | सरकारी कार्यालय | १६८ | ४२६३५२८२ |
| २ | समिति र अन्य संस्था | १५ | १९३५०५८ |
| | **जम्मा** | **१८३** | **४४५७०३४०** |

यो वर्ष प्रदेश मातहत १८३ निकायको रु.४४ अर्ब ५७ करोड ३ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण अनुसूची-१ (क) मा उल्लेख छ ।

१. **सरकारी निकायः** यो वर्ष प्रदेश मातहतका १६८ निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार तर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| क्र.सं. | कारोबार | २०७६।७७ को रकम |
|---|---|---|
| १ | विनियोजन निकासा | २९६४९३४८ |
| २ | राजस्व असुली | १०७०६२७६ |
| ३ | धरौटी आम्दानी | १३०३०८६ |
| ४ | अन्य कारोवार | ९७६५७२ |
| | **जम्मा** | **४२६३५२८२** |

*लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ ।*

२. **समिति र अन्य संस्थाः** यो वर्ष १५ समिति र अन्य संस्थाको रु.१ अर्ब ९३ करोड ५० लाख ५८ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण **अनुसूची - ४ र ५** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेस छ ।

- **प्रदेश सरकार बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्चः** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को यथार्थ र २०७६।७७ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

| शीर्षक/क्षेत्र | २०७५।७६ को यथार्थ | २०७६।७७ को | | |
|---|---|---|---|---|
| | | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु | ९७६४२५३ | १७८८९२५६ | ११९६६६४८ | ६६.८९ |
| पुँजीगत | ११४३८६७४ | २४२३११५४ | १७८६६५९६ | ७३.७३ |
| वित्तीय व्यवस्था | - | ८०००० | - | - |
| **जम्मा** | | ४२२००४१० | २९८३३२४४ | ७०.६९ |

४. **खर्चको स्थितिः** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको चालु र पूँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छ ।

(रु.हजारमा)

| सि.नं. | निकाय | वजेट | | यथार्थ खर्च | |
|---|---|---|---|---|---|
| | | चालु | पूँजिगत | चालु | पूँजिगत |
| १. | प्रदेश सभामुख र उपसभामुख | २८३० | - | २२२० | - |
| २. | प्रदेश लोकसेवा आयोग अध्यक्ष र सदस्य | २१४६ | - | १०३८ | - |
| ३. | प्रदेश सभा सचिवालय | २९८३२७ | ४२९१७ | १९६७३७ | २१४७१ |
| ४. | प्रदेश लोकसेवा आयोग | २०५३२ | २९४२० | ४६०६ | ९२७३ |
| ५. | मुख्य न्यायधिवक्ताको कार्यालय | २३११७ | ५००० | १३१६२ | ४६०७ |
| ६. | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय | ४५९३७२ | १३६४३० | ३५५०३९ | ६१५४५ |
| ७. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११७०२१८ | १७९५५० | ७६८१० | २२१६० |
| ८. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३३२४०८ | ८३१९३९ | १३७०८६ | ४६५३४१ |
| ९. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १६३२३८६ | २२०७९४३ | ११०४३७५ | ८९९२६९ |
| १०. | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ३७०३७०४ | २१२२३६ | १४११७९८ | १५०४५२ |
| ११. | भौतिक पुर्वाधार विकास मन्त्रालय | ७०४७६० | २१३३८५६७ | ५१७५६१ | १५९६४१०५ |
| १२. | सामाजिक विकास मन्त्रालय | ३४६२०४६ | ७४५३८२ | २३०२२९० | २६३८७२ |
| १३. | प्रदेश योजना आयोग | ५४०३६ | १८६८२ | १९२५२ | ४५०१ |
| १४. | अन्तर सरकारी वित्त हस्तान्तरण (स्थानीय तह) | ६०२३३७४ | - | ५८२४६७४ | - |
| | **जम्मा** | **१७८८९२५६** | **२५७४८०६६** | **११९६६६४८** | **१७८६६५९६** |

४.१. प्रदेश विनियोजनमा समावेश नभएको संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु.१ अर्ब ६१ करोड ६९ लाख १२ हजार समेत प्रदेश लेखा नियन्त्रक कार्यालयले अन्तिम बजेटमा समावेश गरेको छ ।

५. **स्रोतगत खर्चः** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारको २०७५।७६ र २०७६।७७ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| स्रोत | २०७५।७६ को यथार्थ | २०७६।७७ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | अनुमान | यथार्थ खर्च | |
| संघीय सरकार तर्फ | - | - | - | - |
| समानीकरण अनुदान | ३६६६२४४ | ८१६३३०० | ५८५६३८४ | ७१.७४ |
| सशर्त अनुदान | ६२१२११३ | ७०४४१०० | ६०५३०८५ | ८४.९३ |
| समपूरक अनुदान | ५५२३५९ | ४०००००० | २४८८८६९ | ६२.२२ |
| विशेष अनुदान | ५१५४११ | २०००००० | ६९७०५७ | ३४.८५ |
| प्रदेश सरकार तर्फः | १०२५६८०२ | २०९९३०१० | १४७३७८४९ | ७०.२० |
| **जम्मा** | | **४२२००४१०** | **२९८३३२४४** | **७०.६९** |

५.१. आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारको कुल खर्चको ५०.६० प्रतिशत संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदानबाट र ४९.४० प्रतिशत प्रदेश सरकारको श्रोतबाट व्यहोरेको छ ।

५.२. यो वर्ष चालुतर्फ रु.११ अर्ब ९६ करोड ६६ लाख ४८ हजार खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च रु.३२ लाख ५८ हजार रहेको छ ।

५.३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ अनुसार सवारी साधन कर बापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभाज्यकोषमा रहेको रु.२३ करोड ४१ लाख २० हजार बाँडफाँट गरेको छैन ।

५.४. कार्यसंचालन कोषमा गत बर्षको मौज्दात रु.२० करोड ४३ लाख ७२ हजार रहेकोमा यस बर्ष रु.८९ करोड १७ लाख ६३ हजार आम्दानी भएको छ । सो मध्ये रु.६३ करोड ६ लाख ३६ हजार खर्च भई रु.२६ करोड ११ लाख २७ हजार मौज्दात रहेको छ ।

६. **संघीय कार्यालयलाई अख्तियारी :** प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले संघीय सरकारका कार्यालयलाई रु.५५ करोड १५ लाख ८४ हजार बजेट उपलब्ध गराएको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोरा परिच्छेद-३ मा उल्लेख छ । यसको विवरण **अनुसुची - १३** मा समावेश छ।

७. **राजस्व असुली :** प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन रहेको छ । प्रदेश विनियोजन ऐन, २०७६ अनुसार यो वर्षको लागि रु.२० अर्व ९९ करोड ३० लाख १० हजार राजस्व प्राप्त हुने अनुमान गरेकोमा रु.१० अर्व ७० करोड ६७ लाख ५ हजार प्राप्त भई अनुमानको तुलनामा ५१ प्रतिशत असूली भएको छ। आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारले प्राप्त गरेको राजस्व असुली विवरण निम्नानुसार छः

(रकम रु.हजारमा)

| शीर्षक | राजस्व संकेत | वार्षिक लक्ष्य रकम | राजस्व असुली रकम | असुली प्रतिशत |
|---|---|---|---|---|
| कर राजस्व | ११००० | ११९८७७३२ | ९१२०९०२ | ७६.०९ |
| अन्य राजस्व | १४००० | २३८८९७५ | ११०५४८२ | ४६.२७ |
| बेरुजु/नगद मौज्दात | १५००० | ६६१६३०३ | ४८०३२१ | ७.२६ |
| | **जम्मा** | **२०९९३०१०** | **१०७०६७०५** | **५१** |

यसको विवरण **अनुसुचि** - ९ मा समावेश छ।

७.१. आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको आन्तरिक राजस्व रु.३ अर्ब ८४ करोड ९९ लाख १० हजार असुल गर्ने अनुमान गरेकोमा रु.२ अर्ब ९८ करोड ६० लाख ७२ हजार (७७.५६ प्रतिशत) असुल गरेको छ ।

८. **वित्तीय हस्तान्तरणः** आर्थिक बर्ष २०७६।७७ मा प्रदेश संचित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रु.हजारमा)

| श्रोत | बजेट रकम | निकासा रकम | निकासा प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | ९९९९९८ | ९९९९९७ | १०० |
| अन्तर सरकारी समपुरक | १५००००० | १४११५८७ | ९४.१० |
| सशर्त अनुदान | ३०२३३७६ | २९७१३८१ | ९८.२५ |
| विशेष अनुदान | ५००००० | ४४१७०९ | ८८.३४ |
| **जम्मा** | ६०२३३७४ | **५८२४६७४** | |

प्रदेश सरकारले यो बर्ष १३७ स्थानीय तहमा रु.५ अर्ब ८२ करोड ४६ लाख ७४ हजार हस्तान्तरण गरेको छ । हस्तान्तरित अनुदान मध्ये सशर्त अनुदानको हिस्सा सबैभन्दा बढी (५१.०८ प्रतिशत) रहेको छ ।

## परिच्छेद-२

# लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजुः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २ ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.१ अर्ब २६ करोड ५१ लाख ५६ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा रकम | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा बेरुजु रकम** | **१२५८९२७** | **६२२९** | **१२६५१५६** | **१००** |
| **१. असुल गर्नुपर्ने** | **६३०८१** | **२५००** | **६५५८१** | **५.१९** |
| **२. नियमित गर्नुपर्ने** | **११०७९५१** | **१९१६** | **११०९८६७** | **८७.७२** |
| • अनियमित भएको | ४१४७४२ | १६८ | ४१४९१० | ३२.७९ |
| • प्रमाण कागजात पेस नभएको | ६९३२१० | १७४४ | ६९४९५४ | ५४.९३ |
| • जिम्मेवारी नसारेको | - | - | - | - |
| • शोधभर्ना नलिएको | - | ४ | ४ | - |
| **३. पेस्की** | **८७८९४** | **१८१३** | **८९७०७** | **७.०९** |
| • कर्मचारी पेस्की | ५५२८ | १२१३ | ६७४१ | ०.५३ |
| • मोबिलाइजेसन पेस्की | ८२३६६ | | ८२३६६ | ६.५१ |
| • प्रतीतपत्र पेस्की | - | - | - | - |
| • संस्थागत पेस्की | | ६०० | ६०० | ०.०५ |

*बेरुजु वर्गीकरणको विवरण **अनुसूची-१० र ११** मा उल्लेख छ ।*

२. **अद्यावधिक बेरुजु :** गत वर्ष सम्म रू. १ अर्ब ६९ करोड ६१ लाख २९ हजार बेरुजु रहेकोमा यो वर्ष रू.४४ करोड ७० लाख २९ हजार सम्परीक्षण भई रू.१ अर्ब २४ करोड ९१ लाख बाँकी रहेको र यो वर्ष रू.१ अर्ब २६ करोड ५१ लाख ५६ हजार थप भई जम्मा बेरुजु रू. २ अर्ब ५१ करोड ४२ लाख ५६ हजार कायम भएको छ ।

(रु.हजारमा)

| क्र.सं. | विवरण | गत वर्ष सम्मको | यो वर्षको थप | जम्मा बेरुजु रकम |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारी निकायको बेरुजु | १२४४१९५ | १२५८९२७ | २५०३१२२ |
| २ | समिति तथा अन्य संस्था | ४९०५ | ६२२९ | १११३४ |
| | **जम्मा** | **१२४९१००** | **१२६५१५६** | **२५१४२५६** |

यस सम्बन्धी विवरण **अनुसूची -१२** मा रहेको छ ।

**३. बेरुजु विश्लेषण** : प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी सम्बन्धीत लेखाउत्तरदायी अधिकृतको हुने, औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रकृया पूरा गर्दासमेत २०७६।७७ को बेरुजु फर्स्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची**-**१४** मा समावेश गरिएको छ ।

३.२. प्रदेश मातहतका सरकारी कार्यालय १६८ को लेखापरीक्षण गरेकोमा ५६ कार्यालय (३३.३४ प्रतिशत) मा बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था १५ मध्ये १० निकायमा लगती बेरुजु देखिएको छ ।

३.३. प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समिति समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | | कुल बेरुजुको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | भौतिक पुर्वाधार विकास मन्त्रालय | १९१७०२४३ | ३६४२३ | ६५७५३४ | ६८२९६ | **७६२२५३** | ६०.३४ | ३.९८ |
| २. | सामाजिक विकास मन्त्रालय | ४५९४४०७ | ८१८० | २२६०७९ | ४८९१ | **२३९१५०** | १८.९ | ५.२० |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २६२७४८१ | १०३५१ | १२७६१० | २२०२ | **१४०१६३** | ११.०७ | ५.३३ |
| ४. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १६०३२४४ | ५८३२ | ५३६३४ | ४०५ | **५९८७१** | ४.७३ | ३.७३ |
| ५. | प्रदेश व्यवस्थापिका सचिवालय | २२२१२६ | ११७१ | २२२३२ | - | **२३४०३** | **१.८४** | १०.५३ |
| ६. | अन्य मन्त्रालय/निकाय | १६३५२८३९ | ३६२४ | २२७७८ | १३९१३ | **४०३१६** | **३.१२** | ०.२४ |
| | जम्मा | **४४५७०३४०** | **६५५८१** | **११०९८६७** | **८९७०७** | **१२६५१५६** | **१००** | **२.८४** |

सरकारी कार्यालयतर्फ भौतिक पुर्वाधार विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, सामाजिक विकास मन्त्रालय दोस्रो, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तेस्रो तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय चौथो नम्बरमा रहेका छन् ।

३.४. प्रदेश मातहतका सरकारी कार्यालय ११२ को १ हजार ८७६ दफा बेरुजु देखिएकोमा १७४ दफा फर्स्यौट भई १ हजार ७८ दफा सैद्धान्तिक र ६२४ दफा लगती बेरुजु कायम भएको छ ।

३.५. लेखापरीक्षणबाट सरकारी कार्यालय, समिति र अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.३३ लाख १८ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.३९ करोड १० लाख ६६ हजार र सम्परीक्षणको क्रममा रु. ७६ लाख ८७ हजार समेत रु.४० करोड २० लाख ७१ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसुची-७** मा छ ।

३.६. प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.९० करोड ४१ लाख ७० हजार बाँकी रहेकोमध्ये रु.२४ करोड २७ लाख ५३ हजार (२६.८५ प्रतिशत) फस्यौंट भई बाँकी रु.६६ करोड १४ लाख १७ हजार र यो वर्ष थप रु.२ अर्ब ९५ करोड ४० लाख ६६ हजार समेत कुल पेस्की रु.३ अर्ब ६१ करोड ५४ लाख ८३ हजार बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद ननाघेको पेस्की रु.२ अर्ब ८६ करोड ६१ लाख ७२ हजार र म्याद नाघेको पेस्की रु.८ करोड ७८ लाख ९४ हजार रहेको छ । सोमध्ये कर्मचारीतर्फ रु.१ करोड ८७ लाख ६ हजार (०.५२ प्रतिशत), मोबिलाइजेशनतर्फ रु.३ अर्ब ५० करोड ६ लाख ३९ हजार (९६.८२ प्रतिशत) र अन्य पेस्की रु.९ करोड ६१ लाख ३८ हजार (२.६६ प्रतिशत) रहेको छ ।

त्यस्तै समिति, अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.२ लाख ३७ हजार बाँकी रहेकोमा रु.४२ हजार (१७.७२ प्रतिशत) फस्यौंट भई बाँकी रु.१ लाख ९५ हजार र यो वर्ष थप रु.१८ लाख १३ हजार समेत कुल पेस्की रु.२० लाख ८ हजार बाँकी रहेको छ । सोमध्ये कर्मचारी रु.१३ लाख ८ हजार (६५.१४ प्रतिशत), मोबिलाइजेशनतर्फ रु.४२ हजार (२.०९ प्रतिशत) र अन्य पेस्की रु.६ लाख ५८ हजार (३२.७७ प्रतिशत) रहेको छ । पेस्की बाँकीको अध्यावधिक विवरण **अनुसूची ६** मा रहेको छ ।

३.७. सरकारी कार्यालय, समिति तथा अन्य संस्था तर्फ ३६ निकायको रु.५७ लाख १ हजार अग्रिम कर कट्टी नगरेकोमा १ निकायको रु.१० हजार असूल भई रु.५६ लाख ९१ हजार बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-८** मा उल्लेख छ ।

३.८. प्रदेश कार्यालय र अन्य संस्था तथा समितितर्फ यो वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः ।

(रु.हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत | पेस्की बाहेकको बेरुजु | पेस्की बाहेकको बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| २०७५ | ६५६८९५ | २२३४२ | ३.४० | २२२२६ | ३.३८ |
| २०७७ | ३४६६४८९७ | १६७३९२६ | ४.८२ | ७६९५२९ | २.२१ |
| २०७८ | ४४५७०३४० | १२६५१५६ | २.८४ | ११७५४४९ | २.६४ |

# परिच्छेद —३
# लेखापरीक्षणबाट देखिएका व्यहोरा

## लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **लेखापरीक्षण वक्यौता :** प्रदेश सरकार अन्तर्गतको २ निकायको विनियोजन रु.१८ करोड ३८ लाख ९६ हजार, राजस्वतर्फको रु.४ लाख २९ हजार र धरौटी तर्फको रु.२ करोड ७४ लाख ८६ हजार समेत रु.२१ करोड १८ लाख ११ हजारको लेखापरीक्षण वक्यौता रहेको छ । विस्तृत विवरण **अनुसूची-३** मा उल्लेख छ ।

२. **कानुन निर्माणः** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पास गराउनु पर्दछ । आर्थिक वर्ष २०७६।७७ सम्म ६६ कानुन मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृत भएको मध्ये ४९ विधेयक प्रदेश सभामा पेश भएको छ । पेश भएको मध्ये ४२ कानुन प्रदेश प्रमुखबाट प्रमाणिकरण भएका छन् । मन्त्रिपरिषदबाट १९ नियमावली, २३ कार्यविधि, १० निर्देशिका, मापदण्ड १, गठन आदेश १ पारित गरी जारी भएका छन् । आवश्यक कानुनको पहिचान गरी समयमै कानुन निर्माण गर्नुपर्दछ ।

३. **संगठन र कर्मचारी व्यवस्थापनः** प्रदेशमा अन्तर्गत ७ मन्त्रालय, २ संबैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत कुल ३ हजार ८८२ दरबन्दी स्वीकृत रहेकोमा २ हजार ४७० अर्थात ६३.६२ प्रतिशत मात्र पदपूर्ति भएको छ । दरबन्दी बमोजिम पदपूर्ती गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

४. **कार्यालय स्थापनाः** सडक निर्माण तथा पुर्वाधार सम्वन्धी कार्य गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पुर्वाधार बिकास कार्यालय एवं प्रादेशिक बिशेष सडक आयोजना कार्यालय स्थापना गरेको छ । साविकमा जिल्लास्तरमा रहेका बिषयगत कार्यालयहरू स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्य, शहरी विकास तथा भवन कार्यालय लगायतका १७० कार्यालय स्थापना गरेको र १ कार्यालय खारेज गरेको छ । केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरू प्रदेश सरकारले पुनः स्थापना गरेको छ ।

५. **बजेट कार्यान्वयन :** प्रदेश अर्थमन्त्रीले प्रत्येक वर्ष आषाढ महिनाको १ गते राजस्व संकलन, मध्यमकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीतिगत व्यवस्थासहितको बजेट अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ को आय व्ययको अनुमान २०७६ आषाढ १ गते प्रदेश सभामा पेश भएको देखिन्छ । प्रदेश सरकारको २०७६।७७ को वार्षिक बजेट र सोको कार्यान्वयनस्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

५.१. आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कर बस्तु तथा सेवामा आधारित कर, मूल्य अभिबृद्धि कर, अन्तशुल्क, पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर, प्रशासनिक सेवा शुल्क, अन्य राजस्व सहित रु.३ अर्ब ८४ करोड ९९ लाख १० हजार असुल गर्ने अनुमान गरेकोमा रु.२ अर्ब ९८ करोड ६० लाख ७२ हजार आन्तरिक आम्दानी गरेको छ । यस आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहित प्रदेश सरकारको आम्दानी रु.२८ अर्ब ६९ करोड ६६ लाख ४५ हजार रहेकोमा रु.२९ अर्ब ८३ करोड ३२ लाख ४४ हजार खर्च भएकोले रु.१ अर्ब १३ करोड ५३ लाख ४१ हजार ऋणात्मक देखिएको छ ।

५.२. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७६/७७को लागि रु.४२ अर्व २० करोड ४ लाख १० हजार बजेट विनियोजन भएको मध्ये रु.२९ अर्व ८३ करोड ३२ लाख ४४ हजार (७०.६९ प्रतिशत) खर्च भएको छ । खर्च मध्ये चालु तर्फ ४०.११ प्रतिशत तथा पुँजिगत तर्फ ५९.८९ प्रतिशत रहेको छ । उक्त खर्चमा प्रदेश सरकारको रु.१४ अर्व ७३ करोड ७८ लाख ४८ हजार (४९.४० प्रतिशत) र संघीय सरकारको अनुदान रु.१५ अर्व ९ करोड ५३ लाख ९५ हजार (५०.६०प्रतिशत) रहेको छ।

५.३. प्रदेश सरकारको आर्थिक वर्ष २०७६।७७ को आय व्यय अनुमानमा प्रदेश पर्यटन बोर्ड, परियोजना बैंक, जडिबुटी कम्पनी स्थापना, सुरक्षित मुद्रण प्रेश स्थापना, प्रशासनिक संगठन तथा दरबन्दी संरचना पुनरावलोकन, भुमीबैंक स्थापना, कृषि अनुसन्धान केन्द्र, प्रदेश खेलकुद परिषद र चिकित्सा कोष स्थापना गर्ने उद्देश्य रहेकोमा स्थापना भएको देखिएन । कार्यान्वय गर्न सकिने विषयहरूमात्र बजेटमा समावेश गर्नुपर्दछ ।

५.४. प्रदेशको बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आवधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रूपमा अङ्गीकार गर्नुपर्ने व्यवस्था छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७६।७७ को बजेट तर्जुमा गर्दा मध्यमकालिन खर्च संरचनालाई आधार लिएको देखिएन ।

६. **सवारी साधन खरिदः** प्रदेश सभा सचिवालय, लोक सेवा आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यन्यायाधिवक्ताको कार्यालय, मन्त्रालयहरू तथा मातहत निकाय, योजना आयोग समेतले सवारी साधन खरिदमा विगत दुई वर्षमा रु.७६ करोड ७४ लाख १ हजार खर्च गरेका छन् ।

७. **कोष दाखिलाः** संघबाट प्राप्त सर्शत, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धीत प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत संघीय संचित कोषमा दाखिला गर्ने व्यवस्था छ । मन्त्रालयले मातहत कार्यालयलाई दिएको सर्शत अनुदानबाट खर्च भई बाँकी रहेको रु.२ अर्व ८५ करोड ४६ लाख ३६ हजार मध्ये २०७७।१०।५ मा रु.२ अर्व ४७ करोड ४७ लाख ५२ हजार र २०७८/३/२७ मा रु.३७ करोड ९८ लाख ८३ हजार संघीय संचित कोष फिर्ता गरेको छ ।

८. **क्षेत्रगत उपलब्धिः** बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेकोमा आइपरेका समस्या र कारण उल्लेख गर्नुपर्ने र प्रत्येक महिनाको ७ गते भित्र प्रगति विवरण तयार गरी पठाउनु पर्नेमा पठाएको देखिएन ।

९. **दिगो विकास लक्ष्यः** सन २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता पुरा गर्नेको लागि सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुनुपर्दछ । प्रदेश सरकार प्रदेश नं. १ ले आफ्नो प्रथम आवधिक योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्य र सूचकहरूलाई स्थानीयकरण गरी प्रदेश स्तर र स्थानीय तहको योजनामा मूल प्रवाहीकरण गरी सोही अनुसार कार्यान्वयन गर्ने उल्लेख छ । प्रदेश सरकारले स्वीकृत गरी लागु गरेको प्रदेश स्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६ को अनुसूची-३ मा दिगो विकासका लक्ष्य तथा परिणात्मक लक्ष्यहरूलाई प्रदेश तहमा स्थानीयकरण गरी दिगो विकासका १७ वटै लक्ष्यलाई कार्यान्वयन गर्न संघीय सरकारको समन्वयमा प्रदेश सरकारले आवश्यक संस्थागत संरचना निर्माण गर्ने उल्लेख भएतापनि संस्थागत संरचना निर्माण भएको पाइएन ।

१०. **सम्पत्ति व्यवस्थापन :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३(७) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गर्ने तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुलउपर गर्ने कार्य भएको छैन । कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

११. **एकीकृत आर्थिक विवरण :** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ८६(च) मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेशका कुनै पनि मन्त्रालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गरेका छैनन् । तोकिएको समयमा आर्थिक विवरण पेश हुनुपर्दछ ।

१२. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन प्रचलित कानुनबमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने र दफा २९ मा आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अनुगमनका लागि सम्बन्धीत निकायको लेखाउत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्ने व्यवस्था छ । ऐनमा उल्लिखित प्रावधान अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन नभएकोले कार्यान्वयन गर्नुपर्दछ ।

१३. **सेवा प्रवाह :** सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर देखिएको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयहरूले सार्वजनिक सेवाको न्यूनतम मापदण्ड निर्धारण गरी सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी मापन तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण प्रदेश सरकारको सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

१४. **वित्तीय जवाफदेहिता :** मन्त्रालयहरूको संस्थागत व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता पालनासम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणाली उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, एकद्धार सेवा प्रणाली कार्यान्वयनमा नआएको, सेवाको गुणस्तर सुधारको लागि उपयूक्त उपायको अबलम्बन नगरेको तथा सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर परीक्षणको स्थिति कमजोर रहेको छ । वित्तीय व्यवस्थापनको उत्तरदायित्व स्तर सुधार गर्नुपर्दछ ।

१५. **वार्षिक नीति तथा कार्यक्रम :** प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लिखित शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वन, वातावरण संरक्षण, सरसफाई र खानेपानी, पर्यटन,जलस्रोत तथा उर्जा, गरिवि तथा वेरोजगारी, युवा तथा खेलकुद, आवास तथा भौतिक पुर्वाधार,सिंचाई र नदी नियन्त्रण, शान्तिसुरक्षा, सुशासन, सामाजिक न्याय, सुरक्षा, सद्भाव, संस्कृति र एकता जस्ता प्रदेशले लिएका नीति अनुरूप सम्बन्धीत विषयगत मन्त्रालयले प्रगति प्रतिवेदन तयार गरेको देखिएन । वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा २०७६ फाल्गुनमा समीक्षा गरेको र खर्चको प्रभावकारीता वृद्धिको लागि

विभिन्न मन्त्रालय तथा विभागहरूमा खर्च हुन नसक्ने रकमलाई चैत्र मसान्त्र भित्र समर्पण गर्न लगाउने, चैत्र १५ गते पश्चात नयाँ बोलपत्र आह्वान नगर्ने र संघबाट सशर्त र विशेष अनुदान प्राप्त नभएका कार्यक्रमहरू हटाउनु पर्ने निर्णय गरेको भएतापनि सो अनुसार कार्यान्वयन गरेको पाइएन ।

१६. **निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीय वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष पुर्वाधार विकास कार्यालय मोरङ तथा उदयपुर, शहरी विकास तथा भवन कार्यालय मोरङ, जलश्रोत तथा सिंचाई विकास डिभिजन मोरङ, ताप्लेजुङ, भोजपुर, सुनसरी, पाँचथर, भुमिगत जलश्रोत तथा सिंचाई कार्यालय मोरङ, पर्यटन विकास आयोजना मोरङ तथा जलाधार व्यवस्थापन कार्यान्वयन इकाईले २७९ उपभोक्ता समितिमार्फत निर्माण कार्य गराई रु.१ अर्ब ५९ करोड ७३ लाख ३१ हजार भुक्तानी दिएका छन् । उपभोक्ता समितिबाट निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरेको छैन । जटील प्रविधिको आबश्यक पर्ने पुर्वाधार संरचना निर्माण कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत गराउनु पर्नेमा उपभोक्ता समितिहरू मार्फत गरेको नियम सम्मत देखिएन ।

१७. **ठेक्कापट्टा व्यवस्थापनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २१ मा लागत अनुमान स्वीकृत र ठेक्का बन्दोबस्त सम्बन्धी कार्य प्रथम चौमासिक अवधि भित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका पुर्वाधार विकास कार्यालय, शहरी विकास तथा भवन कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन, खानेपानी तथा सरसफाई डिभिजन, वन कार्यालय समेत १० कार्यालयले ६२६ ठेक्का बन्दोवस्त गरेको मध्ये प्रथम चौमासिक अवधिमा २८ मात्र ठेक्का बन्दोबस्त सम्बन्धी कार्य पुरा गरेको र अधिकांश ठेक्का तेश्रो चौमासिकमा गरेकोले काम पुरा नभई पछिल्लो वर्ष सारेको अवस्था देखिएको छ । नियमको व्यवस्था अनुसार तोकिएको चौमासिक भित्र ठेक्का बन्दोबस्त गर्नुपर्दछ ।

१८. **सिधै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । यस वर्ष ४ मन्त्रालय र ६ कार्यालयले रु.१ करोड ३९ लाख ५७ हजारको निर्माण, मर्मत सम्भार, फर्निचर तथा कार्यालय सामान प्रतिस्पर्धा बेगर सिधै खरिद गरेका छन । खरिद नियमको पालना गर्नुपर्दछ ।

१९. **चौमासिक खर्चः** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम २१ मा कार्यालयलाई प्राप्त बजेट खर्चको अख्तियारीबाट कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत कार्यक्रमको चौमासिक बाँडफाँटको आधारमा गर्नुपर्ने व्यवस्था छ। प्रदेश अन्तर्गतका ११ कार्यालयहरूले पूँजिगत बजेट तोकिएको चौमासिक बमोजिम खर्च नगरी आषाढ महिनामा १९.२५ प्रतिशत देखि ५८.६८ प्रतिशत सम्म खर्च गरेकोले चौमासिक लक्ष्य अनुसार सन्तुलित रूपमा बजेट खर्च गरी अपेक्षित उपलब्धी हासिल गर्नुपर्दछ ।

२०. **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा लागत अनुमानमा रहेको कन्टिन्जेन्सी रकम खर्च गर्दा सम्बन्धीत मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई वर्कचार्ज, स्टाफ खर्च र सानातिना अन्य खर्च गर्नुपर्ने व्यवस्था छ । प्रदेश मन्त्रिपरिषदको २०७६।२।५ को निर्णयअनुसार कन्टिन्जेन्सी रकम ३ प्रतिशत कार्यालयले र बाँकी २ प्रतिशत खर्च

गर्दा सम्बन्धीत मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा कन्टिन्जेन्सी रकम ४ प्रतिशतमात्र हुने व्यवस्था भएकोमा प्रदेश सरकारले ५ प्रतिशत छुट्याउने निर्णय गरेको छ । नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यालयहरूले वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च देखिने गरी अभिलेख तयार गरेका छैनन् । शहरी विकास तथा भवन डिभिजन कार्यालय ईलामले रु.५२ लाख ९५ हजारको सवारी साधन कन्टिन्जेन्सीबाट खरिद गरी अन्य कार्यालयलाई उपलब्ध गराएको छ । शहरी विकास तथा भवन कार्यालय मोरङले अन्य कार्यालयको निर्माण सम्बन्धी काममा रु.१४ लाख खर्च गरेको र पर्यटन विकास आयोजना मोरङले ७ थान मोटरसाइकल रु.१६ लाख ५० हजारमा खरिद गरी खर्च गरेका छन् । कन्टिन्जेन्सी रकम तोकिएको आधारमा मात्र खर्च गर्नुपर्दछ ।

२१. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा समायोजन ग्रेडको व्यवस्था रहेको पाइएन । आन्तरिक मामिला तथा कानुन मन्त्रालय बाहेकका ११ निकाय तथा मन्त्रालय र मातहतका कार्यालयले ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई ग्रेड थप गरी रु.२ करोड ३६ लाख ३१ हजार बढी भुक्तानी गरेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

२२. **आन्तरिक लेखापरीक्षणः** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ९७ मा प्रदेशस्थित सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट लागु गरेको आन्तरिक लेखापरीक्षण निर्देशिका अनुरुपको कार्यविधि अपनाई चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गर्दा प्रदेश अन्तर्गतका कार्यालयमा असुल गर्नुपर्ने वेरुजु रु.६ करोड ५५ लाख, नियमित गर्नुपर्ने वेरुजु रु.१ अर्ब १० करोड ९९ लाख देखिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आन्तरिक लेखापरीक्षण हुँदा असुल गर्नुपर्ने रु.८५ लाख नियमित गर्नुपर्ने रु.१ अर्ब १० करोड ४७ लाख वेरुजु औंल्याएको छ । आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी तुल्याउनु पर्दछ ।

## कोभिड-१९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा

२३. **जोखिम मूल्याङ्कन -** प्रदेश सरकारले स्वीकृत गरेको कोभिड-१९ को परीक्षण कार्य योजनामा जोखिमयुक्त समुहको वर्गीकरण गरी अति उच्च जोखिम, उच्च जोखिम र सामान्य जोखिमको आकलन गरेको छ । भारत हुँदै नेपाल प्रवेश गर्ने व्यक्तिहरू, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालकहरू जिम्मेवारीमा खटिएका सुरक्षाकर्मी, नियमित रुपमा दोबाटो चौबाटोमा लाग्ने हाटबजार, व्यापारीहरू अति उच्च जोखिममा राखेको छ । उक्त जोखिम व्यक्तिको सम्पर्कमा रहने व्यक्तिहरू, संक्रमित व्यक्तिको वासस्थान तथा हिडडुल गरेका व्यक्तिहरू, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीसँग सम्पर्कमा रहेका अन्य व्यक्ति तथा परिवारजन र सञ्चारकर्मीलाई उच्च जोखिममा राखेको छ । उक्त दुई समुह बाहेकका सबैलाई सामान्य जोखिममा आंकलन गरेको छ । प्रदेश अन्तर्गतका सुनसरी, मोरङ, झापा र उदयपुरलाई अति उच्च जोखिम, इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ र ओखलढुंगा उच्च जोखिम तथा ताप्लेजुङ र सोलुखुम्बुलाई सामान्य जोखिम जिल्लामा वर्गीकरण गरेको छ । यस बाहेक भारतीय नाका हुँदै दैनिक २५ हजार नागरिक भित्रिने अनुमान गरेको छ ।

जिल्लागत रुपमा कुल जनसंख्यामध्ये अति उच्च जोखिममा १ प्रतिशत, उच्च जोखिममा ०.७५ प्रतिशत र सामान्य जोखिममा ०.५ प्रतिशत जनसंख्याको स्वाब परीक्षण गर्ने, सोको आधारमा प्रदेश मातहतका ४५ लाख ४४ हजार ७९६ जनसंख्यामध्ये प्रदेशस्तरका परीक्षण स्थलहरूको क्षमता विस्तार गरी प्रतिदिन ९०० का दरले पिसिआर परीक्षण गर्ने र ४६ दिनसम्ममा ४० हजार ६१९ जनाको स्वाब परीक्षणको लक्ष्य राखेको छ । तर सो अनुरुप परीक्षण गरेको देखिएन ।

२४. **पूर्व तयारी -** प्रदेश सरकारले स्थानीय व्यक्तिमा भाइरसको संक्रमण भएसँगै महामारीको रुपमा फैलिन सक्ने अवस्थालाई दृष्टिगत गरी यसको पूर्वतयारी र व्यवस्थापनका लागि सम्बन्धित निकायहरूको स्पष्ट जिम्मेवारी र कार्य विवरण तोक्नुपर्ने हुन्छ । कोरोना संक्रमण नियन्त्रणका लागि जिम्मेवार निकाय, सहयोगी निकाय, स्रोत साधन, समयावधि र अनुगमन मूल्याङ्कन गर्ने निकाय सहित २३ बुँदे "नोभल कोरोना भाइरसको परिचय तथा रोकथाम, प्रतिरक्षा र उपचार व्यवस्था सम्बन्धी प्रदेश सरकारको कार्ययोजना तर्जुमा गरी मन्त्रिपरिषद्बाट स्वीकृत गरेको छ । कार्य योजनामा जनचेतना र सूचना सम्प्रेषण, अन्तर्राष्ट्रिय नाका र विमानस्थलमा हेल्थडेक्सको स्थापना, शंकास्पद व्यक्तिको स्क्यानिङ डेक्सबाट क्वारेन्टिन र आइसोलेशन स्थलसम्म पुऱ्याउने, नाकाहरूमा स्वास्थ्यकर्मी परिचालन गर्ने, औषधि र उपकरणको भण्डारण तथा ढुवानी व्यवस्था, आइसोलेशन वेडको व्यवस्था, एम्वुलेन्स सेवा, नमूना संकलन र परीक्षण, फोहर व्यवस्थापन र शव व्यवस्थापनको लागि जनशक्ति व्यवस्थापनका विषयहरू समावेश गरेको छ । सोही कार्य योजनाले मुख्यमन्त्रीको अध्यक्षतामा निर्देशक समिति, प्रमुखसचिवको अध्यक्षतामा कार्यान्वयन समिति र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्तरीय कार्यान्वयन समितिको व्यवस्था गरेको छ । कार्य योजना तयार गरिएपनि क्वारेन्टिन तथा आइसोलेसन केन्द्रको पर्याप्त व्यवस्थापन, कन्ट्र्याक्ट ट्रेसिङ्ग र अन्तर्राष्ट्रिय नाका अनुगमन पूर्वाधारको व्यवस्था र खोजपडतालका काम कारवाही सञ्चालन एवं लक्ष्य अनुसार स्वाव परीक्षण गर्न सकेको देखिएन ।

२५. **कोरोना जनसुरक्षा कोष एवं खर्च -** यस कोषमा यस वर्ष प्रदेश सरकारबाट रु.२५ करोड, सघीय सरकारबाट रु.४ करोड, बैंक तथा वित्तीय संस्थाबाट रु.१ करोड ८६ लाख ९ हजार, प्रदेश पदाधिकारी र कर्मचारीबाट रु.१ करोड ७७ लाख, उद्योग व्यवसायीबाट रु.१ करोड ७४ लाख ८० हजार र अन्य संस्था र व्यक्तिबाट रु.२८ लाख ८१ हजार समेत रु.३४ करोड ६६ लाख ७० हजार प्राप्त भएको छ। उक्त कोरोना जनसुरक्षा कोषबाट प्रदेशका मन्त्रालय, स्थानीय तह, अन्य सुरक्षा निकाय तथा जिल्ला समन्वय समिति समेतबाट खर्च गर्ने गरी रु.२० करोड ७१ लाख ४२ हजार निकासा दिएको छ । निकासा मध्ये मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सूचना सम्प्रेषण तथा जनचेतना सम्बन्धी कार्यको लागि सञ्चार माध्यमहरूलाई उपलब्ध गराउने गरी रु.५० लाख, सामाजिक विकास मन्त्रालय मार्फत अस्पताल सञ्चालन, आइसोलेशन केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन, स्वास्थ्य सामग्री तथा उपकरण खरिद, कोरोना परीक्षण, उपचार व्यवस्था, स्वास्थ्य सामग्री ढुवानी, स्वास्थ्यकर्मी र संक्रमित व्यक्तिहरूको खाना, खाजा लगायतको लागि रु.२ करोड ४९ लाख र भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत कोशी कोभिड अस्पताल केन्द्र निर्माण कार्यको लागि रु.२ करोड खर्च गरेको छ । यसैगरी सामाजिक विकास मन्त्रालयबाट यस वर्ष रु.४ करोड ८१ लाख खर्च गरेको छ भने सङ्घीय सरकारको थप निकासा रु.२ करोड ७० लाख समेत खर्च गरेको देखियो । यसरी कोभिड-१९ प्रयोजनको लागि यस प्रदेशले कुल रु.२८ करोड २२ लाख खर्च गरेको देखिन्छ । तथापि सबै खर्च एकीकृत नभएकाले यथार्थ खर्च यकिन हुने अवस्था छैन ।

२६. **विशेष अस्पताल र आइसोलेशन केन्द्र -** कोभिड-१९ प्रदेश निर्देशन समितिको २०७६।१२।७ को निर्णयानुसार साविक नेशनल ट्रेडिङ लिमिटेडको खाली भवनमा न्यूनतम १० भेन्टिलेटर सहित कुल ५० शय्या क्षमता रहेको कोशी कोभिड अस्पताल स्थापना गरी सञ्चालन हुँदै आएको छ । उक्त अस्पतालमा २०७७ आषाढ मसान्तसम्म १३७ बिरामीले उपचार सेवा पाएका छन् । चिकित्सक १६ नर्स ३ र अन्य स्वास्थ्यकर्मी कोशी अस्पतालबाट काजमा खटाई कार्य गराएकोमा उक्त अस्पतालमा बिरामी चाप बढ्दै जाँदा जनशक्ति र पूर्वाधारको अभाव रहेको छ । यो वर्ष स्वास्थ्य कार्यालय मोरङबाट खरिद गरी पठाएका रु.३५ लाख ५६ हजारका मालसामान, प्रदेश प्रयोगशालाबाट खरिद गरी पठाएका रु.१२ लाख २७ हजारको उपकरण, सामाजिक विकास मन्त्रालयबाट खरिद गरी पठाएका रु.६९ लाख ८८ हजार मूल्यका उपकरण र अन्य सामग्री रु.१ करोड १७ लाख ७१ हजारको जिन्सी अभिलेख तयार गरेको छैन । ती उपकरण र अन्य सामग्रीहरू अस्पतालको जिन्सी खातामा आम्दानी गर्नुपर्दछ ।

२७. **क्वारेन्टिन र होल्डिङ्ग सेन्टर -** प्रदेशका १४ जिल्लाका ४५२ स्थानमा १२ हजार २५५ वेड क्षमताका क्वारेन्टिन सञ्चालनमा रहेको थियो । क्वारेन्टिनस्थलमा २०७७।३।१८ सम्म ४५८ महिला र १ हजार ८९१ पुरुष गरी २ हजार ३४९ जना शंकास्पद बिरामी राखेको देखियो । प्रदेश सरकारले इलाम, झापा, मोरङ र सुनसरी जिल्लाका २४ स्थानमा २ हजार ९७२ बेड क्षमताका होल्डिङ सेन्टरहरू सञ्चालन गरेकोमध्ये सुनसरीको १ स्थानलाई तेस्रो मुलुकबाट आएकाहरूको लागि छुट्याएको छ । क्वारेन्टिन होल्डिङ्ग सेन्टरमा पूर्वाधार पर्याप्त नभएकोले व्यक्तिहरू बस्न नमानेको एवं एकै पटक धेरै संख्यामा नागरिकहरू प्रवेश गरेकोले व्यवस्थापन गर्न कठिनाई परेको देखियो । सीमा नाकामा पर्याप्त अनुगमनको लागि पूर्वाधार एवं जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२८. **स्वास्थ्य सामग्री खरिद तथा प्राप्ति -** प्रदेश सरकारले खरिद गरेको, नेपाल सरकार, स्वीस तथा चीन सरकारको सहयोग लगायत विभिन्न सरकारी र गैर सरकारी संघ संस्थाहरूमा २०७७।३।१८ सम्म प्राप्त पि.पि.ई १ हजार ५१८ थान, एन-९५ मास्क २२ हजार ५०४, मास्क ५ लाख ९५ हजार ५३५ पिस, बडी व्याग ९८ थान, पोर्टेवल भेन्टिलेटर ३ थान, पिसिआर परीक्षण मेसिन १, आई.आर. थर्मोमिटर १ हजार ६०५ थान, पिपिई गाउन ६६ हजार ७२९ थान, सर्जिकल ग्लोव ३५ हजार ५९८, आरडिटि किट १५ हजार ५६० थान, भिटिएम १९ हजार २०० थान, पिसिआर किट १० हजार थान प्राप्त गरेको विवरणबाट देखिएको छ । खरिद एवं सहयोग प्राप्त स्वास्थ्य सामग्रीको अभिलेख राखी उपयोग गर्नुपर्दछ ।

२९. **पिसिआर परीक्षण स्थान र क्षमता -** प्रदेश सरकारको परीक्षण कार्य योजनामा परीक्षण गर्ने स्थान समेत तोकि वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा ३००, कोशी अस्पताल विराटनगरमा १५०, तथा प्रादेशिक प्रयोगशाला विराटनगरमा १५० नमूना परीक्षण स्थल तोकेको छ । कार्ययोजना अनुसार जोखिम वर्गीकरणको आधारमा कूल जनसंख्या मध्ये ४० हजार ६१९ को परीक्षण गर्नुपर्ने सो प्रयोजनको लागि ५२ हजार ८०५ भी.टी.एम. कीट आवश्यक रहने उल्लेख छ । सोको लागि दैनिक परीक्षण ९०० नमूनाको आधारमा ४६ दिनको कार्य लक्ष्य तय गरेकोमा प्रदेश अन्तर्गतका परीक्षण ल्यावको क्षमता दैनिक ६०० मात्र रहेको कारण लक्ष्य अनुसार परीक्षण हुन सकेको देखिएन । फलस्वरुप संक्रमण रोकथाम नियन्त्रणमा असर परेको छ ।

३०. **प्रयोगशाला सञ्चालन** - प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई मेसिन, उपकरण तथा रिएजेन्ट खरिद कार्यको लागि २०७६।७७ मा रु. ४ करोड ५० लाख बजेट विनियोजन भएकोमा खरिद प्रकृया ढिलो सुरु गरेकोले प्रयोगशाला सञ्चालनमा आएको पाइएन । कोभिड-१९ को महामारी फैलिएको बेला समयमा खरिद कार्य नगरी प्रयोगशाला सञ्चालन नहुँदा संक्रमण रोकथाम एवं नियन्त्रणमा असर परेको छ ।

३१. **दोहोरो जोखिम भत्ता** - नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।१२।९ को निर्णयमा कोभिड-१९ को जोखिममा रही काम गर्ने प्रादेशिक ल्यावका कर्मचारीलाई शुरु तलव स्केलको २०७६।१२।९ देखिनै ५० प्रतिशत देखि १०० प्रतिशतसम्म जोखिम भत्ता भुक्तानी गर्ने उल्लेख छ । उक्त निर्णयको बुँदा नं. ७ (घ) मा यस्तो भत्ता दोहोरो नपर्ने गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सो भत्ताको अतिरिक्त प्रयोगशालाका कर्मचारीलाई अतिरिक्त समय काम गरेको अतिरिक्त भत्ता समेत (दोहोरो भत्ता) भुक्तानी गरेको देखियो । जोखिम भत्ता वितरण गर्दा कोशी अस्पतालबाट कोशी कोभिड अस्पतालमा खटिएका ल्याव तथा अन्य शाखाबाट काममा खटिएका कर्मचारीहरूले स्वास्थ्य सेवा विभागबाट स्वीकृत हेजार्ड तथा समितिको थप भत्ता नलिएको प्रमाण समावेश नगरी रु.२२ लाख २ हजार भुक्तानी गरेकोले दोहोरो परे/नपरेको यकिन गर्नुपर्दछ । दोहोरो भत्ता भुक्तानी नियन्त्रण हुनुपर्दछ।

३२. **राहत** - कोभिड-१९ बाट प्रभावित कृषकहरूलाई दुग्ध जन्य पदार्थ उत्पादन र बिक्री, कुखुरा, बंगुर पालन, हरियो चियापत्ती, तरकारी तथा फलफुल, कृषि ऋण व्याज र विद्युत महशुल छुट तथा ढुवानी समेतका क्रियाकलापमा राहत प्रदान गर्न रु.७ करोड ९१ लाख ७४ हजार अख्तियारी मार्फत कृषि विकास निर्देशनालय र पशुपंक्षी तथा मस्य विकास निर्देशनालय मातहतका विभिन्न जिल्ला स्थित कार्यालयमा पठाएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले वार्षिक एकीकृत विवरण तयार नगरेकोले राहत रकम तोकिएको आधारअनुसार सम्बन्धित क्षेत्रमा खर्च भएको भनी आश्वस्त हुन सकिएन ।

३३. **बचत रकम** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ७७ मा आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट खर्च लेखांकन गर्ने उद्देश्यले मात्र धरौटी खातामा रकम जम्मा गर्नु हुँदैन भन्ने व्यवस्था छ । कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न कृषि ज्ञान केन्द्र झापाले कृषि व्यवसाय राहत कार्यक्रम सञ्चालन गर्नको लागि निकासा भएको रकममध्ये लाभग्राहीलाई वितरण गरी बाँकी रहेको रु.९५ लाख ३५ हजार धरौटी खातामा जम्मा गरेको देखियो । धरौटी खातामा जम्मा गर्ने निर्णयमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्दछ।यसैगरी सामाजिक विकास मन्त्रालयले प्रदेश जनसुरक्षा कोषबाट प्राप्त रकम मध्ये वराह क्षेत्र नगरपालिकास्थित चतराधाम आश्रममा आइसोलेशन केन्द्र स्थापना गर्न रु.१० लाख, कोभिड-१९ अस्पतालमा ट्रान्सफर्मर सहित विद्युत जडान गर्न रु.५० लाख र अन्य कृयाकलापको लागि प्राप्त रकम मध्ये खर्च नभई बाँकी रहेको रु.१ करोड २५ लाख ४८ हजार कोषलाई फिर्ता गरेको पाइएन । उक्त रकम फिर्ता हुनुपर्दछ ।

३४. **स्वास्थ्यकर्मी खाना, खाजा र वासस्थान** - नेपाल सरकारबाट स्वीकृत क्वारेन्टिनमा रहने बिरामीको खाना खाजा सम्बन्धी निर्देशिकामा क्वारेन्टिनमा रहेको बिरामीको लागि खाना खाजा भुक्तानी गर्दा सम्बन्धित जिल्लाको प्रहरीको रासनदरको आधारमा गर्नुपर्ने व्यवस्था छ । सामाजिक विकास

मन्त्रालयले जनसुरक्षा कोषबाट प्राप्त रकममध्ये कोशी कोभिड अस्पतालमा खटिएका सफाइ र स्वास्थ्यकर्मी समेतको वासस्थान, खाजा, खाना, ड्यूटी अवधिपछि स्वास्थ्यकर्मी क्वारेन्टिनमा रहेको अवधिको र उपचारत बिरामीको खाना खाजा समेतको लागि रु.८० लाख १० हजार खर्च गरेको छ । होटलबाट उपलब्ध अस्पतालका बिरामी खाना खाजामा कोरोना नियन्त्रण सम्बन्धी प्रोटोकल अनुसार नाम उल्लेख नगर्ने कारण देखाई संख्यामात्र उल्लेख गरी संयोजकले प्रमाणित गरेको आधारमा प्रति व्यक्ति प्रतिदिन रु.६७४।६१ का दरले भुक्तानी गरेको पाइयो । वासस्थान र खाना खाजा खर्च भुक्तानी गर्दा ड्यूटी र अनकल दुबै समुहका स्वास्थ्यकर्मीहरूको लागि दैनिक रु.७२३।२० का दरले रकम व्यहोरिएको छ । निर्देशिका अनुसारको मोरङ्ग जिल्लाको रासन दर रु.१ सय ५७ का दरले नगरी छुट्टै दररेटबाट खाना खाजा तथा वासको लागि संख्या नै नखुलाई प्रति व्यक्तिको दरबाट भुक्तानी गरेकोले थप व्ययभार परेको देखिन्छ। निर्देशिकाभन्दा बढी दरमा खर्च गर्ने कार्यमा नियन्त्रण गरी तोकिएको दरबाट मात्र खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

३५. **सञ्चार डेक्स खर्च -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४२(४) मा अनुदान दिँदा योजना कार्यक्रम र यथासम्भव लागत समेत खुलाउनुपर्ने व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत संचालित कोरोना जनसुरक्षा कोष सञ्चालन समितिको २०७७।१।८ को निर्णयानुसार कोरोना भाइरस रोकथाम नियन्त्रणको लागि जनचेतना सम्बन्धी कार्य गर्न प्रदेशका सबै रेडियो, टेलिभिजन, अनलाइनलाई व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न कोरोना सञ्चार डेक्स स्थापना गर्ने र उक्त डेक्सले गर्नुपर्ने कार्य समेत स्वीकृत गरेको छ । सो अनुसार जिंगल तयार गर्ने, प्रसारण गराउने, टेलिभिजन रेडियोबाट सम्प्रेषणको व्यवस्था लगायतको कार्य गर्नुपर्ने गरी तोकेको छ । उक्त कार्य गरे वापत सम्पूर्ण सञ्चार माध्यमलाई समानुपातिक रुपमा रकम भुक्तानी गर्ने व्यवस्था नेपाल पत्रकार महासंघ प्रदेश समितिले गर्ने गरी रु.५० लाख अनुदान उपलब्ध गराएको छ । पेशागत संगठनमार्फत रकम भुक्तानी गरेकोमा खर्च विवरण पेस नभएको साथै उल्लेखित कार्य भएको आश्वस्त हुने अवस्था देखिएन। नियम अनुसार अनुदानको उपयोग सुनिश्चित गरिनुपर्दछ ।

# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश १ मा ९३ सदस्यीय प्रदेश सभा गठन भएको छ । त्यसैगरी धारा १९५ बमोजिम प्रदेश सभाको काम कारबाही सञ्चालन, व्यवस्थापन गर्न प्रदेश सभा सचिवालय रहने व्यवस्था छ ।

प्रदेश सभा सचिवालयको लागि यो बर्ष विनियोजन रु.२२ करोड ४ लाख २९ हजार, राजस्व रु.१ लाख १८ हजार र धरौटी रु.१५ लाख ७९ हजार समेत रु.२२ करोड २१ लाख २५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छनः

१. **कानुन निर्माण :** आर्थिक वर्ष २०७६।७७ सम्म ६६ कानुन मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृती भएको मध्ये ४९ विधेयक प्रदेश सभामा पेश भएको छ । पेश भएको मध्ये ४२ विधेयक प्रदेश सभाबाट पारित भई प्रमाणिकरण भएका छन् ।

२. **बजेट कार्यान्वयन अवस्था :** विनियोजन ऐन, २०७६ बमोजिम रु.३३ करोड ६० लाख ९६ हजार विनियोजन भएकोमा रकमान्तर थप समेत रु.३४ करोड ४० लाख ७४ हजार कायम भएको छ । यो वर्ष रु.२२ करोड ४ लाख २८ हजार (शुरु विनियोजनको ६५.५८ प्रतिशत) खर्च भएको छ । शुरु बजेट पनि खर्च नभएकोमा रकमान्तर गरी बजेट थप गर्नु औचित्यपूर्ण देखिएन ।

३. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । नियमावली लागु भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।

४. **आवास सुविधा :** प्रदेश सभा सचिवालय ऐन, २०७६ ले सचिवलाई आवास सुविधा उपलब्ध गराएको देखिंदैन । सचिवालयले सचिवलाई आवास व्यवस्थापनको लागि ७ कोठेघरको भाडाबापत यो वर्ष रु. ५ लाख ४० हजार भुक्तानी गरेको छ । कानुनमा व्यवस्था गरेर मात्र सुविधा उपलब्ध गराउनु पर्दछ ।

५. **भुतप्रभावी कानुन :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १२५ मा आर्थिक व्ययभार पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ । प्रदेश सभा सचिवालय ऐन, २०७६ को परिच्छेद ५ को दफा १३(३) मा सचिवले पाउने अन्य भत्ता ऐन बमोजिम गठित समितिले तोके बमोजिम हुने, त्यस्तो भत्ता स्वीकृत कार्यविधि बमोजिम गराउनुपर्ने व्यवस्था छ । कार्यविधि स्वीकृत नगरी सचिवलाई यो वर्ष बीमा, सहायक, अतिथिसत्कार, महंगी भत्तामा थप सुविधा बापत रु.४ लाख ३२ हजार भुक्तानी गरेको छ । कानूनी आधार बेगर सुविधा भुक्तानी गरेको व्यहोरा औंल्याएकोमा भुतप्रभाबी कार्यविधि २०७८।३।७ मा स्वीकृत गरी लागु गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बेगर कार्यविधि स्वीकृत गरी सुविधा उपलब्ध गराउन मिल्ने देखिएन ।

६. **पारिश्रमिक र सुविधा :** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २० मा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्नसक्ने व्यवस्था छ । प्रदेश सरकार मन्त्रिपरिषद्को २०७६।४।२८ को निर्णय अनुसार प्रदेश सभाका पदाधिकारीले पाउने पारिश्रमिक तथा सुविधाहरू २०७६।४।१ देखि लागु हुनेगरी निर्णय भएको आधारमा प्रदेश सभा सचिवालयले पदाधिकारी तथा सदस्यहरूलाई साविकको दर र सुविधा परिवर्तन गरी बढी दरबाट पारिश्रमिक र अन्य सुविधा उपलब्ध गराई रु.१ करोड ३७ लाख ८६ हजार खर्च गरेको छ । संशोधित अनुसूचीमा प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक र समितिका सभापतिलाई सवारी इन्धनको व्यवस्था नगरेकोमा सचिवालयले इन्धन भुक्तानी गरेको छ । यसैगरी ऐनमा व्यवस्था नभएकोमा प्रदेश सरकारको २०७६।५।१५ को निर्णयबाट सत्तापक्षीय संसदीय दलका उप-नेतालाई चालक सहित सरकारी सवारी साधन १ र सत्ता पक्षका प्रमुख सचेतकले पाउने सरह इन्धन सुविधा उपलब्ध गराउने निर्णयको आधारमा यो वर्ष रु.७३ लाख ६५ हजारको सवारी साधन र सवारी चालक उपलब्ध गराएको छ । पदाधिकारी र सदस्यलाई नयाँ दररेटबाट सुविधा भुक्तानी गरेको तथा संसदीय दलका उपनेतालाई सवारी सुविधा भुक्तानी गरेकोमा संशोधित अनुसूची राजपत्रमा प्रकाशन भएको पाइएन । प्रदेश राजपत्रमा प्रकाशन गरेपछि मात्र पाउने सुविधा राजपत्रमा प्रकाशित नगरी भुक्तानी गर्न मिल्ने देखिएन ।

७. **वारेन्टी अवधिको मर्मत खर्चः** सचिवालयले २०७६।३।१५ मा ९ थान सवारी साधन रु.५ करोड ६९ लाख २० हजारमा खरिद गरेको छ । सवारी साधन आपूर्तकले ती सवारी साधनको एक वर्ष वारेन्टी अवधि उल्लेख गरेको छ । वारेन्टी अवधिभित्र सवारी साधनको मर्मतमा रु.११ लाख ९२ हजार भुक्तानी गरेको छ । वारेन्टी अवधिको मर्मत खर्च समेत कार्यालयबाट व्यहोरेकोले खर्च लेखेलाई जिम्मेवार बनाई वारेन्टी दावी गरी उक्त रकम फिर्ता गर्नुपर्दछ ।

८. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । सचिवालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका १७ कर्मचारीहरूलाई ग्रेड थप गरी रु. ११ लाख ५२ हजार खर्च लेखेको छ । ऐन विपरित खर्च लेखेकोले असुल गर्नुपर्दछ ।

- **बेरुजु स्थितिः** सचिवालयको लेखापरीक्षणबाट यो वर्ष रु.२ करोड ४५ लाख २५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.११ लाख २२ हजार फर्स्यौट गरी रु.२ करोड ३४ लाख ३ हजार बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा समावेश छ ।

# प्रदेश लोकसेवा आयोग

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोगको व्यवस्था छ । प्रदेश सभाबाट २०७६।५।१७ मा प्रदेश लोकसेवा आयोग ऐन, २०७६ पारित गरे पश्चात २०७६ माघ ९ गते आयोगको स्थापना भएको छ ।

यो बर्ष आयोगको विनियोजन रु. १ करोड ४९ लाख ८ हजार र धरौटी रु. ३९ हजार समेत रु. १ करोड ४९ लाख ४७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **आयोगको पहल :** आयोगले प्रदेश र स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धमा आकर्षित हुने विभिन्न ऐन कानुनमा भएका व्यवस्थाहरूको सम्बन्धमा सम्बन्धित निकायका प्रमुखहरूलाई जानकारी गराएको छ । यसैगरी स्थानीय तहहरूलाई अवैधानिक तवरबाट कानुन बनाई पदपूर्ती नगर्न ध्यानाकर्षण सहितको परिपत्र गरेको छ । प्रदेश सरकारका निकाय एवं स्थानीय तहहरूबाट खुला तथा बढुवा प्रक्रियाबाट दरबन्दी पदपूर्तीको लागि माग प्राप्त  नभएको स्थिति छ । प्रदेश र स्थानीय तहहरूको तदारुकताको अभावमा आयोगबाट पदपूर्ति सम्बन्धी कार्य सुरु भएको छैन ।

२. **कार्यक्रम तथा निर्णयः** आयोगको वार्षिक प्रतिवेदन बमोजिम आर्थिक वर्ष २०७६।७७ मा १० पटक बैठक बसी २८ वटा निर्णयहरू भएका छन । आयोगले बढुवा सम्बन्धी परामर्श २, प्रदेश प्रहरी विधेयक सम्बन्धी १, पाठ्यक्रम निर्माण सम्बन्धी १, कानुन, नीति नियम सम्बन्धी ९ तथा विविध परामर्श सम्बन्धी १ तथा अन्य १४ विविध निर्णय गरेको देखिन्छ ।

३. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । तर आयोगले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका ३ कर्मचारीहरूलाई ग्रेड थप गरी १ लाख ६५ हजार खर्च लेखेको देखियो । ऐन विपरीत खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

- **बेरुजु स्थितिः** आयोगको लेखापरीक्षणबाट यो वर्ष रु. १ लाख ७६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. ११ हजार फस्यौंट गरेकोले रु. १ लाख ६५ हजार बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा समावेश छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने, प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मातहत समेत ४ कार्यालयको विनियोजन रु.४१ करोड ६५ लाख ८५ हजार, राजस्व १ लाख ८२ हजार, धरौटी रु. ५६ लाख ९१ हजार र अन्य कारोवार रु.३९ करोड ५३ लाख ९१ हजार एवं अन्य संस्था र समिति २ को रु.३ करोड ६६ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **एकीकृत आर्थिक विवरणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८६(च) मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गरेको छैन । तोकिएको समयमा आर्थिक विवरण पेश हुनुपर्दछ ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयनः** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग सम्बन्धीत नीति र कार्यक्रममा उल्लेख भएका प्रदेशको आवश्यकता अनुसार प्रशासनिक संगठन तथा दरबन्दी संरचनाको पुनरावलोकन, प्रादेशिक प्रशिक्षण प्रतिष्ठान स्थापना, नतिजामा आधारित कार्य सम्पादन, विकास आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न मुख्यमन्त्रीको नेतृत्वमा अन्तर सरकार र अन्तर निकाय समन्वय, उच्चस्तरीय स्थलगत अनुगमनको व्यवस्था र डिजिटल प्रदेश बनाउने कार्यक्रम कार्यान्वयन भएको पाइएन ।

३. **संगठन तथा व्यवस्थापन सर्भेक्षणः** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट हुने व्यवस्था छ। प्रदेशमा ७ मन्त्रालय, २ संबैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत ३ हजार ८८२ दरबन्दी स्वीकृत रहेकोमा २ हजार ४७० (६३.६२ प्रतिशत) मात्र पदपूर्ति भएको छ । यस वर्ष सम्म मन्त्रिपरिषद कार्यालय र मातहत निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी लागु गरेको पाइएन। यो वर्ष भुमि व्यवस्था, कृषि तथा सहकारी र भौतिक पुर्वाधार विकास मन्त्रालयलाई करारमा कर्मचारी नियुक्ति गर्न स्वीकृती दिएको छ । नियमानुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्षभित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । नियमावली लागु भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।

५. **वार्षिक कार्य सम्पादन प्रतिवेदन :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९० मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएका विषयहरू राखी बार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले त्यस्तो प्रतिवेदन तयार नगरेकोले

लेखापरीक्षण रकम, जम्मा बेरुजु एवं फस्यौंट रकम, जिन्सीको अवस्था आदि एकिन गर्न सक्ने अवस्था रहेन । कार्यालयले प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

६. **सवारी साधन खरिद** : प्रदेश सरकार, सार्वजनिक खर्चको मितव्ययीता सम्बन्धी मापदण्ड निर्देशिका, २०७५ को बुँदा नं. ११ मा मुख्यमन्त्रीलाई गाडी खरिदमा रु.१ करोड उपलब्ध गराउन सकिने व्यवस्था छ। सोही बुँदाको ११(२) मा विशिष्ट पदाधिकारीको पदीय मर्यादा, सुरक्षा र जिम्मेवारीलाई मध्य नजर गर्दै उल्लेखित मापदण्ड भन्दा बढी मूल्यको सवारी साधन खरिद गर्न आवश्यक परेमा पुष्ट्याई सहित आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्ने व्यवस्था छ । यो वर्ष मुख्यमन्त्रीको सवारी साधन खरिदको लागि रु.२ करोड ५० लाख विनियोजन गरेकोमा रकमान्तरबाट रु.१ करोड थप गरी रु.३ करोड ५० लाख पुऱ्याएको छ । बोलपत्रको माध्यमबाट रु.३ करोड १९ लाख ७२ हजारको गाडी खरिद गरेको छ । सवारी साधनको खरिदमा निर्देशिकाको पालना गर्नुपर्दछ ।

७. **प्रदेश सम्पर्क कार्यालयः** कार्यालयले काठमाण्डौंमा सम्पर्क कार्यालय स्थापना गरी फर्निचर लगायतका मालसामान खरिदमा रु.१५ लाख ५५ हजार र महाराजगञ्जमा मासिक रु.२ लाख ७५ हजार भुक्तानी गर्ने गरी २०७६।९।९ देखि घर भाडामा लिई रु.१८ लाख ४२ हजार समेत रु.३३ लाख ९७ हजार खर्च गरेको छ। कानूनी व्यवस्था र नीतिगत निर्णय बेगर काठमाण्डौमा समेत कार्यालय स्थापना गरी खर्च गर्नु औचित्यपूर्ण देखिएन।

८. **लेखापरीक्षण** : प्रदेश सहयोग कार्यक्रम अन्तर्गत प्रदेश सरकारको संरचनात्मक र संस्थागत क्षमता विकास, नीति निर्माण, व्यवस्थापकिय सुधार, विश्वसनीय सेवा प्रवाह, समावेशी विकास, सुशासन, गरिवी निवारणमा सहयोग गर्ने उद्देश्यले नेपाल सरकारको रु.२० करोड र स्वीजरल्याण्ड सरकारको रु. १ अर्ब प्राप्त हुने गरी नेपाल सरकार तथा स्वीजरल्याण्ड सरकार बिच २०७५ माघ ३ मा सम्झौता भएको छ । सम्झौतामा कार्यक्रमको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था भएकोमा लेखापरीक्षण गराएको छैन । सम्झौताको व्यवस्था अनुसार लेखापरीक्षण गराउनुपर्दछ ।

९. **प्रदेश समन्वय परिषद्** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामानजस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक श्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तह बिच समन्वय कायम गर्न प्रदेश समन्वय परिषद रहने व्यवस्था छ। माननीय मुख्यमन्त्रीको अध्यक्षतामा २०७६ पौष २८ र २९ गते बसेको बैठकले नेपालको संविधानको अनुसूची-७ बमोजिम प्रदेश र स्थानीय तहका लागि आवश्यक थप कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, स्थानीय कानुन तर्जुमा गर्दा प्रदेशले तर्जुमा गरेको कानुन र मापदण्डमा ध्यान दिने, प्रदेश र स्थानीय तहले बजेट तथा कार्यक्रम छनौट गर्दा मध्यमकालिन खर्च संरचनालाई अवलम्वन गर्ने, लगायत विभिन्न २० निर्णय गरी समन्वय परिषद अन्तर्गत ७ वटा विषयगत समितिको गठन गरेको छ । परिषदले गरेका निर्णय कार्यान्वयनको अवस्थाको अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१०. **कोरोना जनसुरक्षा कोष** : विपद व्यवस्थापन ऐन, २०७५ को दफा ३८ बमोजिम कोषबाट खर्च गर्ने कार्यविधि तयार गरी २०७६।१२।११ मा कोरोना जनसुरक्षा कोष खडा गरेको छ । कोषमा प्रदेश सरकारबाट रु.२५ करोड, संघीय सरकारबाट रु.४ करोड तथा अन्य व्यक्ति तथा संस्थाबाट रु.५ करोड ६६ लाख ७० हजार प्राप्त गरेको विवरण पेश भएको छ । सो मध्ये रु.२० करोड ७१ लाख ४२ हजार खर्च भई रु.१३ करोड ९५ लाख ३८ हजार बाँकी रहेको छ ।

कोषबाट रु. २० करोड ७१ लाख ४२ हजार, सामाजिक विकास मन्त्रालयको नियमित बजेट शीर्षकबाट रु. ४ करोड ८१ लाख १८ हजार तथा नेपाल सरकारबाट प्राप्त रु.२ करोड ७० लाख गरी रु.२८ करोड २२ लाख ६० हजार विभिन्न मन्त्रालय र निकाय, स्थानीय तह, जिल्ला समन्वय समितिहरू मार्फत निकासा दिई खर्च भएको विवरणमा उल्लेख छ ।

११. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । तर कार्यालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका २० कर्मचारीहरूलाई समेत ग्रेड थप गरी रु. ८ लाख ४५ हजार भुक्तानी गरेकोले ऐन विपरित भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

## संगठित संस्था र समिति

## प्रदेश लगानी प्राधिकरण-२०७६/७७

सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ बमोजिम विकासको लागि सार्वजनिक निजी सहकारी, साझेदारी, विदेशी लगानी परिचालन परियोजनाको निर्माण तथा विकास गर्दै रोजगारीका अवसर समेत सिर्जना गरी गरिबी निवारणमा अर्थपूर्ण योगदान पुऱ्याउने उद्देश्यले प्रदेश लगानी प्राधिकरण गठन गरेको छ । प्रदेश मन्त्रिपरिषदको २०७६।१०।१३ को निर्णयानुसार २०७६।१०।१४ मा प्रमुख कार्यकारी नियुक्ती गरी हाल विराटनगरमा कार्यालय स्थापना गरी संचालनमा रहेको छ ।

१२. **लक्ष्य प्रगतिः** प्राधिकरणले यो वर्ष लगानी प्राधिकरण नियमावली निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयारी, एक कम्पनीसँग लगानी सहजीकरण र सहमती पत्रमा हस्ताक्षर, प्रदेश लगानी प्रोफाइल निर्माण र सम्भावित परियोजनाको सूची निर्माण तथा परियोजना अध्ययनको कार्य गरिएको उल्लेख गरेको छ ।

१३. **आर्थिक कारोवार संचालनः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट प्राप्त रु.१ करोड बजेटलाई वोर्ड बैठकबाट पूँजीगत र चालु खर्च शिर्षक तर्फ क्रमशः रु.७५ लाख र रु.२५ लाख बाँडफाँट गरी यो वर्ष पूँजीगत तर्फ रु.७४ लाख ६५ हजार र चालु तर्फ रु.१२ लाख ९ हजार खर्च गरी बाँकी रकम प्राधिकरण कै खातामा मौज्दात रहेको छ। प्राधिकरणको आर्थिक कारोवार संचालन सम्बन्धमा नियमावली स्वीकृत गरी लागु गरेको पाइएन। आर्थिक नियमावली बनाई कारोवार संचालन गर्नुपर्दछ ।

- **बेरुजु स्थितिः** कार्यालयको लेखापरीक्षणबाट यो वर्ष रु.२ करोड २८ लाख ५१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८५ लाख ८३ हजार फस्यौंट गरेकोले रु. १ करोड ४२ लाख ६८ हजार बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची - १० र ११** मा समावेश छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेश स्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंगको साझेदारी एवं समन्वय र सहकार्य सम्वन्धी नीति, मापदण्ड वनाउने लगायतका कार्य रहेका छन् ।

यो बर्ष मन्त्रालय र अन्तर्गतका ७ निकायको विनियोजन रु.५ अर्ब ९२ करोड ३६ लाख ४५ हजार, राजस्व रु.१० अर्ब ७० करोड ६७ लाख ५ हजार, धरौटी रु.१९ लाख ६९ हजार र अन्य कारोवार रु.३९ लाख ७४ हजार समेत रु.१३ अर्ब ९२ करोड ३१ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन ।

१. **नीति कार्यक्रम कार्यान्वयनः** प्रदेश सरकारको नीति कार्यक्रममा संघीय सरकारको स्वीकृतीमा प्रदेश विकास सहायता अन्तर्गत वैदेशिक सहायता परिचालन सम्बन्धी कानुन निर्माण, प्रदेश स्तरीय लगानी सम्मेलन, आयोजना बैंक स्थापना र प्राथमिकीकरण तथा ऋण उठाउने कार्यविधि निर्माण लगायतका कार्यक्रमहरू रहेकोमा ति कार्यक्रमहरू कार्यान्वयन गरेको देखिएन।

२. **राजस्व अनुमान र असूली :** प्रदेश सरकारले यो वर्ष रु.२० अर्व ९९ करोड ३० लाख राजस्व असूली गर्ने लक्ष्य निर्धारण गरेकोमा कर राजस्वबाट रु.९ अर्व १२ करोड ९ लाख, गैरकर राजस्वबाट रु.१ अर्व १० करोड ५५ लाख तथा बेरुजु तथा गतवर्षको मौज्दात रु. ४८ करोड ३ लाख समेत रु.१० अर्व ७० करोड ६७ लाख राजस्व असूली भएको विवरण प्राप्त भएको छ। राजस्व असूली अनुमानको तुलनामा ५१ प्रतिशत रहेको छ।

३. **खर्चको अवस्थाः** आर्थिक वर्ष २०७६/७७ को लागि रु.४२ अर्व २० करोड ४ लाख १० हजार बजेट विनियोजन भएकोमा रु.२९ अर्ब ८३ करोड ३२ लाख ४४ हजार (७०.६९ प्रतिशत) खर्च भएको छ । खर्च मध्ये चालुतर्फ ४०.११ प्रतिशत तथा पुँजिगततर्फ ५९.८९ प्रतिशत रहेको छ । उक्त खर्चमा प्रदेश सरकारको रु.१४ अर्ब ७३ करोड ७८ लाख ४८ हजार (४९.४० प्रतिशत) र संघीय सरकारको अनुदान रु.१५ अर्ब ९ करोड ५३ लाख ९५ हजार (५०.६० प्रतिशत) रहेको छ।

४. **अनुदान फिर्ताः** संघीय सरकारबाट प्राप्त सर्शत, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धीत प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत संघीय संचित कोषमा दाखिला गर्ने व्यवस्था छ । मन्त्रालयले मातहत कार्यालयलाई दिएको सर्शत अनुदानबाट खर्च भई बाँकी रहेको रु.२ अर्व ८५ करोड ४६ लाख ३६ हजार मध्ये २०७७।१०।५ मा रु.२ अर्व ४७ करोड ४७ लाख ५२ हजार र २०७८/३/२७ मा रु.३७ करोड ९८ लाख ८३ हजार संघीय संचित कोष फिर्ता गरेको छ । बाँकी रु.४१ करोड ९७ लाख ९१ हजार संघीय संचित कोष दाखिला भएको छैन।

५. **वित्तीय हस्तान्तरण र अनुगमनः** मन्त्रालयले प्रदेश संचित कोषबाट स्थानीय तह तथा अन्य सरकारी निकाय, समिति बोर्ड तथा अन्य संस्थालाई रु.७ अर्ब १३ करोड ७६ लाख १८ हजार अनुदान दिएको छ । अनुदानको अनुगमन, मूल्याङ्कन सम्बन्धी कार्यविधि स्वीकृत नभएकोले प्रदेश सरकारको नीति अनुरूप स्थानीय तहमा हस्तान्तरण भएको अनुदान उपयोग भए/नभएको अनुगमन र मूल्याङ्कन गरेको पाइएन । नीति अनुसार अनुदान उपयोग भए/नभएको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **मन्त्रालयको खर्चः** मन्त्रालयको लागि यो वर्ष स्थानीय तहको अनुदान समेत रु. ७ अर्व ४५ करोड ३१ लाख ४२ हजार बजेट विनियोजनमा रु.५ अर्ब ९२ करोड ३६ लाख ४४ हजार (७९.४८ प्रतिशत) खर्च भएको छ। खर्चमध्ये चालुतर्फ रु.७ करोड ६८ लाख १० हजार (६.५६ प्रतिशत) र पुँजीगत तर्फ रु. २ करोड २१ लाख ६० हजार (१२.३४ प्रतिशत) तथा स्थानिय तहको अनुदानमा रु.५ अर्ब ८२ करोड ४६ लाख ७४ हजार (९६.७० प्रतिशत) खर्च भएको छ। मन्त्रालयको लागि विनियोजित बजेट न्युन खर्च गरेकोले मन्त्रालय तथा मातहतको खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ।

७. **पूँजीगत खर्चः** प्रदेश सरकारले आर्थिक बर्ष २०७६।७७ को नीति तथा कार्यक्रममा संघ तथा स्थानीय तह एवं प्रदेश भित्रका विषयगत मन्त्रालयबीच समन्वय एवं सहकार्य गरी पूँजीगत खर्च जेष्ठ मसान्त भित्र गरिसक्ने नीति लिएको भएतापनि सो अनुसार नभई २०७७ असार ७ गते देखि २३ गते सम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा ४ मन्त्रालयलाई रु.२० करोड ९६ लाख रकमान्तर गरी निकासा दिएको छ। नीति अनुसार यथासमयमै पुँजिगत खर्च हुने व्यवस्था मिलाउनु पर्दछ ।

८. **आन्तरिक ऋणः** प्रदेश सरकारको आन्तरिक ऋण भुक्तानीको लागि रु.१ करोड विनियोजन गरेकोमा उक्त रकम खर्च भएन। आन्तरिक ऋण सम्बन्धी कार्यविधि तयार नभै सो कार्यमा बजेट विनियोजन गर्नु सान्दर्भिक देखिएन ।

९. **स्थानीय तह अनुदानः** प्रदेश सरकारको विनियोजन ऐन, २०७६ को दफा ४ मा स्थानीय तहहरूलाई समानीकरण अनुदानको एक चौथाईले हुने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रत्येक वर्षको भदौ २५, मंसिर २, फाल्गुन २ र जेष्ठ २ भित्र निकासा गर्ने व्यवस्था छ । यस वर्षको समानीकरण अनुदानको रकम क्रमशः पहिलो किस्ता २०७६।७।४, दोश्रो किस्ता २०७७।१।४, तेश्रो किस्ता २०७७।२।२२ र चौथो किस्ता २०७७।३।५ मा मात्र हस्तान्तरण गरेको देखियो।ऐनले तोकेको अवधीमा निकासा नहुँदा स्थानीय तहको कार्यक्रम कार्यान्वयनमा बाधा पर्ने भएकोले तोकेको मितिमा निकासा दिनुपर्दछ।

१०. **वर्षान्तमा निकासा :** पाँचथरको फाल्गुनन्द र मिक्लाजुङ, सोलुखुम्बुको थुलुङ दुधकोशी गाउँपालिका तथा झापा जिल्लाको मेचीनग र कन्काई नगरपालिका, मोरङ जिल्लाको रंगेली नगरपालिका, सुनसरीको बराहक्षेत्र र दुहवी नगरपालिकालाई रु.५ करोड ३५ लाख कार्यविधि बेगर थप समपुरक अनुदानबापत वर्षान्तमा निकासा गरेको देखिएको छ । वर्षान्तमा उपलब्ध गराइएको अनुदान रकम अधिकांश स्थानीय तहहरूमा खर्च नभै बाँकी रहेको वा फिर्ता गरेको अवस्था देखिएकोले ढिला रकम हस्तान्तरण गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

११. **आन्तरिक नियन्त्रणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । नियमावली लागु भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।

१२. **वार्षिक कार्य सम्पादन प्रतिवेदनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९० मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएका विषयहरू राखी बार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार नगरेकोले लेखापरीक्षण रकम, जम्मा बेरुजु एवं फस्यौट रकम, जिन्सीको अवस्था आदि एकिन गर्न सक्ने अवस्था रहेन ।मन्त्रालयले प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१३. **सम्पत्ति विवरणः** प्रदेश सरकार (कार्यविभाजन नियमावली), २०७४ मा मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गर्ने रहेको छ । यो वर्ष एकीकृत सम्पत्ति विवरण तयार गर्ने प्रयोजनको लागि सफ्टवेयर निर्माण गर्ने लक्ष्य भएता पनि सफ्टवेयर निर्माण नभएकोले प्रदेश स्थित सरकारी जग्गा भवन, सवारी साधन लगायतका सम्पत्तिको एकीकृत विवरण तयार गरेको छैन । सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गर्नुपर्दछ।

१४. **खर्चको मापदण्ड :** मन्त्रालयले प्रदेश सरकार मातहतका निकायहरूको आर्थिक प्रशासनलाई सुव्यवस्थित एंव प्रभावकारी बनाउने उद्देश्यले सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा निर्देशिका पालना भए नभएको सम्बन्धमा अनुगमन गर्न प्रमुख सचिवको संयोजकत्वमा अनुगमन समितिको व्यवस्था रहेको छ। अनुगमन समितिले यस वर्ष निर्देशिकाको व्यवस्था बमोजिम अनुगमन गरेको देखिएन । मापदण्ड कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोराहरू देहाय अनुसार छन् ।

१४.१. प्रदेश मातहतका मन्त्रालय/निकाय/कार्यालय समेतले विगत दुई वर्षमा सवारी साधन खरिद कार्यमा रु. ७६ करोड ७४ लाख १ हजार खर्च गरेका छन् ।

१४.२. निर्देशिकामा मुख्यमन्त्री वा समान स्तरका पदाधिकारीलाई १ करोड रुपैंया तथा मन्त्रीलाई ७५ लाख रुपैंयासम्मको सवारी साधन उपलब्ध गराउन सकिने व्यवस्था छ । सोही निर्देशिकामा विशिष्ट पदाधिकारीको पदीय मर्यादा, सुरक्षा र जिम्मेवारी मध्यनजर गर्दै उल्लिखित मापदण्डभन्दा बढी मूल्यको सवारी साधन खरिद गर्न आवश्यक परेमा पुष्टयाइँसहित मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था समेत छ । यस वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको २०७६।९।२ को पत्रको आधारमा मन्त्रालयले रु.३ करोड ५० लाख सम्मको १ वटा सवारी साधन खरिद गर्न सहमति दिई शुरु विनियोजन रु.२ करोड ५० लाखमा रकमान्तरबाट रु.१ करोड थप गरेको छ । त्यसैगरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सवारी साधन खरिदमा रु.१ करोड ७७ लाख ९६ हजार विनियोजन भएकोमा मन्त्रालयले रकमान्तरबाट रु.१ करोड ५० लाख थप (८४.२८ प्रतिशत) गरी रु.३ करोड २७ लाख ९६ हजार पुऱ्याएको छ । मन्त्रालयले रकमान्तर पश्चात मन्त्रीको १ सवारी साधन खरिदको लागि रु.२ करोड ७ लाखको सम्झौता गरेको छ । मापदण्डभन्दा बढीको सवारी साधन खरिद गर्नु उचित देखिएन ।

१४.३. निर्देशिकामा सवारी साधन खरिद गर्ने प्रयोजनका लागि अत्यावश्यक अवस्थाको पुष्टि बाहेक रकमान्तर वा बजेट थप सम्बन्धी कार्य गरिने छैन भन्ने व्यवस्था भएकोमा मन्त्रालयले भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको सवारी साधन खर्च शीर्षकमा शुरु विनियोजन रु.४ लाख मात्र भएकोमा रकमान्तरबाट रु.६० लाख (१४०० प्रतिशत) थप गरेको पाइयो । शुरु विनियोजनभन्दा बढी रकमान्तरबाट सवारी साधन खरिदको लागि निकासा दिने कार्यले मापदण्डको पालना भएको देखिएन ।

१४.४. निर्देशिकामा पानी विजुली, टेलिफोनको महशुल मिटर रिडिङ पछि समयमा नै भुक्तानी गरी रिबेट पाउने हकमा छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने गरी तोकिएकोमा मन्त्रालयले रु.८ लाख ४० हजार विजुली र टेलिफोनको बिल नै प्राप्त नगरी २०७७।३।१८ मा भुक्तानी गरेको पाइयो । बिल बेगर अग्रिम रूपमा भुक्तानी गरेको नियमसम्मत देखिएन ।

१५. **अतिरिक्त समय भत्ता :** मन्त्रालयद्वारा स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिकामा सम्बन्धीत निकायको कार्यक्षेत्रभित्र पर्ने नियमित प्रकृतिको काम गरेबापत तलव बाहेकको थप सुविधा एवं अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था छ । मिति २०७६ चैत्र ११ देखि लकडाउन भएकोले घरमा कार्य गरेको म्यानुअल हाजिरी अभिलेखको आधारमा अतिरिक्त समय काम गरे बापतको खाजा खाना खर्च उपलब्ध गराउन २०७७।२।२० मा माननीय मन्त्रीस्तरको निर्णय भएको छ । मन्त्रालयले लकडाउन अवधिमा सचिवालयका ७ समेत ३५ कर्मचारीलाई खाजा खाना बापत अतिरिक्त भत्ता रु.८ लाख ३६ हजार भुक्तानी गरेको छ । लकडाउन अवधिमा घरमा कार्य गरेको देखाई अतिरिक्त समय भत्ता उपलब्ध गराउने निर्णयमा २०७७।७८ को बजेट तर्जुमा चरणमा विभिन्न कार्यहरू गर्नुपर्ने उल्लेख गरेको भएतापनि २०७६ चैत्र ११ देखि २०७७ बैशाख १३ सम्म लकडाउन भएको र २०७७ आषाढ १ मा बजेट पेश भएकोले २०७७ बैशाख १३ सम्मको तथा आषाढ १ देखि १५ सम्मको समेत अतिरिक्त समय भत्तामा रु.४ लाख ५१ हजार भुक्तानी गरेकोले मापदण्डको पालना भएको देखिएन ।

१६. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । मन्त्रालय र प्रदेश लेखा इकाई कार्यालय, धनकुटाले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई समेत ग्रेड थप गरी रु.५ लाख ८१ हजार खर्च लेखेको छ । ऐन विपरितको उक्त रकम असुल गर्नुपर्दछ ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

१७. **प्रदेश संचित कोष :** संविधानको भाग १६ धारा १०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋण लगायतको रकम प्रदेश सरकारको संचित कोषमा आम्दानी बाँधिने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ को प्रदेश सरकारको संचित कोषको प्राप्ति तथा भुक्तानी विवरण देहाय अनुसार छ ।

(रु.हजारमा)

| विवरण | आर्थिक वर्ष २०७६।७७ को प्रदेश संचित कोषको अवस्था | आर्थिक वर्ष २०७५।७६ को प्रदेश संचित कोषको अवस्था |
|---|---|---|
| प्राप्ति | | |
| (क) कर | ९१२०९०२ | ८१३१७९६ |
| (ख) गैर कर | ११०५४८२ | १२३८७२९ |
| (ग) कुल राजस्व (क+ख) | १०२२६३८५ | ९३७०५२६ |
| (घ) राजस्व बाँडफाँट-प्रदेश र स्थानीय | | |
| (ङ) राजस्व प्रदेशिक (ग-घ) | १०२२६३८५ | ९३७०५२६ |
| (च) बेरुजु तथा गत वर्षको नगद मौज्दात दाखिला | ४८०३२१ | |
| (छ) संघीय अनुदान | १७९८९९३८ | १८४९४७६२ |
| (ज) अनुदान (सोझै भुक्तानी+वस्तुगत अनुदान) | | |
| १. गैर वित्तीय प्राप्ति (क+घ+छ+ज) | २८६९६६४५ | २७८६५२८८ |
| (झ) आन्तरिक ऋण | | |
| (ञ) वैदेशिक ऋण | | |
| (ट) वैदेशिक ऋण (सोझै भुक्तानी) | | |

| | | |
|---|---|---|
| (ठ) ऋण लगानी फिर्ता | | |
| (ड) सेयर लगानी फिर्ता | | |
| २. वित्तीय प्राप्ति (झ+ञ+ट+ठ+ढ) | | |
| २. कूल प्राप्ति (१+२) | २८६९६६४५ | २७८६५२८८ |
| भुक्तानी | | |
| (क) चालु | ११९६६४२६ | ९७४७०४३ |
| (ख) चालु (सोझै भुक्तानी + वस्तुगत सहायता) | | १६२६५ |
| (ग) चालु भुक्तानी हुन बाँकी चेक | २२१ | ९४५ |
| (घ) पूँजीगत | १७८६५५६० | ११४३८६७५ |
| (ङ) पूँजीगत (सोझै भुक्तानी + वस्तुगत सहायता) | | |
| (च) पूँजीगत भुक्तानी हुन बाँकी चेक | १०३६ | |
| १. खर्च भुक्तानी (क+ख+ग+घ+ङ+च) | २९८३१९८७ | २११८५७१८ |
| (छ) आन्तिक ऋणको साँवा भुक्तानी | | |
| (ज) वैदेशिक ऋणको साँवा भुक्तानी | | |
| (झ) ऋण लगानी | | |
| (ञ) सेयर लगानी | | |
| (ट) वित्तीय व्यवस्था (छ+ज+झ+ञ+ट+ठ) | | |
| ३. कूल भुक्तानी (१+२) | २९८३१९८७ | २११८५७१८ |
| ४. विविध समायोजन (राजस्व आम्दानी **NRS** को **CBS** र **RMIS** बीच बैंकमा बढी देखिएको आम्दानी) | | |
| ५. कार्य संचालन कोष, धरौटी लगायतका विभिन्न खातामा प्रदेश सरकारका नाममा रहेको मौज्दात रकमको आधारमा गरिएको खर्च | | |
| यस आ.व.को प्रदेश संचित कोषको मौज्दात (प्राप्ति-भुक्तानी) | (११३५३४१) | ६६७९५६९ |
| गत आर्थिक वर्षसम्मको मौज्दात | २४२७५०५ | ३६८७७९ |
| नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने अनुदान | | (४६२०८४४) |
| यस आ.व.सम्मको प्रदेश संचित कोषको मौज्दात | १२९२१६३ | २४२७५०५ |

१७.१. गत वर्षसम्म संचित कोषको मौज्दात रु.२ अर्ब ४२ करोड ७५ लाख ५ हजार रहेकोमा यो वर्ष संचित कोषको मौज्दात रु.१ अर्ब १३ करोड ५३ लाख ४१ हजारले ऋणात्मक भै गत वर्षको मौज्दातबाट मिलान गरेकोले यस वर्ष सम्मको संचित कोषको मौज्दात रु.१ अर्ब २९ करोड २१ लाख ६३ हजार रहेको छ । आर्थिक वर्ष २०७६।७७ मा विभिन्न ५ मन्त्रालयले विनियोजन भन्दा चालु खर्च तर्फ रु.१२ करोड ७ लाख ८१ हजार र पूँजीगत खर्च तर्फ रु.७९ करोड ४८ लाख ४९ हजार समेत रु.९१ करोड ५६ लाख ९ हजार बढी खर्च गरेका छन् । उक्त रकमलाई भुक्तानी दिन बाँकीको विवरणमा चढाई प्रमाणित गरेको छ । सो रकम समेत थप गर्दा यस वर्षको संचित कोष मौज्दात रु.२ अर्व ५ करोड ९ लाख ५० हजार ऋणात्मक हुने अवस्था देखिएको छ ।

१७.२. विनियोजन ऐन, २०७६ को दफा ४ मा अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत सशर्त अनुदानको एक चौथाई रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धीत स्थानीय संचित कोषमा प्रत्येक आर्थिक वर्षको भदौ २५ गते निकासा गर्ने व्यवस्था छ । बाँकी रकम प्रगतिको आधारमा बैशाख २५ सम्ममा स्थानीय संचित कोष दाखिला गर्ने व्यवस्था छ । यस वर्ष १३७ स्थानीय तहमा निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम र निर्वाचन क्षेत्र विशेष विकास कार्यक्रमको रु.१ अर्ब ८६ करोड ५० लाख मध्ये पुर्वाधार विकास तर्फको प्रथम किस्ता २०७६।१०।२६ र अन्तिम किस्ता २०७७।३।१० मा मात्र निकासा गरेको छ । निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रमको प्रथम र अन्तिम किस्ता २०७७।१२।२ मा मात्र निकासा गरेको छ । ऐनको व्यवस्था अनुसार तोकिएको अवधिमा रकम निकासा गर्नुपर्दछ ।

१८. **विभाज्य कोषको बाँडफाँट :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन कर बापतको रकम मध्ये ६० प्रतिशत प्रदेश संचितकोषमा र ४० प्रतिशत स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभाज्य कोषमा रहेको सवारी साधन कर तर्फको रु.२३ करोड ४१ लाख २० हजार बाँडफाँट भएको छैन । नियमानुसार बाँडफाँट गर्नुपर्दछ ।

१९. **आन्तरिक लेखापरीक्षणः** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ९७ मा प्रदेशस्थित सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट लागु गरेको आन्तरिक लेखापरीक्षण निर्देशिका अनुरुपको कार्यविधि अपनाई चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गर्दा प्रदेश अन्तर्गतका कार्यालयमा असुल गर्नुपर्ने वेरुजु रु.६ करोड ५५ लाख, नियमित गर्नुपर्ने वेरुजु रु.१ अर्ब १० करोड ९९ लाख देखिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आन्तरिक लेखापरीक्षण हुँदा असुल गर्नुपर्ने रु.८५ लाख नियमित गर्नुपर्ने रु.१ अर्ब १० करोड ४७ लाख वेरुजु औंल्याएको छ । आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी तुल्याउनु पर्दछ ।

२०. **बेरुजुको लगत :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १०१ अनुसार महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई कायम भएको बेरुजु सम्बन्धीत कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तालुक निकायले आफू अन्तर्गतका निकायको बेरुजुको लगत अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्ने र सोको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बेरुजुको एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बेरुजुको एकीकृत लगत खडा गरी राखेको पाइएन ।

२१. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । कार्यालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका १४ जना कर्मचारीहरूलाई समेत ग्रेड थप गरी रु.७ लाख ७९ हजार भुक्तानी गरेको छ । ऐन विपरितको भुक्तानी रकम असुल हुनुपर्दछ ।

- **बेरुजु स्थितिः** मन्त्रालय र मातहत समेत ३ निकायमा यो वर्ष रु.३८ करोड ७४ लाख ५० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३८ करोड ३१ लाख ४६ हजार फस्यौंट गरेकोले रु.४३ लाख ४ हजार बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१० मा** रहेको छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन, अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा, उपाधि, सम्मान र विभुषणका लागि सिफारिस तथा अन्य संघसँगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका ईन्टरनेट सेवा र अनलाईन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो बर्ष मन्त्रालयको लागि भएको विनियोजन रु.६० करोड २४ लाख २८ हजार, राजस्व रु.१ करोड ७६ लाख १२ हजार र धरौटी रु.४ करोड २९ लाख ९० हजार अन्य कारोवार रु.१९ करोड ९ लाख ५० हजार समेत रु.८५ करोड ३९ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन ।

१. **एकीकृत आर्थिक विवरणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८६(च) मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गरेको छैन । तोकिएको समयमा आर्थिक विवरण पेश हुनुपर्दछ ।

२. **प्रगति समीक्षाः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ मा मन्त्रालयबाट संचालित कार्यक्रमको प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ । यस वर्ष मन्त्रालयको विनियोजन मध्येबाट रकमान्तर गरी जिल्ला प्रहरी कार्यालय १५, सशस्त्र प्रहरी बल नेपाल १ समेतका १६ इकाई तथा स्थानीय तह ४ मा भौतिक पुर्वाधार निर्माणको लागि निकासा दिएको रु.४७ करोड ६३ लाख ५४ हजारबाट भएको कार्य र सोको प्रगति समेत समावेश गरी वार्षिक प्रगति प्रतिवेदन पेश नभएकोले कार्यान्वयन अवस्थाको मूल्याङ्कन एवं विश्लेषण गर्न सकिएन। कार्यक्रमको एकीकृत प्रगति विवरण तयार गरी समीक्षा गर्ने व्यवस्था हुनुपर्दछ ।

३. **बजेट कार्यान्वयनः** विनियोजन ऐन, २०७६ बमोजिम मन्त्रालयलाई शुरु विनियोजन रु.१ अर्ब ४८ करोड २८ लाख ६८ हजार भएकोमा रकमान्तरबाट घटाई अन्तिम बजेट रु.१ अर्ब १६ करोड ४३ लाख ४७ हजार कायम गरेको छ । उक्त बजेटबाट मन्त्रालयले यो वर्ष रु.६० करोड २४ लाख २७ हजार मात्र खर्च गरेकोले शुरु विनियोजनको तुलनामा ५१.७३ प्रतिशत मात्र खर्च भएको छ । लक्षित कार्यक्रम संचालन गरी खर्चमा दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

४. **खरिद गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ७ मा बार्षिक १० करोड रुपैंयाभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका संघीय इकाई कार्यालयहरूमा मोटरसाइकल, एम्बुलेन्स तथा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रमा दमकल र पिकअप गाडी, जिल्लास्तरमा विपद गोदामघर, प्रहरीका ब्यारेक, सुरक्षापोष्ट, सवारी साधन तथा मेशिनरी औजार र फर्निचर खरिदको लागि यो वर्ष रु.३६ करोड ६० लाख ४५ हजार विनियोजन भएकोमा रु.१५ करोड ७३ लाख ३० हजार खर्च गरेको छ ।गुरुयोजना स्वीकृत नगरी सालवसाली रूपमा रकम विनियोजन गर्दै संघीय निकायको लागि सवारी साधन, मेशिनरी औजार र भवन निर्माण कार्यमा खर्च गर्नु नियमसम्मत देखिएन । गुरु योजनाको आधारमा वार्षिक खरिद योजना तयार गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

५. **योजना बेगरको खर्च दायित्वः** मन्त्रालयले मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (संचालन व्यवस्थापन) कार्यविधि २०७७ मा व्यवस्था भए बमोजिम वारुणयन्त्र, प्रहरीभ्यान, एम्बुलेन्स खरिद गरी स्थानीय तहमा पठाउने गरेको छ । कार्यविधिमा गाडी तथा वारुणयन्त्रको मर्मत संभार र इन्धन लगायतको संचालन खर्च स्थानीय तहले व्यहोर्ने तथा उपकरण संचालनको जिम्मेवारी प्रहरी कार्यालयको हुने व्यवस्था छ । कार्यविधिको बुँदा नं. ९ मा सेवा केन्द्रका उपकरण संचालनको लागि आवश्यक जनशक्ति प्रदेश प्रहरी कार्यालय र सम्बन्धीत स्थानीय तहले समन्वय गरी व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालयबाट ११ वारुणयन्त्र र १४ पिकअप गाडी रु.१० करोड ५५ लाख ३९ हजारमा खरिद गरी ११ स्थानीय तहमा पठाइएकोमा स्थानीय तह छनौटको आधार पेश भएन ।

वारुणयन्त्र संचालन गर्ने तालिम नदिएको, कार्यविधिमा गाडी, वारुणयन्त्र र उपकरणहरू व्यवस्थापन समितिले बुझिलिई आम्दानी गर्नुपर्ने उल्लेख भएकोमा सेवा केन्द्र व्यवस्थापन समितिको कार्यालय स्थापना नगरिएको र सेवा केन्द्र रहेका कतिपय प्रहरी कार्यालयमा उपकरण, वारुणयन्त्र र गाडी राख्ने ग्यारेज नरहेको अवस्था छ । खरिद गरिएका बारुणयन्त्र तथा सवारी साधनको सदुपयोगको सुनिश्चितता हुनुपर्दछ ।

६. **संघीय इकाईको खरिदः** मन्त्रालयले आफ्नो मातहत नरहेका सशस्त्र प्रहरी बल र जिल्ला प्रहरी कार्यालयहरूको लागि यो वर्ष रु.६ करोड १९ लाख ४४ हजारमा २४५ थान मोटरसाइकल खरिद गरी उपलब्ध गराएको छ । संघीय बजेटबाट संचालन हुने कार्यालयलाई प्रदेशबाट सवारी साधन खरिद गरी हस्तान्तरण हुँदा खर्चमा दोहोरोपना हुनसक्ने देखिन्छ । तसर्थ जुन तहबाट संचालित कार्यालय हो सोही तहबाट मात्र बजेट बिनियोजन तथा खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।

७. **निरीक्षण प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा आपूर्ति गरिएका मालसामान प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको जाँच गर्न विज्ञ समेत रहेको समिति गठन गरी जाँच गराउनु पर्ने र नियम ११७ मा आपूर्ति गरिएको मालसामान स्वीकार्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष २५० थान मोटरसाइकल, ११ थान दमकल, १४ थान पिकअप गाडी लगायतका सवारी साधन र विपद सामाग्री खरिद गरी रु.१३ करोड २७ लाख ३० हजार खर्च लेखेकोमा प्राविधिक जाँच गराई प्रतिवेदन लिएको छैन । मालसामान आपूर्ति गरिसकेपछि तोकिए बमोजिम निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

८. **आर्थिक सहायताः** प्रदेश सरकारबाट जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा २९ मा सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी वा गैर सरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने उल्लेख छ । मन्त्रालयले २०७६।२।२१ को राजपत्रमा सुचना प्रकाशित गरी प्राकृतिक र गैर प्राकृतिक विपदमा परेका सर्वसाधारणको खोजी, उद्दार तथा राहत उपलब्ध गराउन राहत वितरण सम्बन्धी मापदण्ड, २०७६ लागु गरेको छ । मापदण्डको परिच्छेद २ दफा ४(क) मा प्रकोपबाट मृत्यु हुने नागरिकको परिवारलाई रु.१ लाख सम्म राहत दिने व्यवस्था छ । मन्त्रालयले यस वर्ष १२ जिल्लाका विभिन्न ३९ व्यक्तिको प्रकोपबाट मृत्यु भएको देखाई निजको परिवारलाई रु.७३ लाख आर्थिक सहयोग उपलब्ध गराएको मध्ये उदयपुर र संखुवासभाका ५ परिवारलाई मापदण्डको दर बमोजिम र १० जिल्लाका ३४ परिवारलाई मन्त्रिपरिषदको निर्णयानुसार रु. २ लाखका दरले राहत रकम उपलब्ध गराएको छ । मापदण्ड संशोधन नगरी बढी दरमा राहत वितरण गर्नु उचित देखिएन । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययीता कायम गर्नुपर्दछ ।

९. **घर जग्गाको लगतः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५४ (३) मा प्रदेशभित्रको सरकारी घर जग्गाको लगत प्रदेश लेखा नियन्त्रक कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले विद्युतीय प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले आफूले प्रयोग गरेको घर जग्गाको लगत अद्यावधिक गरेको देखिएन । नियमावलीको व्यवस्था बमोजिम लगत अद्यावधिक गर्नुपर्दछ ।

१०. **बैठक भत्ताः** प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा ३ मा कार्यालय समय अघि वा पछि बैठक बसेको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाइने र कानुन तथा आदेशबाट गठीत वा कार्यदलको बैठकको लागि मात्र भत्ता प्रदान गरिने व्यवस्था छ । कर्मचारी बैठक भत्तामा मात्र रु.१९ लाख २७ हजार खर्च गरेको पाइयो । यस्तो कार्यमा मितव्ययी ढंगबाट खर्च गर्नुपर्दछ ।

११. **मौज्दातः** मन्त्रालयले सगरमाथा टिन्स क्लवको मेलामा सहभागीहरूलाई वितरण गर्ने गरी २०७७।३।१६ मा रु.१८ लाख १६ हजारमा खरिद गरिएका ५ हजार थान टिसर्ट मौज्दातमा राखेको पाइयो । महामारिको समयमा मेला/पर्व आयोजना गर्न नसकिने स्थितिमा वर्षान्तमा मालसामान खरिद गरी मौज्दात राखेको छ । मेला कार्यक्रम संचालन नभएकोले खरिद सामानको उपयोग हुने अवस्था देखिएको छैन। यसले गर्दा थप आर्थिक व्यय-भार परेको छ । यसरी खरिद गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

१२. **कार्य क्षेत्रः** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा विद्यालयमा संचालन गरिने क्रियाकलापहरू यस मन्त्रालयको कार्यक्षेत्रमा पर्ने देखिंदैन । मन्त्रालयले "म अघि बढ्छु कार्यक्रम" संचालन गरेकोमा गतवर्षको रु.१ करोड ११ लाख ८५ हजार समेत यो वर्षसम्मको रु.२ करोड ३४ लाख २३ हजार खर्च भएको छ । यो वर्ष सगरमाथा टिन्स क्लव गठन हुने सामुदायिक र संस्थागत विद्यालयहरूको नाममा बिउपूँजी कोष स्थापना र संचालन गर्न प्रत्येक विद्यालयलाई रु.५ हजारका दरले ६५२ विद्यालयहरूलाई रु.३२ लाख ६० हजार उपलब्ध गराएकोमा प्रगति प्रतिवेदन लिएको छैन । यस सम्बन्धमा विगतको प्रतिवेदनमा औंल्याइएकोमा सुधार नगरी वर्ष पुनः सोही कार्यक्रममा खर्च गरेको देखियो । मन्त्रालयले आफ्नो कार्य क्षेत्रभित्रको कार्य मात्र संचालन गर्नुपर्दछ ।

१३. **विपद व्यवस्थापन कोषः** प्रदेश सरकारले विपदबाट भएको क्षतिको खोज, उद्दार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७६ लागु गरेको छ । विपद व्यवस्थापन कोषमा यो वर्ष रु.३ करोड थप गरी रु.३ करोड ५० हजार मौज्दात रहेकोमा कोषबाट राहत वितरण सम्बन्धी कुनै कार्य गरेको छैन । मन्त्रालयले मन्त्रिपरिषद्को निर्णयको आधारमा चालु खर्च शीर्षकबाटै मृत्यु हुने नागरिक तथा विपदमा परेका अन्य व्यक्तिलाई राहत उपलब्ध गराउने गरेको छ । उद्देश्य अनुरूप कोषको संचालन गर्नुपर्दछ ।

१४. **आन्तरिक नियन्त्रणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । नियमावली लागु भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।

१५. **वार्षिक कार्य सम्पादन प्रतिवेदनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९० मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएका विषयहरू राखी बार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार नगरेकोले लेखापरीक्षण रकम, जम्मा बेरुजु एवं फस्र्यौट रकम, जिन्सीको अवस्था आदि एकिन गर्न सक्ने अवस्था रहेन । मन्त्रालयले प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१६. **सेवा प्रवाहः** वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर देखिएको, प्रदेशस्तरमा सार्वजनिक सेवाको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी मापन तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण प्रदेश सरकारबाट अपेक्षितरूपमा सेवा प्रवाह हुन सकेको छैन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता बृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

- **बेरुजु स्थितिः** मन्त्रालय समेतको यो वर्ष रु.४ करोड ४ लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ७ लाख २४ हजार फस्र्यौट गरेकोले रु.१ करोड ९७ लाख ७४ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ३९ लाख १३ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा रहेको छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम व्यापार बाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, उद्योग दर्ता अनुमति, प्रादेशिक पर्यटक विकास नीति, कानुन मापदण्ड र योजना निर्माण प्रदेश स्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ३७ निकायलाई भएको विनियोजन रु.१ अर्ब ९९ करोड २१ लाख ९५ हजार, राजस्व रु.२७ करोड १४ लाख ७३ हजार र धरौटी रु. १७ करोड ४७ लाख ७ हजार अन्य कारोवार रु १८ करोड ९१ लाख ६ हजार समेत रु. २ अर्ब ६२ करोड ७४ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् ।

१. **बजेट कार्यान्वयन अवस्थाः** आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमा जडीबुटी अनुसन्धान केन्द्र र जडीबुटी कम्पनी स्थापना गर्ने, झापाको जलथल क्षेत्रलाई प्रादेशिक जैविक विविधता संरक्षण क्षेत्र विकास गर्न कानुन बनाउने, एक गाउँ एक पोखरी कार्यक्रम, सुनसरीको अमरडुवामा औद्योगीक क्षेत्र स्थापना गर्ने, आयुर्वेदिक औषधि उत्पादन गर्न सार्वजनिक निजी साझेदारीमा उद्योग स्थापना गर्ने, खोटाङको दिक्तेल रुपाकोट मझुवागडीमा यलम्वर पार्कको निर्माण गर्ने, धरान-भेडेटार, खुम्बु-चौरीखर्क, रमिते-मिक्लाजुङमा केवुलकार संचालनका लागि विस्तृत संभाव्यता अध्ययन गर्ने कार्यक्रमहरू उल्लेख भएकोमा ती कार्यक्रम संचालन गरेको देखिएन ।

२. **एकीकृत आर्थिक विवरणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८६(च) मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गरेको छैन । तोकिएको समयमा आर्थिक विवरण पेश हुनुपर्दछ ।

३. **आयोजना छनौटः** योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ मा आर्थिक रूपमा सम्भाव्य आयोजना छनौट गरी लागत लाभ विश्लेषणका आधारमा आयोजना बैंक निर्माण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय तथा मातहतको पर्यटन विकास आयोजना तथा जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन ईकाइ समेतले यो वर्ष २ योजना बाहेक सबै योजना उपभोक्ता समितिबाट गराई रु.४४ करोड ३५ लाख २४ हजार खर्च गरेको पाइयो । उपभोक्ता समितिबाट गराइएका ती कार्यक्रमहरू आयोजना बैंकबाट छनौट भएको पाइएन । दिग्दर्शन अनुसार आयोजना बैंकबाट कार्यक्रम छनौट गरी खर्च गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । नियमावली लागु भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।

५. **वार्षिक कार्य सम्पादन प्रतिवेदनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९० मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएका विषयहरू राखी बार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार नगरेकोले लेखापरीक्षण रकम, जम्मा बेरुजु एवं फस्यौंट रकम, जिन्सीको अवस्था आदि एकिन गर्न सक्ने अवस्था रहेन । मन्त्रालयले प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

६. **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा योजनाको निर्माण सम्बन्धी कार्य गर्दा काममा दोहोरोपना नहुने गरी स्वीकृत ड्रइङ डिजाइन अनुसार लागत अनुमान स्वीकृत गरी निर्माण कार्य गर्नुपर्ने व्यवस्था छ । बराहक्षेत्र नगरपालिका वार्ड नं. ६ को राष्ट्रिय वन क्षेत्र भित्रको जग्गामा हरित पार्क निर्माण गर्न रु.८० लाख ९३ हजारको लागत अनुमान स्वीकृत गरी एक उपभोक्ता समिति मार्फत कार्य शुरु गरेको छ । सोही स्थानमा दक्षिण तर्फबाट काम गराउने गरी मन्त्रालयबाट छुट्टै रु.८३ लाख ६३ हजार लागत अनुमान तयार गरी सोही उपभोक्ता समितिलाई जिम्मा दिई यो वर्ष रु.१० लाख खर्च गरेको छ । पार्क निर्माण परियोजना प्रतिवेदन र एकमुष्ठ लागत अनुमान स्वीकृती नगरी दुई निकायबाट निर्माण कार्य प्रारम्भ भएको छ । विस्तृत ड्रइङ डिजाइन र लागत अनुमान स्वीकृत गरेपछिमात्र दोहोरो नहुने गरी कार्यसम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

७. **प्रदेश आविष्कार केन्द्रः** प्रदेश आविष्कार केन्द्र स्थापना कार्यक्रमका लागि मन्त्रालय र एक प्राविधिक विश्वविद्यालय वीच २०७७।२।२१ मा सम्झौता भएको छ । लागत अनुमान रु.१ करोड ८ लाख ३३ हजार मध्ये मन्त्रालयले रु.९७ लाख ५० हजार र विश्वविद्यालयले रु.१० लाख ८३ हजार व्यहोर्ने गरी सम्झौता भई यो वर्ष विश्वविद्यालयलाई पुरै रकम भुक्तानी गरेको छ । सम्झौताको शर्तमा इन्सेप्सन रिपोर्ट बुझाएपछि सम्झौताको ४० प्रतिशत रकम भुक्तानी दिने उल्लेख छ । खर्चको लेखापरीक्षण, सामाजिक परीक्षण गरी प्रमाणित बिल भरपाईहरू मन्त्रालयमा बुझाएपछि मात्र अन्तिम किस्ता बापतको रकम उपलब्ध गराइने र लेखापरीक्षणको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । इन्सेप्सन रिपोर्टको आधारमा पहिलो किस्ता बापतको रु.३९ लाख मात्र भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी गरेको छ । उल्लिखित प्रावधान अनुसारको प्रतिवेदन तथा विवरण लिएको नदेखिएकोले तोकिएको कार्यमा खर्च भएको सुनिश्चितता भएको छैन ।

८. **अध्ययन अनुसन्धान अनुदानः** मन्त्रालय र दुई क्याम्पसबीच २०७६।११।६ मा भएको सम्झौता अनुसार १४ विद्यार्थीको सोधपत्र अनुदान बापत रु.७ लाख क्याम्पसलाई उपलब्ध गराएको छ । सोधपत्रको सम्झौता हुँदा ५० प्रतिशत र सोधपत्र बुझाएपछि बाँकी ५० प्रतिशत दिने, यसै आर्थिक वर्षभित्र कार्यक्रम सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र एक थान सोधपत्र मन्त्रालयमा पेश गर्ने व्यवस्था छ । सम्झौतामा उल्लिखित प्रावधान अनुसार सोध कार्य गरेको कार्यसम्पन्न प्रतिवेदन सोधपत्र तथा लेखापरीक्षण प्रतिवेदन लिएको नदेखिएकोले खर्चको उपलब्धी भएको सुनिश्चितता रहेन । तोकिएको कार्यमा खर्च भएको प्रमाण पेश हुनुपर्दछ ।

९. **औधोगिक मेलाः** मन्त्रालयले औधोगिक मेला संचालनको लागि विराटनगर स्थित एक संस्थालाई रु.९ लाख अनुदान दिएको छ । नेपाल सरकारले २०७६।१२।११ देखि २०७७ आषाढ मसान्तसम्म मेला, महोत्सव गर्न रोक लगाएको अवस्थामा २०७७।२।२७ मा उक्त संस्थालाई रकम उपलब्ध गराएको देखियो । कार्यक्रम संचालन हुन नसक्ने अवस्थामा दिएको उक्त अनुदानको उपयोग हुने अवस्था नै नदेखिएकोले सो रकम फिर्ता गर्नुपर्दछ ।

१०. **विज्ञान प्रयोगशालाः** विज्ञान प्रयोगशाला निर्माण गर्न छनौट गरिएका सामुदायिक विद्यालयसँग भएको सम्झौतामा विद्यालयले संचालित कार्यक्रमको प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र मन्त्रालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २८ विद्यालयलाई विज्ञान प्रयोगशाला निर्माण गर्न रु.२ करोड ५३ लाख ६४ हजार निकासा गरेकोमा शर्त अनुसार निर्माण कार्य पुरा गरेको प्रगति विवरण, खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । तोकिएको काममा खर्च भए/नभएको यकिन गर्नुपर्दछ ।

११. **व्यापार मेलाः** मन्त्रिपरिषदको २०७७/२/२१ को निर्णयानुसार मन्त्रालयले व्यापार मेला आयोजना तथा मेलाउत्सव प्रवर्द्धन कार्यक्रम गर्न काठमाडौंका २ एवं झापा, मोरङ र सुनसरी जिल्लाका १४ समेत १६ संस्थालाई रु.४० लाख ८३ हजार वितरण गरेको छ । कार्यक्रम संचालनको लागि मन्त्रालय र ती संस्थावीच लिखित सम्झौता भएको छैन । कोभिड-१९ को कारण नेपाल सरकारले २०७६।१२।११ देखि लकडाउन घोषणा गरी मेला उत्सव कार्यक्रममा रोक लगाएको अवधिमा मेला उत्सव आयोजना गरेको भनी रकम भुक्तानी गरेको, खर्चका बिल भरपाई प्रस्तुत नभएको र लेखापरीक्षण प्रतिवेदन समेत नलिएकोले खर्चको वास्तविकता यकिन गर्न छानविन गर्नुपर्दछ ।

१२. **शहिद स्मारक निर्माणः** शहिद स्मारक निर्माणको लागि एक शहिद स्मृति प्रतिष्ठानलाई रु.५० लाख उपलब्ध गराएको छ । प्रतिष्ठानसँगको सम्झौतामा सामाजिक लेखापरीक्षण र वित्तीय लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नुपर्ने उल्लेख गरेकोमा उक्त प्रतिवेदनहरू लिएको देखिएन । प्रगति प्रतिवेदन, खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन लिई तोकिएको कार्यमा खर्च भए/नभएको यकिन गर्नुपर्दछ । तोकिएको कार्यमा खर्च नभएको रकम फिर्ता गर्नुपर्दछ ।

१३. **खर्चको मापदण्ड पालनाः** प्रदेश सरकारले स्वीकृत गरी लागु गरेको सार्वजनिक खर्चको मितव्ययीता सम्बन्धी मापदण्ड निर्देशिका, २०७५ मा मन्त्रीलाई रु.७५ लाख सम्मको सवारी साधन खरिद गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले मन्त्रीको लागि रु.२ करोड ७ लाख ५० हजारमा सवारी साधन खरिद गर्न सम्झौता गरेको छ । तोकिएको मापदण्ड भन्दा बढी मूल्यको गाडी खरिद गर्न सम्झौता गर्नु उचित देखिएन ।

१४. **कार्य सञ्चालनस्तरको कार्य :** कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन २०७६ को बुँदा नं. १५६ मा जलवायू अनुकुलतम नमूना गाँउ कार्यक्रम संचालन गर्न छुट्टै मार्गदर्शन तयार गरी लागु गरिने व्यवस्था छ। उक्त कार्यक्रमको लागि यस वर्ष रु.१ करोड ५० लाख विनियोजन भएको छ । जिल्ला स्थित कार्यालयलाई अख्तियारी नपठाई मन्त्रालय आफैले धनकुटा जिल्लाको एक तरकारी समुह र दुई सहकारी संस्थालाई तरकारी उत्पादनको लागि टनेल निर्माण गरेको तथा अन्य सामाग्री खरिद गरेको बिल भरपाईको आधारमा रु.५९ लाख भुक्तानी दिएको पाइयो । कार्यक्रम कार्यान्वयन मार्गदर्शन तयार गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ अनुसार जिल्लास्थित कार्यालयलाई अख्तियारी दिनुपर्नेमा मन्त्रालय आफैले खर्च गर्नु कानुनसम्मत देखिएन । कानुन बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१५. **योग्यताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २७(२)(क) मा परामर्शसेवाको लागि प्रस्तावदाताको प्राविधिक क्षमता प्रमाणित गर्न विगत दश वर्षको अवधिमा प्रस्तावित परामर्श सेवासँग मिल्ने प्रकृतिको परामर्शसेवा प्रदान गरेको खुल्ने विवरण माग गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रदेश अन्तर्गतको तराईको जंगलमा रहेको कार्वन स्टकको अध्ययन गराउन एक प्रा.लि.सँग रु.१९ लाख ८

हजारमा सम्झौता गरी भुक्तानी गरेको पाइयो । कार्वनको अवस्था सम्बन्धी अध्ययन गर्न नियुक्त उक्त फर्मले विगत १० वर्षमा सो सम्बन्धी कार्य (कार्वन स्टक) सम्पादन गरेको प्रमाण समावेश नगरेकोले फर्मको कार्यअनुभव यकिन हुन सकेन । परामर्शदाताको अनुभव यकिन गरी मात्र कार्य गराउनुपर्दछ ।

१६. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । मन्त्रालय र मातहतका ९ कार्यालयमा ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई समेत ग्रेड थप गरी रु.७२ लाख २४ हजार खर्च गरेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

## डिभिजन वन कार्यालयहरू

१७. **वनक्षेत्रको वस्तुस्थिति र आयः** प्रदेश आवधिक योजना (२०७६।७७- २०८०/८१) अनुसार वनले ढाकेको क्षेत्रफल हाल ४३.२४ प्रतिशत रहेकोमा योजनाको अन्तसम्म ४४.७४ प्रतिशत पुऱ्याउने पञ्चवर्षीय योजनाले लक्ष्य निर्धारण गरेको छ । प्रदेश अन्तर्गत ४ लाख २४ हजार ७१४ हेक्टर सामुदायिक वन, ४ हजार ५५ हेक्टर कवुलियती वन, ११४ हेक्टर संस्थागत कवुलियती वन, ४१४ हेक्टर धार्मिक वन, ७ हजार २६३ हेक्टर साझेदारी वन, २ हजार २२० हेक्टर निजी वन र २३ हजार ११३ हेक्टर सरकारद्वारा व्यवस्थित वन गरी ४ लाख ६१ हजार ८९३ हेक्टर वन क्षेत्र रहेको छ । मन्त्रालयबाट प्राप्त प्रगति विवरण अनुसार यस वर्ष सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन, साझेदारी वन एवं जिल्ला वन पैदवार आपूर्ति समिति मार्फत ९७ लाख ३४ हजार घन फिट काठ, ३ हजार चट्टा दाउरा र ४८ लाख ६० हजार गैरकाष्ठ वन पैदावारको विक्रि वितरणबाट रु.४५ करोड ९४ लाख ४४ हजार राजस्व आर्जन गरेको छ ।

१८. **विरुवा उत्पादन र वितरणः** प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालय मोरङ, झापा, धनकुटा, तेह्रथुम र इलामले विभिन्न जातका २७ लाख १० हजार विरुवा उत्पादन गरेको मध्ये ४५ हजार विरुवा मरेको उल्लेख छ । उत्पादितमध्ये १७ लाख ९८ हजार विरुवा वितरण गरी ८ लाख ६७ हजार मौज्दात देखाएको छ । उत्पादन गरिएका विरुवा लामो समय वितरण नगरी राख्दा गोडमेल र सुधारमा थप खर्च व्यहोर्नुपर्ने अवस्था देखिएकोले यथा समयमै वितरण र रोपणको व्यवस्था गर्नुपर्दछ ।

१९. **काठ दाउरा मौज्दातः** डिभिजन वन कार्यालयहरूले वन व्यवस्थापन कार्यान्वयन योजना अनुसार संकलन गरेको तथा ढलापडाबाट प्राप्त काठ दाउरा समयमै लिलाम बिक्री गर्नुपर्दछ । प्राप्त विवरण अनुसार डिभिजन वन कार्यालय मोरङ, सुनसरी र उदयपुरमा यस वर्षको अन्त सम्ममा साल काठ ७६ हजार ५१५ घन फिट, अन्य जातको काठ ४४ हजार ३४ घन फिट र दाउरा ७० चट्टा मौज्दातमा रहेको देखियो । संकलित काठ दाउरा लामो समय सम्म बिक्री वितरण नगरी मौज्दात रहँदा वर्षेनी काठ दाउराको हैसियत विग्रँदै गई राजस्व आर्जनमा समेत असर पर्न जाने हुँदा समयमै उचित निर्णय गरी बिक्री वितरणको व्यवस्था हुनुपर्दछ ।

२०. **समितिको उत्तरदायित्वः** प्रदेश सरकारको डिभिजन वन कार्यालय मातहतको जिल्ला वन पैदावार समितिको कार्यक्रम र बजेट संघको वन तथा भू-संरक्षण विभागले स्वीकृत गर्ने गरेको छ । यो वर्ष झापा, मोरङ, सुनसरी र उदयपुर स्थित समितिले रु.१ करोड ४७ लाख ५४ हजार खर्च गरेको

आर्थिक विवरण डिभिजन वन कार्यालयका प्रमुखबाट प्रमाणित भएको छ । संघीय विभागले बजेट तथा कार्यक्रम स्वीकृत गर्ने तर प्रादेशिक कार्यालयले आर्थिक विवरण प्रमाणित गर्ने गरेकोले समितिको उत्तरदायित्व स्पष्ट देखिएन । समितिको उत्तरदायित्व कानुनद्वारा स्पष्ट गर्नुपर्दछ ।

२१. **डढेलोः** वन ऐन, २०७६ को दफा ४९(६) मा राष्ट्रिय वनमा आगो लगाउने वा आगजनी हुन जाने कुनै कार्य गरेमा दफा ५०(४) मा क्षति भएको बिगो असुल गरी तीन वर्ष सम्म कैद वा ६० हजार रुपैया सम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार यस वर्ष १३ जिल्लाका १७८ स्थानमा डढेलो लागेको कारणले ३ हजार हेक्टर वन क्षेत्रमा प्रभाव परेको देखिएको छ। डढेलो नियन्त्रणका लागि वन डढेलो नियन्त्रण सप्ताह संचालन र प्रचार प्रसार लगायतका कार्य संचालन गर्ने गरेतापनि नियन्त्रण प्रभावकारी भएको देखिएन। डढेलो लगाउनेको पहिचान गरी कानुनी सजाय गर्नुपर्दछ ।

२२. **बढी कार्य -** विद्युत प्रशारण लाइनको लागि नेपाल विद्युत प्राधिकरणसँग भएको सम्झौतामा डिभिजन वन कार्यालय, त्रिवेणी उदयपुरले ८६.१८ हेक्टर क्षेत्रमा वृक्षारोपण गरी ५ वर्षसम्म रोपण र स्याहार सम्भार समेतमा रु.५ करोड ४७ लाख २६ हजार खर्च गर्नुपर्ने तथा सम्झौता अनुसारको कार्यमा कुनै फेरबदल गर्नुपरेमा मन्त्रालयको स्वीकृति लिएर मात्र गर्नसक्ने व्यवस्था छ । कार्यक्रममा गत वर्ष रु.४२ लाख ३४ हजार समेत यो वर्षसम्म रु.३ करोड ४४ लाख २९ हजार खर्च भएको छ । उक्त खर्चको अनुपातमा सम्झौता अनुसार ८६.१८ हेक्टरमा मात्र कार्य गर्दा रु.१ करोड ५० लाख ६९ हजार लागत लाग्नेमा सम्झौता संशोधन तथा स्वीकृती बेगर थप ११०.७२ हेक्टर क्षेत्रफलमा वृक्षारोपण र संरक्षण कार्य गरी थप रु.१ करोड ९३ लाख ६० हजार खर्च गर्नु उचित होइन ।

## पर्यटन विकास आयोजना

२३. **आयोजना वर्गीकरणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा संघ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले संचालन गर्ने आयोजनाको वर्गीकरण राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने व्यवस्था छ । यस आयोजनामा संघीय सरकारबाट रु.२५ करोड ८९ लाख ३४ हजारको अख्तियारी प्राप्त भएकोमा योजनाहरूको वर्गीकरण नगरी रु.९ करोड ७४ लाख ४४ हजार खर्च गरेको छ । ऐनको मनसाय बमोजिम योजनाहरूको वर्गीकरण गरी खर्च गर्नुपर्दछ ।

२४. **मोटरसाइकल खरिदः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६(२)(क) मा रकम स्वीकृत बजेट सीमा भित्र सम्बन्धीत खर्च शीर्षकमा पर्दछ भने मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सार्वजनिक निर्माणतर्फको बजेटबाट ७ थान मोटरसाइकल खरिद गरी रु.१६ लाख ५० हजार खर्च गरेको छ । सार्वजनिक निर्माणको बजेट मोटरसाइकल खरिदमा खर्च गरेको नियमित देखिएन ।

२५. **प्रतिस्पर्धा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(८) मा गैर सरकारी संस्था मार्फत कार्य गराउदा रु.१० लाखभन्दा बढीको लागत अनुमान भएको काम खुल्ला रूपमा आशयपत्र माग गरी नियम ७० को प्रकृयाबाट संक्षिप्त सुची तयार गरी कार्य गर्नुपर्ने व्यवस्था छ । आयोजनाले एक स्मृति प्रतिष्ठानसँग साइन्स पार्क प्रवर्द्धन र विकास योजना सम्बन्धी कार्य गराउन रु.५५ लाख ४१ हजारको सम्झौता गरी रु.५३ लाख १५ हजार खर्च गरेकोमा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार प्रतिस्पर्धा गराएको पाइएन। नियमको पालना गर्नुपर्दछ ।

२६. **सीमा भन्दा बढीको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोडसम्मको लागत अनुमान भएको काम उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । सुनसरी जिल्लाको गढडे बुद्ध पर्यटकीय निर्माण स्थल कार्यको लागत अनुमान रु.२ करोड ४४ लाख ५९ हजार रहेको छ । उक्त लागत अनुमान टुक्राई यो वर्ष रु.८२ लाख ४७ हजारको लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उपभोक्ता समितिले यो वर्ष रु.७६ लाख ९४ हजारको कार्य गरेकोमा आयोजनाले कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु.२० लाख भुक्तानी दिई बाँकी रकम भुक्तानी दिन बाँकीको विवरणमा सारेको पाइयो । लागत अनुमान टुक्राई सीमा भन्दा बढीको कार्य उपभोक्ता मार्फत गर्नु नियमसम्मत देखिएन ।

२७. **संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण सम्बन्धी कामको विस्तृत ड्रइङ डिजाइन समेत स्वीकृत गरी कार्य गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आयोजनाले भेडेटारस्थित सूर्योदय बुद्ध विहार धार्मिक वन क्षेत्र भित्र १७५ फिट उचाई भएको बुद्ध प्रतिमा निर्माण गर्ने स्थानमा इट्टाको पर्खाल लगाउने कार्य उपभोक्ता समितिमार्फत गरी रु.५६ लाख ३५ हजार खर्च गरेको छ । विस्तृत ड्रइङ डिजाइन बेगर धार्मिक प्रयोजनको लागि उपलब्ध गराएको वन क्षेत्रभित्र संरचनाहरू निर्माण गरिएको छ । ती संरचना स्वीकृत वन कार्य योजनामा रहे नरहेको सम्बन्धमा डिभिजन वन कार्यालयबाट यकिन नगरी वन क्षेत्रमा स्थायी संरचना निर्माण गरेकोले छानविन गर्नुपर्दछ ।

२८. **भुक्तानी बाँकीः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४१(६) मा चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्नु नहुने व्यवस्था छ । आयोजनालाई प्राप्त रकममध्ये १४ जिल्लाका ११७ योजनाको कार्य गराएकोमा रकम नपुग देखाई रु.२० करोड ६९ लाख ९२ हजार र कन्टिन्जेन्सी बापतको रु.३ लाख ७३ हजार समेत रु.२० करोड ७३ लाख ६६ हजार भुक्तानी बाँकीको कच्चावारी (म.ले.प.फा.नं. २२१) मा समावेश गरी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराएको छ । अख्तियारीभन्दा बढी खर्च गरी दायित्व सार्ने काममा नियन्त्रण हुनुपर्दछ ।

- **बेरुजु स्थितिः** मन्त्रालय र मातहत समेत २५ निकायमा यो वर्ष रु.१६ करोड ३९ लाख ३९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ३७ लाख ७५ हजार फस्योंट गरेकोले रु.१४ करोड १ लाख ६४ हजार बाँकी रहेको छ । सोमध्ये रु.२२ लाख २ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा रहेको छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशभित्रको भूमि व्यवस्थापन तथा प्रशासन, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण र सहकारी सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र अन्तर्गतका ३४ निकायलाई भएको विनियोजन रु.१ अर्ब ५६ करोड २२ लाख ५२ हजार, राजस्व रु.६३ लाख ८० हजार, धरौटी रु.२ करोड ४५ लाख १९ हजार र अन्य कारोवार रु.१ करोड ९३ हजार समेत रु.१ अर्ब ६० करोड ३२ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्ः

१. **एकीकृत आर्थिक विवरणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८६(च) मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गरेको छैन । तोकिएको समयमा आर्थिक विवरण पेश हुनुपर्दछ ।

२. **वार्षिक नीति तथा कार्यक्रम :** प्रदेश सरकारको वार्षिक नीति, कार्यक्रम र बजेट बक्तव्यमा १०० विघा जमिनमा जग्गा धनीलाई कृषि कम्पनीमा आवद्ध गरी प्रदेश सरकारको लगानीमा मल, विउ, औषधि, पानी, विजुली, बाटो र न्यूनतम ब्याजदरमा ऋण उपलब्ध गराई हरित अभियान संचालन गर्ने कार्यक्रम रहेकोमा उदयपुरको बेलका नगरपालिकामा ३०० हेक्टर जग्गा तयार गरिएको उल्लेख छ । प्राङ्गारिक व्यवसायीक खेतीलाई प्रोत्साहन गर्न १०० फर्मलाई सहुलियतपूर्ण ऋण र अनुदान सहयोग गर्ने कार्यक्रम रहेकोमा झापा र उदयपुरमा प्राङ्गारिक मिशन कार्यक्रम शुरु गरिएको उल्लेख छ ।

    यसैगरी निजी तथा सहकारी क्षेत्रको सहकार्यमा कृषि, पशुपंक्षी तथा मत्स्यजन्य क्षेत्रको व्यवसायीकरण गर्ने नीति अन्तर्गत ६ वटा सवारी साधन खरिदमा अनुदान प्रदान गरेको, धुलो दुध कारखाना कार्यक्रम अघि बढाएको, १४ जिल्लाबाट छानिएका कृषकलाई तालिम दिएको, अदुवा, चिया, अलैंची, रुद्राक्षको व्यवसायिकरण र ब्राण्डिङ्गमा सूर्योदय नगरपालिका, इलामलाई रु.५ करोड रकम निकासा गरेको, सुधारिएको अलैंची सुकाउने भट्टी, अदुवा मिशन कार्यक्रम, कागती खेती मिशन, बिक्री बगैंचा र व्यवसायिक फलफुल बगैंचा स्थापना भएको तथा भूमिको चक्लावन्दी गरिएका स्थानमा भूमिहीन किसानलाई करार खेतीको लागि झापा र उदयपुरमा चक्लाबन्दी खेती शुरुवात गरिएको प्राप्त विवरणमा उल्लेख छ ।

३. **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** मन्त्रालयले यो वर्ष वित्तीय हस्तान्तरण मार्फत रु.१४ करोड ५८ लाख १७ हजार स्थानीय तहमा कार्यक्रम संचालन गर्न रकम हस्तान्तरण गरेको मध्ये रु.९ करोड २७ लाख ६९ हजार खर्च भएको विवरणबाट देखिएको छ । हस्तान्तरित रकमबाट ४ स्थानीय तहले कार्यक्रम संचालन नगरेको र २ स्थानीय तहले आंशिक कार्य गरेको देखिएको छ । वार्षिक लक्ष्य पुरा गर्न मन्त्रालयले निरन्तर अनुगमन गर्न जरुरी छ ।

४. **आन्तरिक नियन्त्रणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली

कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । नियमावली लागु भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।

५. **वार्षिक कार्य सम्पादन प्रतिवेदनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९० मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएका विषयहरू राखी बार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार नगरेकोले लेखापरीक्षण रकम, जम्मा बेरुजु एवं फस्यौंट रकम, जिन्सीको अवस्था आदि एकिन गर्न सक्ने अवस्था रहेन । मन्त्रालयले प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

६. **मेशिनरी खरिद तथा भौतिक निर्माण अनुदान :** प्रदेशमा मिल्क होलिडे समस्या समाधान गर्ने प्रदेश सरकारको २०७५।१०।४ को निर्णयानुसार दुग्ध वितरण आयोजना विराटनगरको क्षमता विस्तार/सुधार र बजारीकरणको लागि मेशिनरी खरिद तथा भौतिक पुर्वाधार निर्माण गर्न प्रदेश सरकारले रु.५ करोड उपलब्ध गराएको छ । लागत साझेदारीमा २०७६ आषाढ मसान्तसम्म कार्यसम्पन्न गर्ने गरी सम्झौता भई मन्त्रालयले सबै रकम अग्रिम रूपमा भुक्तानी गरेकोमा सो कार्यसम्पन्न भएको पाइएन । सम्झौता बमोजिमको कार्यसम्पन्न नहुँदै पुरै रकम निकासा गरेकोले खर्च नभएको रकम यकिन गरी फिर्ता गर्नुपर्दछ ।

७. **कार्यविधि विपरितको अनुदानः** प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ ले "अनुदानग्राही" को परिभाषामा कृषि उद्यमी, कृषकसमुह, कृषि सहकारी, कृषि विकाससँग सम्बन्धीत समिति र कृषि व्यवसायीलाई समेटेको छ । नेपाल सरकार वा प्रदेश सरकारको संगठित संस्था, बचत तथा ऋण सहकारी संस्था र सहकारी संस्थालाई अनुदान दिने व्यवस्था नरहेकोमा मन्त्रालयले मोरङ्ग जिल्लाको १ ऋण तथा बचत वहुउद्देश्यीय सहकारी संस्थालाई दुध खरिद विक्रिमा पर्ने फरक मूल्यको लागि रु.२२ लाख ७ हजार, २ वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई दुध ढुवानी सवारी साधन खरिद गर्न रु.८२ लाख २ हजार समेत रु.१ करोड ४ लाख ९ हजार अनुदान दिएको पाइयो । कार्यविधिमा तोकिए बाहेकका संस्थालाई अनुदान दिनेलाई जिम्मेवार बनाई उक्त रकम फिर्ता गर्नुपर्दछ ।

८. **कार्यविधिको पालनाः** कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को दफा ८ मा पचास लाख भन्दा माथिका अनुदान रकममात्र मन्त्रालयबाट प्रदान गरिने व्यवस्था भएकोमा यो वर्ष मन्त्रालयले रु.३ लाख देखि रु.५० लाखसम्मका ७५ कार्यक्रममा रु.७ करोड ७३ लाख ३० हजार अनुदान दिएको छ। मन्त्रालय स्वंयले कार्यविधि उल्लंघन गर्नु उचित होइन । मातहत निकायबाट यस्ता कार्यक्रम संचालन गरी मन्त्रालयले अनुगमनमा ध्यान दिनुपर्दछ ।

९. **व्यवसाय निरन्तरता प्रत्याभूतिः** कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६ को दफा (९) मा अनुदानबाट संचालन हुने कृषि कार्यक्रमहरू रु.२० लाख, रु.५० लाख र रु.१ करोडभन्दा माथिको लगानीमा क्रमशः कम्तिमा ३ वर्ष, ५ वर्ष र १० वर्ष व्यवसायको निरन्तरता रहने प्रत्याभूति सम्झौतापत्रमा उल्लेख भएको हुनुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष २४ संस्थालाई रु.२० लाख देखि रु.७३ लाख ५० हजार सम्म अनुदान स्वीकृत गरी रु.६ करोड ७८ लाख ९७ हजार अनुदान दिएको छ । कार्यविधिमा उल्लिखित व्यवस्था अनुसार प्रत्याभुति अवधिलाई सम्झौतामा समावेश नगरी अनुदान उपलब्ध गराएकोले व्यवसाय निरन्तरताको सुनिश्चितता देखिएको छैन । कार्यविधिको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१०. **दोहोरो सुविधाः** कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६ को दफा २५ मा अनुदानग्राहीले एक प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन भन्ने व्यवस्था छ । साथै कार्यविधिमा वहुउद्देश्यीय सहकारी संस्थालाई "अनुदानग्राही" को परिभाषा भित्र समेटेको छैन । मन्त्रालयले यो वर्ष झापा जिल्लाको एक बहुउद्देश्यीय सहकारीलाई पशु सेवा तर्फको कार्यक्रमबाट दुध ढुवानी ट्याङ्कर खरिदमा रु. २९ लाख ४८ हजार अनुदान उपलब्ध गराएकोमा कृषि कार्यक्रम तर्फबाट ट्याक्टर, चिलिङ्ग भ्याट, जेनेरेटर खरिद कार्यका लागि समेत रु.२७ लाख ५४ हजार दोहोरो अनुदान उपलब्ध गराएको छ । अनुदानग्राहीको परिभाषा भित्र नसमेटिएको उक्त बहुउद्देश्यीय सहकारी संस्थालाई दोहोरो अनुदान उपलब्ध गराएको देखियो । कार्यविधि विपरित अनुदान दिनेलाई जिम्मेवार बनाई उक्त रकम फिर्ता लिनु पर्दछ ।

११. **अनुदान फिर्ताः** कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६ को दफा ५(५) मा प्रदेश सरकारबाट पचास लाख देखि पाँच करोड सम्म लगानी भएको कृषि व्यवसायमा सम्बन्धीत अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकमको ५० प्रतिशत रकम प्रदेश सरकारलाई कार्यक्रमको प्रकृति अनुसार सम्झौतामा तोकिएको अवधिभित्र फिर्ता गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट रु.५० लाखभन्दा बढी अनुदान लगानी गर्दा अनुदानग्राहीसँग भएका सम्झौताको शर्तमा रकम फिर्ता गर्नुपर्ने व्यवस्थालाई समावेश गरेको पाइएन । रु.५० लाखभन्दा बढी अनुदान पाएका ३ लाभग्राही संस्थालाई यो वर्ष रु.४ करोड ३० लाख ५२ हजार अनुदान दिएको छ । कार्यविधि विपरित सम्झौता गर्नेलाई जिम्मेवार बनाई सम्झौताको शर्तमा पुनरावलोकन गरी ५० प्रतिशतले हुने रु.२ करोड १५ लाख २६ हजार फिर्ता गर्ने व्यवस्था हुनुपर्दछ ।

१२. **परियोजना लागत, लगानी र भुक्तानीः** कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ को दफा ६ मा छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्ने व्यवस्था छ । मन्त्रालयले तेह्रथुम जिल्लाको एक कृषि सहकारी संस्थासंग कोल्ड स्टोरेज र वेटलिफ्टिङ मेशिन खरिद गरी जडान समेतको लागि परियोजनाको लागत रु.३ करोड ९९ लाख ४६ हजार मध्ये व्यवसायीले रु.१ करोड ४९ लाख ४६ हजार र प्रदेश मन्त्रालयले रु.२ करोड ५० लाख व्यहोर्ने परियोजना प्रस्तावमा लगानीको बाँडफाँट गरी यो वर्ष रु.९९ लाख २५ हजार भुक्तानी भएको छ । यस सम्बन्धमा देहाय बमोजिम भएको देखियोः

१२.१. संस्थाले पेश गरेको परियोजना प्रस्तावमा प्रदेश मन्त्रालयले रु.२ करोड ५० लाख व्यहोर्ने उल्लेख भएकोमा सचिवस्तरीय निर्णयको आधारमा प्रदेश मन्त्रालयले रु.३ करोड अनुदान दिनेगरी संस्थासँग सम्झौता गरेकोले रु.५० लाख थप आर्थिक व्ययभार पारेको देखिएको छ । परियोजना प्रस्तावमा उल्लेख भएभन्दा बढी अनुदान स्वीकृत गर्नेलाई कानुन बमोजिम कारवाही गर्नुपर्दछ ।

१२.२. संस्थाबाट पेश भएको परियोजना प्रस्तावमा सिभिल वर्क्सतर्फको काममा ५२.९४ प्रतिशत अनुदान दिने व्यवस्था छ । संस्थालाई यो वर्ष सिभिल वर्क्सतर्फको काम रु.१ करोड ४१ लाख १६ हजारको ७० प्रतिशतले हुने रु.९९ लाख २५ हजार भुक्तानी गरेको देखियो । सिभिल वर्क्समा ५२.९४ प्रतिशतले रु.७४ लाख ७३ हजारमात्र भुक्तानी हुनुपर्नेमा रु.२४ लाख ५२ हजार बढी भुक्तानी भएकोले असुल हुनुपर्दछ ।

१३. **कर्मचारी करारः** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट हुने व्यवस्था छ । यस मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन । यो वर्ष प्रदेश मन्त्रालय र मातहत इकाइहरूमा न्यून कर्मचारीमात्र समायोजन भै आएकोले कार्यक्रम सम्पन्न गर्न नसक्ने अवस्था

देखाई २०७६।३।२७ मा रिक्त दरबन्दीमा सेवा करारमा कर्मचारी भर्ना गर्न मन्त्रिपरिषद्बाट छनौट सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत भएको छ। अधिकृतस्तर सातौं तहमा ६० र प्राविधिक सहायक १० जना भर्ना गर्न स्वीकृत भएकोले भर्ना र छनौट सम्बन्धी कार्यमा रु.१२ लाख २८ हजार खर्च भएको छ । करारमा भर्ना गरिएका मध्ये सातौं तहका ८ र प्राविधिक सहायक २ जनालाई मन्त्रालयमै कामकाज गराई यो वर्ष रु.२९ लाख ८९ हजार खर्च गरेको पाइयो । करारका कमर्चारीलाई मन्त्रालयमा राखी खर्च गर्नु उपयुक्त देखिएन । संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यसम्पन्न गरी स्वीकृत दरबन्दीमा लोकसेवा आयोगमार्फत पदपूर्ति गर्नुपर्दछ ।

१४. **सुविधा र खर्चको सीमाः** मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ मा सरकारी घरको बन्दोवस्त नभएमा राज्यमन्त्रीलाई फर्निचर उपलब्ध गराउने व्यवस्था छ । मन्त्रालयले माननीय राज्यमन्त्रीको कार्यकक्ष र निवासमा रु.१६ लाख ४२ हजारको फर्निचर, टेलिभिजन, भान्सामा प्रयोग हुने सामान लगायतका मालसामान सोझै खरिद गरेको पाइयो । ऐनमा फर्निचर उपलब्ध गराउने मात्र उल्लेख गरेको तर खर्चको सीमा नतोकिएकोले खर्चको सीमा निर्धारण गर्नुपर्दछ ।

१५. **कृषक भ्रमणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा कार्यालयलाई प्राप्त निकासा रकम स्वीकृत कार्यक्रमको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । उद्यमी एवं व्यवसायिक कृषकहरूलाई भारतस्थित व्यवसायिक फर्महरूमा स्थलगत तालिम तथा अवलोकन भ्रमण गर्न मन्त्रालयको २०७६।३।२९ को निर्णयबाट १२ कृषक र १३ कर्मचारी सहित २५ जनाको ९ दिनको भारत भ्रमण कार्यक्रम स्वीकृत गरी रु.४० लाख ५० हजार खर्च गरेको देखियो । उक्त कार्यक्रममा कृषक छनौटको आधार पेश भएन । कृषकको लागि निर्धारित कार्यक्रमबाट कृषकभन्दा बढी संख्यामा कर्मचारी भ्रमण गराउनु उचित देखिंदैन । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

१६. **गुणस्तर परीक्षणः** मन्त्रालयले मोरङ जिल्लास्थित एक प्राइभेट लिमिटेडसँग २ च्याम्बरको प्रिफ्याव (रेडि टु यूज) प्रविधिको कोल्डरुम निर्माण गर्न सम्झौता गरी रु.४४ लाख ४८ हजारको लागत अनुमान मध्ये ७० प्रतिशतले हुने रु.३२ लाख ६९ हजार भुक्तानी गरेको छ। अनुदान सम्झौताको शर्तमा स्वीकृत स्पेसिफिकेशन बमोजिमको मालसामान प्राप्त भएपछि मात्र भुक्तानी गर्ने शर्त रहेतापनी कोल्डरुम स्वीकृत स्पेसिफिकेशन अनुसार भए नभएको परीक्षण गराएको पाइएन। कोल्ड रुम माइनस ४ डिग्रीसम्म हुने गरी स्पेसिफिकेशन तयार गरेकोमा संचालनको लागि जेनेरेटर (व्याकअप) समावेश गरेको पाइएन । सम्झौताको शर्त अनुसार परीक्षण नगराई भुक्तानी गर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

१७. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । तर मन्त्रालय र मातहतका ७ कार्यालयले ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई समेत ग्रेड थप गरी रु.४० लाख २४ हजार खर्च लेखेको छ। उक्त रकम असुल हुनुपर्दछ ।

## कृषि विकास निर्देशनालय

१८. **कार्य सम्पन्नः** कृषि व्यवसाय प्रर्वद्धन अनुदान कार्यविधि, २०७६ को दफा २५ मा मौरी श्रोतकेन्द्र स्थापनाको लागि अनुदान लिने सस्थाले कार्ययोजना तथा भौतिक पुर्वाधार तर्फको ड्रइङ डिजाइन अनुसारको कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेपछि मात्र अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ । एक मौरी तथा मह उत्पादन केन्द्रलाई मौरी श्रोत केन्द्र विकासको लागि विभिन्न उपकरण र मेशिन औजार खरिद मूल्यको ७५ प्रतिशतले हुने रु.१४ लाख ६ हजार अनुदान दिएको पाइयो। अनुदान सम्झौतामा इष्टिमेट बमोजिम सम्पूर्ण कार्यसम्पन्न भएपछि स्थलगत निरीक्षण र कार्यसम्पन्न प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिने शर्त रहेको छ । खरिद भएका उपकरण जडान लगायत भौतिक निर्माणको कार्यसम्पन्न भएको प्रतिवेदन बेगर मालसामान खरिदको बिलको आधारमा अनुदान दिएकोले निर्माण कार्य पुरा भएको प्रतिवेदन पेश गर्नुपर्दछ ।

१९. **कार्यक्रम संचालन स्थितिः** कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को दफा २५ मा अनुदान प्राप्त गर्ने संस्थाले सम्झौतामा तोकिए बमोजिमको कार्य पुरा गरेपछि मात्र तोकिएको रकम भुक्तानी दिने व्यवस्था छ । एक च्याउ उद्योगलाई च्याउ श्रोतकेन्द्र निर्माणको कार्य २०७७।२।१५ सम्म सम्पन्न गर्ने गरी लागत अनुमान रु.१४ लाख ७५ हजारमध्ये कार्यालयले रु.१४ लाख २ हजार व्यहोर्ने गरी २०७६।१२।४ मा सम्झौता गरेको छ । सम्झौतामा कामको मासिक प्रगति कार्यालयलाई दिनुपर्ने र च्याउ श्रोतकेन्द्रमा च्याउ कल्चरको कार्य हुनुपर्ने उल्लेख भएकोमा उक्त संस्थाले श्रोत केन्द्र निर्माण कार्य र कल्चरको कार्य पुरा नगरी कार्यालयबाट रु.१४ लाख २ हजार अनुदान भुक्तानी गरेको छ । सम्झौता र स्वीकृत डिजाइन अनुसारको निर्माण कार्य र च्याउ कल्चरको कार्य समेत नभएकोले अनुदानको प्रभावकारिता देखिएको छैन।

२०. **कामको मूल्याङ्कन र अनुदान भुक्तानीः** कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ मा संरचना निर्माण सहितको सम्झौताबाट अनुदान भुक्तानी गर्दा शर्तमा रहेका कार्यसम्पन्न गरी सकेपछि कार्यालयका प्राविधिकबाट स्थलगत नापजाँच गरी कार्यसम्पन्न भएको प्रमाण सहितको सिफारिस गरेपछि मात्र रकम भुक्तानी गरिने व्यवस्था छ । एक अर्गानीक फार्म प्रा.लि.मा ग्रीन हाउस निर्माण कामको एक परामर्शदाताबाट पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.१४ लाख ७३ हजार भुक्तानी गरेको छ । सम्झौता र कार्यविधि बमोजिम कार्यालयको प्राविधिकबाट कामको नापजाँच गराएको देखिएन। सम्झौता अनुसार कार्यालयको प्राविधिकबाट पनि कामको नापजाँच हुनुपर्दछ ।

२१. **सामाग्री खरिद र अनुदानः** कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ मा अनुदानग्राहीले अनुदान रकम पाउन सम्झौतामा उल्लेख भए वमोजिमको शर्त पुरा गरी कार्यसम्पन्न सहित निवेदन दिनुपर्ने र कार्यालयबाट अनुगमन गरी सोको प्रतिवेदन हुनुपर्ने व्यवस्था छ । मोरङ उर्लावारी नगरपालिकाको सहकारी संस्था १ र मिक्लाजुङ गाँउपालिकाको १ समुहसँग मौरी श्रोत केन्द्र विकास गर्न सम्झौता भएकोमा संस्थाले मालसामान मात्र खरिद गरेको आधारमा कार्यसम्पन्न प्रतिवेदन बेगर रु.२१ लाख २ हजार भुक्तानी दिएको छ । निर्देशनालयले अनुगमन गरी तोकिएको कार्यमा रकम खर्च नभएमा अनुदान फिर्ता लिनुपर्दछ ।

२२. **समितिको निकासाः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा कार्यालयलाई प्राप्त निकासा रकमबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कटहरी फलफुल तथा तरकारी थोक विकास समितिलाई संचालन खर्चबापत रु.५ लाख र फर्निचर खरिद गर्न रु.४ लाख ७ हजार समेत रु.९ लाख उपलब्ध गराएको छ । निर्देशनालयको लागि विनियोजित रकम अन्य संस्थालाई दिने निर्णय भएको देखिएन। समितिले आर्थिक कारोवारको लेखा तथा आर्थिक विवरणहरू उपलब्ध गराई लेखापरीक्षण गराएको पनि छैन ।

## कृषि ज्ञान केन्द्र

२३. **बचत रकम -** प्रदेश आथिक कार्यविधि नियमावली, २०७५ को नियम ७७ मा आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट खर्च लेखांकन गर्ने उद्देश्यले मात्र धरौटी खातामा रकम जम्मा गर्नु हुँदैन भन्ने व्यवस्था छ। कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न कृषि ज्ञान केन्द्र, झापाले कृषि व्यवसाय राहत कार्यक्रम संचालनको लागि निकासा भएको मध्ये लाभग्राहीहरूलाई राहत वितरण गरी बर्षान्तमा बाँकी रहेको रु.९५ लाख ३५ हजार प्रदेश संचितकोष दाखिला गर्नुपर्नेमा धरौटी खातामा जम्मा गरेको देखियो । संचितकोषमा जम्मा गर्नुपर्ने रकम धरौटी खातामा जम्मा गर्ने निर्णयमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम संचितकोषमा फिर्ता गर्नुपर्दछ।

- **बेरुजु स्थितिः** मन्त्रालय र मातहत समेत १५ निकायमा यो वर्ष रु.६ करोड २६ लाख ५८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२७ लाख ८८ हजार फर्स्यौट गरेकोले रु.५ करोड ९८ लाख ७० हजार बाँकी रहेको छ । सो मध्ये रु.४ लाख ५ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा रहेको छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरको सडक, उर्जा, विद्युत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने प्रदेशस्तरको यातायात, मौसम र जलमापन, शहरी विकास, सुरक्षित वसोबास लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र अन्तर्गतका ४४ निकायकोलागि विनियोजन रु. १६ अर्ब ३० करोड ९२ लाख २१ हजार, राजस्व रु. १ अर्ब ७१ करोड ५७ लाख १० हजार धरौटी रु. १ अर्ब २ करोड ६१ लाख १८ हजार र अन्य कारोवार रु. ११ करोड ९६ लाख २४ हजार समेत रु. १९ अर्ब १७ करोड ६ लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्ः

१. **एकीकृत आर्थिक विवरण :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८६(च) मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गरेको छैन । तोकिएको समयमा आर्थिक विवरण पेश हुनुपर्दछ ।

२. **बजेट बक्तव्यको कार्यान्वयनः** आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमा सडक र पुर्वाधार तर्फ मुख्यमन्त्री ग्रामिण सडकको स्तर वृद्धि गर्ने, धरान मूलघाट सुरुङमार्गको सम्भाव्यता अध्ययन, वृहत विराट क्षेत्रमा चक्रपथ निर्माणको विस्तृत अध्ययन, स्थानीय तहको साझेदारीमा सडक सौन्दर्यीकरण सम्बन्धी कार्य, तमोर-चिसाङ डाईभरसन बहुउद्देश्यी आयोजना, सोलार प्यानल खरिदमा अनुदान दिने, जोखिमको आधारमा झापा, मोरङ, सुनसरी र उदयपुरका ६ वटा नदी नियन्त्रणको बहुवर्षीय योजना सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने उल्लेख छ । मन्त्रालयले उल्लेखित कार्यक्रमको कार्यान्वयन भए नभएको, कार्यान्वयनमा देखिएका कमीकमजोरी र आगामी दिनमा गर्नुपर्ने सुधार समेतको समीक्षात्मक प्रगति विवरण तयार गरेको छैन ।

३. **निर्वाचन क्षेत्र बजेटः** प्रदेश सरकारको बजेट वक्तव्य २०७६ मा प्रदेश निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा रु. २ करोड ५० लाख का दरले तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्रदेश सभाका माननीय सदस्यहरूको सिफारिसमा रु.५० लाखका दरले योजना कार्यान्वयन गर्न बजेट व्यवस्था भएको छ । प्रदेश सभाका माननीय सदस्यहरूबाट जिल्ला समन्वय समिति मार्फत संचालित योजनाहरूको कार्यान्वयन स्थिति सम्बन्धमा मन्त्रालयले अनुगमन गर्ने गरेको पाइएन । योजना कार्यान्वयन प्रभावकारी बनाउन अनुगमन गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । नियमावली लागु भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।

५. **वार्षिक कार्य सम्पादन प्रतिवेदनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९० मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएका विषयहरू राखी बार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार नगरेकोले लेखापरीक्षण रकम, जम्मा बेरुजु एवं फस्यौंट रकम, जिन्सीको अवस्था आदि एकिन गर्न सक्ने अवस्था रहेन ।मन्त्रालयले प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

६. **कार्य संचालनस्तरको खर्च** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३३(२) मा सचिवले निर्देशनालय प्रमुखलाई र निर्देशनालय प्रमुखले मातहत कार्यालय प्रमुखलाई खर्चको अख्तियारी पठाउनु पर्ने व्यवस्था छ । मन्त्रालयले खानेपानी तथा सरसफाइ डिभिजन ओखलढुँगाको स्वीकृत कार्यक्रम अनुसारका माझिटार र चिसंखुगढी खानेपानी योजनाहरूमा सोलार सिष्टम जडान र संचालन गरी पम्प संचालन गर्ने कार्यमा रु.१ करोड २८ लाख मन्त्रालयमा विनियोजन भएको बजेटबाट खर्च लेखी कार्यालयलाई भुक्तानी पठाएको छ । माझिटार सिंचाई योजनामा सम्झौता अनुसार पम्प जडान गरी पानी संचालन गर्नुपर्ने शर्त रहेकोमा उपभोक्ता समितिले हालसम्म पानी संचालन नगरेकोले रु.६ लाख कट्टी गरी धरौटीमा राख्ने गरी डिभिजनले बिल तयार गरेकोमा मन्त्रालयले रकम कट्टी नगरी पुरै रकम पठाएको छ । पानी संचालन नहुँदै अन्तिम बिलको रकम भुक्तानी गरेकोले बाँकी कामको अवस्था यकिन हुनुपर्दछ ।

साथै मन्त्रालयले झापा, मोरङ, सुनसरी, भोजपुर संखुवासभा ओखलढुंगा, तेह्रथुम, खोटाङ जिल्लाका १३ सिंचाई योजना तथा नदी नियन्त्रण कार्यको डिटेल फिजिविलिटी स्टडी परामर्शदातामार्फत गराई रु.६१ लाख ४६ हजार खर्च गरेको छ । मातहत कार्यालयमा अख्तियारी उपलब्ध गराई मन्त्रालय नीति निर्माण एवं मूल्याङ्कनमा केन्द्रित हुनुपर्नेमा आफै कार्यान्वयनमा संलग्न हुनु उपयुक्त होइन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

७. **घर जग्गाको लगतः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५४ मा सम्बन्धीत कार्यालयले घर जग्गाको लगत राख्नुपर्ने र नियम ५४(२) र (३) मा प्रदेश भित्रको सरकारी घर जग्गाको लगत प्रदेश लेखा नियन्त्रक कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले विद्युतीय प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले घर जग्गाको लगत राखेको पाइएन । घर जग्गाको लगत राखी तोकिएको निकायमा पठाउनु पर्दछ ।

८. **संगठन तथा व्यवस्थापन सर्भेक्षणः** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ मा प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट हुने व्यवस्था छ । मन्त्रालयले आफु र मातहत निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गराई लागु गरेको पाइएन । मन्त्रालय र मातहत इकाइमा अधिकृतस्तर सातौं तह र प्राविधिक सहायक पदको पदपूर्ति गर्न रु. ३ लाख ८७ हजार खर्च गरेको छ। करारमा भर्ना गरिएका मध्ये सातौं तहका ३ इन्जिनियर र पाँचौ तहको १ कर्मचारीलाई मन्त्रालयमै कामकाज गराई यो वर्ष रु.८ लाख १६ हजार खर्च गरेको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नगरी करारमा कमर्चारी राखी खर्च गर्नु उपयुक्त देखिएन।

९. **परामर्श सेवा खर्चः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै कार्य हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । मन्त्रालयले सिंचाई, सडक, पुल र स्मार्ट सीटीको डिजाइन र लागत अनुमान तयार गर्ने कार्य परामर्श सेवा मार्फत गराई रु. १ करोड ६९ लाख ४६ हजार खर्च गरेको छ । मन्त्रालयमा रा.प. द्वितीय

श्रेणीमा ६ जना सब डिभिजनल इन्जिनियर र इन्जिनियरहरू दरबन्दीमा र करारमा समेत कार्यरत रहेकोमा बाह्य परामर्शदाताबाट परामर्श सेवाको कार्य गराएको छ । लागत अनुमान र डिजाइन सम्बन्धी कार्य मन्त्रालयकै जनशक्तिबाट सम्पादन नहुँदा थप आर्थिक व्ययभार भएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१०. **कार्यक्रम स्वीकृत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४मा कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत नियम २३ को उपनियम (१) को अधिनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम सम्बन्धीत मन्त्रालयले स्वीकृत गर्नुपर्ने उल्लेख छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा प्राप्त निवेदनहरूको आधारमा स्वीकृत कार्यक्रम बेगर पाखिवास-अधेरीघाट-ठुलो दुम्ना-तिवारी भञ्याङ सडक र तिनदोमाने खोला पक्की पुलको सर्वेक्षण कार्य परामर्शदाताबाट गराई रु. ३८ लाख ६३ हजार खर्च गरेको छ । स्वीकृत कार्यक्रम र योजना बेगर निवेदनको आधारमा सर्वेक्षण कार्य गराएको नियम सम्मत देखिएन ।

११. **निर्माण स्थलः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थल निश्चित गरेर मात्र कार्य गराउनु पर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष माननीय मन्त्रीको आवास निर्माण गर्न डिपिआर तयार गर्ने कार्यमा रु. १२ लाख ७५ हजार खर्च गरेको छ । आवास भवन बनाउने स्थलको सुनिश्चित नभएको कारण देखाई उक्त कार्य स्थगित गरेको छ। निर्माण स्थल निश्चित गरेरमात्र सो सम्बन्धी कार्यमा खर्च गर्नुपर्दछ ।

१२. **संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२५ मा सम्झौता अनुसारको कार्य सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । मन्त्रिपरिषद्को २०७६।१२।७ को निर्णयानुसार साविकको नेशनल ट्रेडिङ लिमिटेडको भवन मा ७ दिन भित्र कोभिड अस्पताल निर्माण र मर्मत संभार गरी संचालन गर्न रु. २ करोड ३१ लाख २० हजारको लागत अनुमान २०७६।१२।९ मा स्वीकृत गरेको पाइयो ।

विशेष परिस्थितिको अवस्था देखाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ अनुसार दरभाउ पत्र लिई रु. ७४ लाख १७ हजारको निर्माण कार्य गर्न कार्यदेश दिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० र ११२ बमोजिम कार्यसम्पादन जमानत लिएको र विमा गराएको देखिएन । निर्माण व्यवसायीलाई दोश्रो रनिङ बिल सम्म रु. ६७ लाख ३५ हजार भुक्तानी गरेको आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । लागत अनुमान अनुसारको काम पुरा नभई कार्य सम्पन्न प्रतिवेदन तयार गरेको नियमसम्मत देखिएन ।

१३. **ननफाइलरः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय मातहतका खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पाँचथर, झापा, पूर्वाधार विकास कार्यालय संखुवासभा, भोजपुर र जलश्रोत तथा सिंचाई विकास डिभिजन, इलाम समेतले १३ निर्माण व्यवसायी एवं फर्मलाई रु.२ करोड ८ लाख ७८ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोमा ती फर्महरू कर विवरण नबुझाई ननफाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

१४. **भवनको स्वामित्वः** मन्त्रालय रहेको भवनको स्वामित्व हालसम्म मन्त्रालयको नाममा प्राप्त नभएकोमा सोहि भवनमा तला थप तथा मिटिङ हल निर्माण गर्न रु. ३५ लाखको सम्झौता गरी यो वर्ष रु. ११ लाख ४० हजार खर्च गरेको छ । मन्त्रालय परिसरमै सोलार प्लान्ट जडान गर्ने कार्यमा रु. ९४ लाख ७३ हजार खर्च गरेको छ । भवनको स्वामित्व प्राप्त गर्नुपर्दछ ।

१५. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांकित तृतीय र राजपत्रांकित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । मन्त्रालय र मातहतका ११ कार्यालयमा ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई समेत ग्रेड थप गरी रु. ५१ लाख ८२ हजार खर्च गरेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

## जलश्रोत तथा सिंचाई विकास डिभिजनहरू

१६. **विस्तृत आयोजना प्रतिवेदनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा बहुवर्षिय योजनाहरूको सम्भाव्यता अध्ययन गरेर मात्र योजना स्वीकृती र कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन, मोरङले २०७५।७६ देखि ७ नदीहरूको नियन्त्रण सम्बन्धी कार्य गर्न रु. ९४ करोड ९४ लाख ५४ हजार बहुवर्षिय योजनामा समावेश गरी कामको थालनी गरेको छ । चिसाङ, डाँस र लोहन्द्रा खोलाको विस्तृत परियोजना प्रतिवेदन प्राप्त भएतापनि गछिया, बुढि केशलिया, सिंघिया र मारिया-वक्राहा खोलाहरूमा नदी नियन्त्रण सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन बेगर वार्षिक कार्यक्रम स्वीकृत गरी खर्च गर्न शुरु गरेको पाइयो। प्रदेश स्तरीय आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन र सम्भाव्यता अध्ययन गरी योजना बैंकमा समावेश गरेर मात्र कार्यान्वयन गर्नुपर्दछ ।

१७. **कार्यक्षेत्रः** मोरङ जिल्लाभित्र नदी नियन्त्रण कार्य गर्न संघीय इकाई अन्तर्गत कोशी बक्राहा नदी व्यवस्थापन आयोजना कार्यालय स्थापना भएकोमा जलश्रोत तथा सिंचाई विकास डिभिजन मोरङबाट समेत मारिया-वक्राहा खोलामा नदी नियन्त्रणको कार्य गर्ने गरी यो वर्ष रु. ७४ लाख ३१ हजार खर्च भएको छ। एकै नदीको बहाव क्षेत्र भित्र संघीय इकाई र प्रदेश इकाईबाट कार्य गरेको साथै स्थानीय तहहरूले समेत खर्च गर्ने गरेको देखिएकोले काममा दोहोरोपना नहुने व्यवस्था गर्नुपर्दछ ।

१८. **उपभोक्ता समितिको कामः** जलश्रोत तथा सिंचाई विकास डिभिजन, मोरङले कोचेनी खोला नदी नियन्त्रण गर्न कानेपोखरी र रंगेली दुवै तर्फ काम गर्ने गरी उपभोक्ता समितिसँग रु. ३४ लाख ६५ हजारको सम्झौता गरेको छ । समितिले कानेपोखरी तर्फको रु. १० लाख २३ हजारको कार्य मात्र गरेको अवस्थामा अन्तिम बिल भुक्तानी गरेको पाइयो । सम्झौता बमोजिम कार्य नगराई उपभोक्ता समितिलाई उन्मुक्ति प्रदान गर्नु उचित होइन ।

१९. **ग्याबियन जालीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले गरेको खर्चको उपयोगिता सुनिश्चित गर्न सम्बन्धीत प्राविधिकबाट अनुगमन गरी सो को प्रतिवेदन पेश गर्नुपर्दछ । जलस्रोत तथा सिंचाई विकास डिभिजन, सोलुखुम्बुले रु.१५ लाखको ३५० थान ३*१.५*०.७५ साईजको ग्याविन जाली खरिद गरी विभिन्न २२ व्यक्ति तथा संघ-संस्थालाई वितरण गरेको छ । वितरित जाली निर्धारित कार्यमा प्रयोग भएको सम्बन्धमा कार्यालयले अनुगमन गरी प्रतिवेदन लिएको पाइएन ।

२०. **कामको सीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, संखुवासभाले २ उपभोक्ता समितिबाट रु.२ करोड

८५ लाख ६६ हजारको र जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, खोटाङले १ उपभोक्ता समितिबाट रु.१ करोड ५ लाख ७९ हजारको काम गराएको छ। लागत अनुमान रु.१ करोड भन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराउनु नियम प्रतिकुल देखिएको छ ।

२१. **ठेक्कामा ढिलाइ -** जलस्रोत तथा सिंचाई विकास डिभिजन, भोजपुरले हंग्रायो खोला सिंचाई योजनाको कार्य गर्न एक निर्माण सेवासँग रु.२ करोड ३ लाख ४१ हजारमा २०७२।६।२६ सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । सम्झौता अनुसार लेखापरीक्षण अवधिसम्म पनि निर्माण व्यवसायीले साईटमा निर्माण कार्य गरेको छैन । कार्यालयले उक्त ठेक्का सम्झौता अन्त्य गर्न २०७५।१०।२१ मा सूचना प्रकाशन गरेकोमा हालसम्म पनि टुंगो लगाएको छैन । यथासमयमै कारवाही टुंगो लगाउनुपर्दछ ।

## पुर्वाधार विकास कार्यालयहरू

२२. **योजना संचालनः** पुर्वाधार विकास कार्यालय, मोरङ अन्तर्गत आर्थिक वर्ष २०७६।७७ मा ६ सडक निर्माण गर्न संघ र प्रदेश दुवै तर्फबाट विनियोजन गरी रु.३७ करोड २२ हजार खर्च गरेको देखियो । संघ र प्रदेशको सडक निर्माण गर्ने जिम्मेवारी स्पष्ट रूपमा नतोकिंदा काममा दोहोरोपना हुने देखिएको छ । दोहोरोपना नहुने व्यवस्था गर्नुपर्दछ ।

२३. **डिजाइन परिवर्तन र भेरिएसनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन सम्बन्धी व्यवस्था छ । भेरिएसन स्वीकृत गर्दा विशेषज्ञहरूको समुहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा जारी गर्ने व्यवस्था छ । उर्लावारी, राजघाट-सिजुवा-झुर्किया-भारत-बोर्डर सडक निर्माण कार्य गर्न २०७४।३।२९ मा डिभिजन सडक कार्यालय, बिराटनगरबाट रु. ५ करोड ५६ लाख ८९ हजारमा २०७६ फाल्गुन मसान्तसम्म कार्य सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा २०७७।३।१५ सम्म म्याद थप भई रु. ४ करोड १४ लाख २ हजार भुक्तानी भएको उक्त ठेक्का यो वर्षसम्म सम्पन्न भएको छैन। रतुवामाई नगरपालिका र स्थानीय बासिन्दाको माग अनुसार सडकको डिजाइन इष्टिमेटमा परिवर्तन गरी सडकको चौडाई ५० फिट, सबवेश र कालोपत्रे ७ मिटर रहने गरी २०७६।१२।४ मा रु. ३१ लाख ४० हजारको भेरिएसन स्वीकृत गरेको छ ।

सडक सतह तयारीको कार्य परिमाण शुरु लागत अनुमानको तुलनामा २३६.४८ प्रतिशतसम्म बढाएको छ । सडकको डिजाइन परिवर्तन गरी कार्य गराएकोमा परिवर्तित डिजाइन स्वीकृत गरेको छैन । विशेषज्ञ समुहको सिफारिस बेगर भेरिएसन गरेको नियमसम्मत देखिएन ।

२४. **ठेक्काको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(३) मा बोलपत्र स्वीकृत गर्ने अधिकारीले शुरु सम्झौता अवधिको १५ प्रतिशतसम्म म्याद थप गर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, मोरङका प्रमुख (अधिकृत नवौंस्तर) ले ८ ठेक्कामध्ये ४ ठेक्कामा ३४४ प्रतिशतभन्दा बढी, २ ठेक्कामा २५३ प्रतिशतभन्दा बढी र २ ठेक्कामा २६ प्रतिशतभन्दा बढी अवधि म्याद थप दिई कार्य गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाभन्दा बढी अवधि म्याद थप गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

२५. **तालुक निकायको खर्चः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा कार्यालयलाई प्राप्त रकमबाट स्वीकृत कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निर्माण शीर्षकमा विनियोजित बजेटबाट पुर्वाधार विकास कार्यालय, मोरङले राज्यमन्त्री निवासको फर्निचर र फर्निसिङ कार्यमा रु. ९ लाख ९४ हजार खर्च गरेको पाइयो । सार्वजनिक निर्माण कार्यको बजेटबाट फर्निचर खरिद गर्ने कार्य नियमसम्मत देखिएन ।

२६. **त्रुटिपुर्ण डिजाइनः** पुर्वाधार विकास कार्यालयबाट निर्माण गरिने पुलहरूको डिजाइन तथा सुपरीवेक्षण कार्य स्थानीय सडक पुल कार्यक्रमबाट हुने गरेको छ । पुर्वाधार विकास कार्यालय, मोरङले टेंग्रा खोलामा बक्स ब्रीज निर्माण कार्यको डिजाइन स्वीकृत गरी ठेक्कापट्टा गरी सकेपछि पुलको एबुटमेन्टको उचाई बढाउनु पर्ने र दुवैतर्फ कर्वको कार्य परिमाण छुट भएको देखाई खरिद सम्झौतामा रु. ७ लाख ८३ हजारले बृद्धि गरेको छ । डिजाइन गर्दा आइटम छुटाउने र पुलको हाइट कम गर्नाले कामको अवधि र लागत बढ्न गएको छ । यस्तो कार्यमा संलग्न परामर्शदाता र चेकजाँच गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

२७. **साइट अफिस र गाडी भाडाः** निर्माण कार्यको बिल अफ क्वान्टिटिमा गाडी भाडा समावेश नगर्न संघीय सार्वजनिक लेखा समितिले निर्णय गरी सबै सरकारी निकायलाई परिपत्र समेत भएको छ । पुर्वाधार विकास कार्यालय मोरङले यो वर्ष एक ठेक्का प्याकेजमा गाडी भाडा समावेश गरी रु. १४ लाख भुक्तानी गरेको छ । निर्माण कार्यको बिल अफ क्वान्टिटीमा गाडी भाडा समावेश गर्ने प्रवृति नियन्त्रण गर्नुपर्दछ ।

२८. **भेरिएसनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सिर्जना भई भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा ऐनको दफा ५४ बमोजिम भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, मोरङले भेरिएसन स्वीकृत नगरी ३ निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा रहेको कार्य परिमाणभन्दा बढी कार्य गराई रु. ७ करोड ५६ लाख २२ हजार बढी भुक्तानी गरेको छ । भेरिएसन स्वीकृत नगरी भुक्तानी दिएको नियमसम्मत देखिएन ।

२९. **मूल्य अभिवृद्धि करः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ मा कुनै संयुक्त उपक्रम खरिद सम्झौताको लागि छनौट भएमा सम्बन्धीत सार्वजनिक निकायले त्यस्ता उपक्रमलाई आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता गर्न लगाउनु पर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, मोरङ अन्तर्गत विराटचौक-घिनाघाट सडक खण्डमा कार्य गर्ने एक संयुक्त उपक्रमले २ वटा प्यान नम्बर भएका विजकबाट मूल्य अभिवृद्धि कर संकलन गरेको छ । दुईमध्ये एक करदाता २०७५।७६ र २०७६।७७ मा नन् फाइलर देखिएको र अर्को करदाताको अवस्था नखुलेकोले संकलन गरिएको मूल्य अभिवृद्धि कर रु. ४ करोड ४३ लाख ५६ हजार समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

३०. **साइट क्लियर नगरी ठेक्काः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माण कार्यको ठेक्कापट्टा गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, मोरङले यो वर्ष कानेपोखरी-लेटाङ-६ नं. बुधवारे सडक निर्माण कार्य गर्न रु. ८ करोडको लागत अनुमान तयार गरी रु. ५ करोड ३३ लाख १३ हजारमा काम गर्ने गरी एक निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । उक्त काम गर्दा ४० विद्युत पोल हटाउनुपर्ने र १३३ रुख कटान गर्नुपर्ने उल्लेख छ । मिति २०७७।३।२५ सम्म कार्य अवधि रहेको यो ठेक्काको अन्तिम बिल तयार गरी भुक्तानी बाँकीमा राखेको छ । उक्त बिलमा १३३ वटा रुख कटान कार्यको समेत नापजाँच भएको छ । वातावरणीय प्रभाव मूल्याङ्कन नगरी तथा डिजाइन अनुसारको विद्युत पोल नहटाई कार्य गराएको देखियो । पोल नहटाई कार्य गर्नाले सडक उपयोगमा असहजता हुने देखिन्छ ।

३१. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा सम्पन्न भएको वास्तविक कामको नापी किताबमा प्रमाणित रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, मोरङले किसान चौक-टाँडी-आइतबारे सडक निर्माण सम्बन्धी कार्य गर्ने निर्माण व्यवसायीलाई तेश्रो रनिङ बिलको आइटम नं. ११ को सडक खन्ने कार्य १२१७१९.२१ घनमिटरको रु. २ करोड ४३ लाख ४४ हजार भुक्तानी गरेकोमा नापी बमोजिम ९८१९२.३९ घनमिटरको मात्र काम भएको देखिएकोले बढी परिमाण २३५२६.९२ घनमिटरको बढी भुक्तानी दिएको रु. ५० लाख ९१ हजार असुल गर्नुपर्दछ ।

३२. **प्रोभिजनल समः** ठेक्का सम्झौताको प्रोभिजनल सममा रहेको रकमबाट कार्य गराउनु अघि कामको विवरण र लागत अनुमान स्वीकृत गरी निर्माण व्यवसायीलाई कामको आदेश दिनुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय मोरङले किसान चौक-टाडी सडक निर्माण ठेक्कामा सेवाहरूको स्थानान्तरण तथा स-साना संरचना हटाउने आइटममा रु.१० लाख भुक्तानी गरेको छ । सो रकम भुक्तानी गर्नु अघि कामको विवरण र लागत अनुमान स्वीकृत गरेको पाइएन । रकम भुक्तानी दिने पर्याप्त आधार बेगर भुक्तानी गरेको सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्दछ ।

३३. **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई भुक्तानी दिंदा लागत अनुमानमा भएको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । लागत अनुमानभन्दा घटी कार्य गराईएकोमा कार्यालयले व्यहोर्ने रकम समेत सोही अनुपातमा घटाई भुक्तानी गर्नुपर्नेमा पुर्वाधार विकास कार्यालय, मोरङले ६ योजनाको भुक्तानी गर्दा सम्झौता बमोजिम आनुपातिक कट्टी नगरी बढी भुक्तानी गरेको रु. ६ लाख ७३ हजार असुल हुनुपर्दछ ।

३४. **स्वीकृत कार्यक्रम बेगर खर्चः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा जिल्ला स्तरीय आयोजना, प्रदेश योजना आयोग वा सम्बन्धीत मन्त्रालयका सचिवले र प्रदेश स्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, मोरङले यो वर्ष वार्षिक कार्यक्रममा समावेश नभएका योजनामा स्थानीय तहहरूको अनुरोध, मन्त्री र प्रदेश सभासदहरूले पठाएको निवेदनको आधारमा खर्च गरेको पाईयो । परीक्षण गरिएका ६४ योजनामा रु. ९ करोड २६ लाख ५३ हजार खर्च गरेको छ । योजना स्वीकृति बेगर भुक्तानी गर्न मिल्ने देखिएन ।

३५. **परामर्श खर्चः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धीत सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्न पुर्वाधार विकास कार्यालय, झापाले रु.२ करोड ३६ लाख १३ हजार र पुर्वाधार विकास कार्यालय, ओखलढुंगाले रु.१ करोड ६४ लाख ८२ हजार समेत रु.४ करोड ९५ हजार भुक्तानी गरेका छन् । कार्यालयका कर्मचारीले नभ्याउने र थप दक्षता आवश्यक पर्ने कार्य मात्र वाह्य परामर्शदाताबाट गराउनु पर्दछ ।

३६. **कर बिजकः** मुल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार दर्ता भएको करदाताले मात्र रीतपूर्वकको कर बिजक जारी गरी कर असुल गर्नुपर्दछ । पुर्वाधार विकास कार्यालय, ओखलढुंगाले एक संयुक्त उपक्रमबाट पेश भएको बिजकका आधारमा मूल्य अभिवृद्धि कर रु.४ लाख २२ हजार भुक्तानी दिएकोमा उक्त उपक्रम आन्तरिक राजस्व कार्यालयमा दर्ता नभएको देखियो । दर्ता नभएको फर्मलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोले सो कर फिर्ता हुनुपर्दछ ।

३७. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(१) मा दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै बिजक वा कागजात जारी गर्न र उठाउन नहुने उल्लेख छ । सोही ऐनको दफा १५(२) मा दर्ता नभएको व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिने व्यवस्था छ। पुर्वाधार विकास कार्यालय, संखुवासभाले मुल्य अभिवृद्धि करमा दर्ता नभएका एक निर्माण सेवालाई रु.२ लाख ७४ हजार र अर्को एक व्यक्तिलाई रु.३६ हजार समेत रु.३ लाख १० हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिइएकोले सो रकम असुल गर्नुपर्दछ ।

३८. **कार्यक्रम संशोधनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृत लिई लागत नबढ्ने गरी रु. १ करोडसम्म लागत अनुमान भएको कार्यक्रममा आवश्यक संसोधन गर्न सक्ने र संशोधनको जानकारी मन्त्रालय र प्रदेश योजना आयोगलाई दिनुपर्ने व्यवस्था छ । यो वर्ष कार्यक्रम संशोधन नगरी पुर्वाधार विकास कार्यालय, मोरङले २५ योजनाहरूमा स्वीकृत कार्यक्रम बजेट भन्दा रु. ८६ करोड ५९ लाख ५८ हजार र पाँचथरले ५ आयोजनामा रु.२८ करोड ३८ लाख ९५ हजारसमेत रु. १ अर्ब १४ करोड ९८ लाख ५३ हजार बढी खर्च लेखेको छ । नियमको प्रकृया पुरा गरी बजेट खर्च गर्नुपर्दछ ।

३९. **लागत साझेदारीः** प्रदेश मुख्यमन्त्री ग्रामिण सडक कार्यविधी, २०७५ को दफा ५ (१) (ग) मा प्रत्येक गाउँपालिका र नगरपालिकाले स्तरोन्नति वा कालोपत्रे गर्नुपर्ने सडकमा सम्बन्धीत गाउँपालिका वा नगरपालिकाले न्यूनतम २० प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, पाँचथरले ९ स्थानीय तहका विभिन्न ९ सडक निर्माणमा रु.४ करोड ९१ लाख ११ हजार खर्च गरेकोमा स्थानीय तहको तर्फबाट व्यहोर्नुपर्ने २० प्रतिशतले हुने रु.९८ लाख २२ हजार समेत प्रदेश सरकारको तर्फबाट भुक्तानी भएकोले उक्त रकम सम्बन्धीत स्थानीय तहबाट फिर्ता गर्नुपर्दछ ।

४०. **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा सम्झौता अनुसार भुक्तानी दिनुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, भोजपुरले सिधुवा-जीतपुर-लेगुवा सडक निर्माण उपभोक्ता समितिसँग रु.४९ लाख ७५ हजारको सम्झौता भएकोमा रु.५६ लाख १६ हजार भुक्तानी गरेकोले रु.६ लाख ४१ हजार बढी भुक्तानी गरेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

## शहरी विकास तथा भवन निर्माण कार्यालयहरू

४१. **निर्माणस्थल सुनिश्चितताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण सम्बन्धी कार्यको सम्झौता गर्नु अगावै कार्यस्थल सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङले बिराटनगर-जोगवनी नाका, रानीमा स्वागतद्वार तथा आकाशे पुल निर्माण कार्य २०७९/३/१४ सम्म सम्पन्न गर्नेगरी २०७७।२।२७ मा निर्माण व्यवसायीसँग रु. ८ करोड ७२ लाख ११ हजारको सम्झौता गरी रु. ५८ लाख ६० हजार पेस्की दिएको छ ।

रानी-बिराटनगर-धरान सडक योजनाले हाल आफुले विस्तार गर्दै गरेको ३० मि. चौडाईभन्दा बाहिर स्वागतद्वार सम्बन्धी संरचनाहरू पर्नेगरी ड्रइङ डिजाइनसहित स्वीकृतीको लागि माग भै आएमा मात्र सडक विभागमा पेश गर्ने पत्र पठाएको छ । विद्युत संरचना व्यवस्थित गर्न रु. ९८ लाख ८२ हजार आफुले पाउनु पर्ने गरी नेपाल विद्युत प्राधिकरण, बिराटनगरले पनि लागत इष्टिमेट कार्यालयमा पठाएको पाइयो । निर्माण स्थल सडक योजनाको कार्यक्षेत्रमा रहेको र निर्माण गरिने स्वागतद्वार र पैदलयात्री पुल बनाउने स्थान विवादित भै ड्रइङ डिजाइन नै फेरबदल गर्नुपर्ने अवस्था देखिएको छ । सम्बन्धीत निकायहरू बीच समन्वय गरी निर्माण कार्य गर्नुपर्दछ ।

४२. **कार्यक्षेत्र फरक :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ (२) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र सोको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङले सिंघिया खोलामा तटबन्ध तथा ग्रिनसिटी निर्माण (बिराटनगर वडा नं. २) कार्यको लागि रु.१४ लाख ४० हजार बजेट स्वीकृत भएकोमा सो रकमबाट वडा नं. २ मा रहेको हनुमान मन्दिर परिसरभित्र सोलार बत्ती, पि.सि.सि. लगायतको कार्यमा खर्च लेखेको छ । कार्यक्रम संशोधन बेगर एक प्रयोजनको लागि प्राप्त रकम अन्य प्रयोजनको काममा खर्च गर्न मिल्ने देखिएन। यस्तो कार्य गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४३. **जनता आवास कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत सुनसरी र मोरङमा आर्थिक वर्ष २०७४।७५ मा छनौट भएका लाभग्राहीमध्ये बराहक्षेत्र न.पा.-३ मालटोलका ८ लाभग्राही र वडा नं. ११ मुसहर बस्ती बाँतर टोलका १३० लाभग्राहीहरूको आवास भवन निर्माणको लागि छुट्याईएको सम्झौता अनुसारको चौथो चरणको भुक्तानी लिई सकेको भएतापनि निर्माण कार्य सम्पन्न भएको देखिएन। कार्यालयले अधुरा भवनको कार्य पुरा गर्न रु.९४ लाख ८६ हजारको लागत अनुमान तयार गरेको छ । अधुरा रहेका आवास भवन निर्माण सम्पन्न गर्नुपर्दछ ।

४४. **कामको सीमा** / सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ र २ मा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश समेत रु.१ करोडसम्म लागत अनुमानको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, इलामले कवर्ड हल निर्माण गर्न मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिन्जेन्सी रकम समावेश नभएको क्रमशः रु.९९ लाख ६८ हजार र ९९ लाख ९४ हजारको लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट कार्य गराई रु.१ करोड ५० लाख ६८ हजार भुक्तानी गरेको छ । उल्लिखित लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिन्जेन्सी रकम समावेश गर्दा रु.१ करोड भन्दा बढी हुने देखिएकोले लागत अनुमान घटी देखाई उपभोक्ता समितिबाट कार्य गराउनु नियमसम्मत देखिएन ।

४५. **कन्टिन्जेन्सीबाट सवारी साधन खरिद** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा स्वीकृत बजेटबाट खर्च गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, इलामले सवारी साधन खरिदमा बजेट नभएकोमा कन्टिन्जेन्सी रकमबाट रु. ५३ लाखको महिन्द्रा स्करपियो गाडी खरिद गरी शहरी विकास तथा भवन कार्यालय, ओखलढुङ्गालाई हस्तान्तरण गरेको छ । सवारी साधन छुट्टै बजेट शीर्षकमा विनियोजन गरी खरिद गर्नुपर्नेमा विकास निर्माण कार्यको बजेटबाट खरिद गर्नु उचित देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४६. **ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको ओभरहेड रकम कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन, सोलुखुम्बुले विभिन्न ६ जल उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश गरेको ओभरहेड रु.४ लाख १५ हजार कट्टी नगरी भुक्तानी दिएको छ । उक्त रकम असुल गर्नुपर्दछ।

४७. **भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी सम्झौता गरिएको रु.५० लाखभन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । जलस्रोत सिंचाई विकास डिभिजन, ओखलढुंगाले विभिन्न ६ उपभोक्ता समितिलाई दिएको रु.५० लाख भन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले लाग्ने कर रु.५ लाख ७६ हजार कट्टी गर्नुपर्नेमा रु.१ लाख ३५ हजार मात्र कट्टी गरेकोले नपुग कर रु.४ लाख ४१ हजार असुल गर्नुपर्दछ ।

४८. **दरवन्दी र सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालयको दैनिक कार्य संचालन गर्न आवश्यक पर्ने सेवा स्वीकृत दरवन्दी भित्र रही सार्वजनिक निकायले फर्म, संस्था वा कम्पनीसँग करार गरी सेवा करारमा लिन सक्ने व्यवस्था छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन, ओखलढुंगाले स्वीकृत दरवन्दी भन्दा बढी हुनेगरी कम्प्युटर अपरेटर १ र हलुका सवारी चालक १ समेत २ कर्मचारी सोझै व्यक्ति करारमा नियुक्ति गरी निजहरूको तलबभत्ता बापत रु.६ लाख २९ हजार खर्च लेखेको छ । स्वीकृत दरबन्दी बेगर सोझै नियुक्ति गरी खर्च लेखेको तलब भत्ता रकम नियमसम्मत देखिएन ।

४९. **कर समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता अनुसार निर्माण व्यवसायीको धरौटी रकम फिर्ता गर्दा सम्बन्धीत आन्तरिक राजस्व कार्यालयबाट जारी गरिएको कर चुक्ता प्रमाणपत्र तथा कर समायोजन पत्र पेश गर्नुपर्ने व्यवस्था छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन ओखलढुंगाले विभिन्न ४ निर्माण व्यवसायीहरूलाई मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण बेगर धरौटी रु.१९ लाख ५७ हजार फिर्ता दिएको छ । मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

५०. **बजेटको सीमा र खर्च -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा कार्यालयले निकासा लिई बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । शहरी विकास तथा भवन कार्यालय, ओखलढुंगालाई २ कार्यक्रममा रु.४० लाख बजेट विनियोजन भएकोमा रु.१ करोड ४ लाख ७७ हजार खर्च गरी रु.६४ लाख ७७ हजार बढी खर्च लेखेको देखियो । अख्तियारी तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्नेमा कार्यक्रम संशोधन बेगर बढी खर्च गरेको नियमसम्मत देखिएन ।

५१. **प्रोभिजनल सम -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निर्माण कार्यको प्रोभिजनल सममा समावेश गरेको रकमको छुट्टै लागत अनुमान तयार गरी बिल अनुसारको रकममात्र कार्यालयले भुक्तानी दिनुपर्दछ । शहरी विकास तथा भवन कार्यालय, धनकुटाले विभिन्न ६ निर्माण कार्यका ५ निर्माण व्यवसायीलाई प्रोभिजनल समको रकम भुक्तानी गर्दा बिलमा उल्लिखित रकमभन्दा बढी एवं बिल समेत संलग्न नगरी रु.४ लाख ६ हजार भुक्तानी दिएको देखियो । नियमको पालना नगरी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

## यातायात व्यवस्था सेवा कार्यालय, मोरङ

५२. **सफ्टवेयरः** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने तथा राजस्वको अभिलेख महालेखापरीक्षकबाट स्वीकृत गरेको ढांचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले सवारी साधनहरूको कर संकलन गर्न सवारी दर्ता प्रणाली सफ्टवेयर प्रयोग गरेको पाइयो। सो सफ्टवेयरबाट म.ले.प. को स्वीकृत ढाँचामा प्रतिवेदन हुने गरेको पाइएन। लेखापरीक्षणका क्रममा २०७७ चैत्र ५ गते उपलब्ध भएको सफ्टवेयरको तथ्यांक अनुसार आर्थिक वर्ष २०७६।७७ मा रु.१८ करोड १० लाख ९९ हजार राजस्व संकलन गरेको छ। कार्यालयले पेश गरेको आर्थिक विवरणमा राजस्व असुली रु.१८ करोड १२ लाख १८ हजार रहेकोमा बैंकमा रु. १८ करोड १३ लाख २७ हजार दाखिला भएको देखिएको छ ।

सफ्टवेयरले देखाएको असुली, राजस्वको आर्थिक विवरणमा देखाएको असुली र बैंकमा देखिएको असुली रकम फरक देखिएको हुँदा राजस्व असुली र दाखिला यकिन गर्न सकिने अवस्था छैन ।

५३. **हिनामिनाः** कार्यालयबाट सेवा लिने २ व्यक्तिले ९ सवारी साधनको रु. २ लाख २१ हजार कर तिर्ने क्रममा नक्कली भौचर बनाई कार्यालयबाट सेवा लिएको उल्लेख गरी जिल्ला प्रहरी कार्यालयलाई अनुसन्धान गरी आवश्यक कारवाही गरिदिन अनुरोध गरेको पाइयो । उक्त विषय मोरङ जिल्ला अदालत, बिराटनगरमा विचाराधिन रहेको उल्लेख छ । आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नहुँदा नक्कली बैंक भौचर पेश गरी हिनामिना गरेको देखियो । आन्तरिक नियन्त्रण प्रणाली सुदृढ तुल्याउनु पर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

५४. **पाईप तथा फिटिङ्गस मौज्दातः** कार्यालयको मुल जिन्सी खाताबाट खानेपानी आयोजनामा जडानको लागि खर्च लेखिएको पाईप तथा फिटिङ्गस सम्बन्धीत आयोजनामा जडान गरी सोको अभिलेख नापी कितावमा प्रविष्टि गर्नुपर्दछ। मुल जिन्सी खाताबाट विभिन्न खानेपानी आयोजनामा जडान गर्ने प्रयोजनका लागि विभिन्न साइजको पाइप खर्च जनाएकोमा खानेपानी तथा सरसफाई डिभिजन, कार्यालय धनकुटा, ओखलढुंगा, झापा, पाँचथर र सुनसरीले रु. ८ करोड १२ लाख ३४ हजार मूल्यको ३ लाख ६० हजार ७७० मिटर पाइप तथा रु.३ करोड ३४ लाख ८९ हजार मूल्यको फिटिङ्गसहरू सम्बन्धीत आयोजनामा जडान गर्न बाँकी रहेको देखियो । उक्त पाईप तथा फिटिङ्गसहरू सम्बन्धीत आयोजनामा जडान गरी नापी कितावमा प्रविष्टि गरेको कार्यसम्पन्न अभिलेख पेश हुनुपर्दछ ।

५५. **परामर्श खर्चः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धीत सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था गरेको छ । आफ्नो जनशक्तिबाट हुनसक्ने योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्ने कार्यमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ओखलढुंगा र झापाले २८ परामर्शदातालाई रु.२ करोड ८५ लाख ५६ हजार भुक्तानी गरेको छ । कार्यालयको जनशक्तिबाट हुननसक्ने कार्यमा मात्र यस्तो रकम खर्च गर्नुपर्दछ ।

५६. **अग्रिम करः** आयकर ऐन, २०५८ को दफा ८९ मा उपभोक्ता समिति मार्फत काम गराउने गरी सम्झौता गरेको रु.५० लाख भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ओखलढुंगाले ५ उपभोक्ता समितिसँग रु.५० लाख भन्दा बढी भूक्तानी गर्दा रु.५ लाख ५३ हजार अग्रिम कर कट्टि गरेको नदेखिएकोले असुल गरी दाखिला हुनुपर्दछ ।

- **बेरुजु स्थितिः** मन्त्रालय र मातहत समेत ३७ निकायमा यो वर्ष रु. ३ अर्ब १७ करोड २१ लाख ४७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. २ अर्ब ४० करोड ९८ लाख ९४ हजार फस्यौंट गरेकोले रु. ७६ करोड २२ लाख ५४ हजार बाँकी रहेको छ । सो मध्ये रु. ६ करोड ८२ लाख ९६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा रहेको छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्वन्धी कार्यहरूको अनुगमन तथा मूल्यांकन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य क्षेत्र रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ३९ कार्यालयको विनियोजन रु.२ अर्ब ५६ करोड ६१ लाख ६३ हजार, राजस्व रु. ३ करोड ७० लाख १५ हजार, धरौटी रु.२ करोड ५९ लाख ९ हजार अन्य कारोवार रु. ६ करोड ६९ लाख ३४ हजार समेत रु. २ अर्ब ६३ करोड ६० लाख २१ हजार र अन्य संस्था र समिति १३ को रु. १ अर्ब ८९ करोड ८३ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छनः

१. **एकीकृत आर्थिक विवरणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८६(च) मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गरेको छैन । तोकिएको समयमा आर्थिक विवरण पेश हुनुपर्दछ ।

२. **मध्यमकालीन खर्च संरचनाः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १९ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तो खर्च संरचना बनाउँदा आवधिक योजनालाई मार्गदर्शनको रूपमा लिनुपर्ने उल्लेख छ । मन्त्रालयले तोकिए बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरेको छैन ।

३. **आन्तरिक नियन्त्रणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । नियमावली लागु भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।

४. **वार्षिक कार्य सम्पादन प्रतिवेदनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९० मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएका विषयहरू राखी बार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार नगरेकोले लेखापरीक्षण रकम, जम्मा बेरुजु एवं फस्यौट रकम, जिन्सीको अवस्था आदि एकिन गर्न सक्ने अवस्था रहेन ।मन्त्रालयले प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

५. **रकमान्तरः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४१(३) मा वार्षिक कार्यक्रम नछुट्ने वा कार्यक्रममा बाधा नपर्ने र स्रोत फरक नपर्ने गरी एक उपशीर्षकभित्रको एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा मन्त्रालयका सचिवले रकमान्तर गर्न सक्ने, यसरी रकमान्तर गर्दा जुन

खर्च शीर्षकमा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकमा विनियोजित रकमको २० प्रतिशतभन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा विभिन्न शीर्षकमा विनियोजित बजेटमध्ये ३ बजेट उपशीर्षकमा ८९ प्रतिशतभन्दा बढी, ४ उपशीर्षकमा ५४.९९ प्रतिशतभन्दा बढी र ४ बजेट उपशीर्षकमा ३० प्रतिशतभन्दा बढी रकमान्तर गरेको देखियो । नियम विपरित रकमान्तर गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

६. **जेष्ठ नागरिक ग्राम निर्माणः** आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमा संघीय सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँगको सहकार्यमा मोरङ जिल्लामा अत्याधुनिक जेष्ठ नागरिक ग्राम संचालन गर्न रु.२ करोड बजेट व्यवस्था गरेको उल्लेख छ । गत वर्ष रु.२ करोड ६७ लाख ६५ हजार मा मोरङ जिल्लाको ग्रामथान गाउँपालिकामा १० विगाहा १४ कट्ठा २ धुर जग्गा खरिद गरी परामर्शदाताबाट पूर्व सम्भाव्यता अध्ययन गराई रु.१७ लाख १६ हजार खर्च गरिएको यो स्थानमा यस वर्षमात्र जग्गाको सीमाना छुट्याउने कार्य गरेको देखियो । स्रोतको पहिचान र खोजी व्यवस्थापन लगायतको कार्य गर्न जेष्ठ नागरिक ग्राम निर्माण समितिको गठन गरी रु. ७ लाख ३२ हजारको कार्यक्रम स्वीकृत भएकोमा ३ वटा बैठक सम्पन्न गरेको छ । समितिले गरेको कामको कार्य सम्पादन प्रतिवेदन तयार गरेको छैन । विस्तृत आयोजना प्रतिवेदन तयार गर्न बजेट स्वीकृत गरेकोमा उक्त कार्य नगरेकोले लक्ष्य हासिल हुनसक्ने आधार देखिएन । खरिद गरिएको जग्गाको संरक्षण गरी लक्ष्य अनुरूपको योजना तथा कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

७. **अनुदान उपयोगः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४२(३) मा विशेष प्रकारका पटके कार्यक्रमको लागि दिएको रकमको आय-व्ययको प्रगति विवरण लिई जुन कामको लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरे वा नगरेको, लक्ष्य अनुसार गरे वा नगरेको, प्रचलित कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको कुराहरूको अध्ययन, अनुगमन गरी वार्षिक विवरण तयार गरी सम्बन्धीत प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ । मन्त्रालयले विभिन्न बाल गृह, बृद्धाश्रम, खेलकुद प्रतियोगिता, पुरस्कार र अन्य क्रियाकलाप संचालन कार्य संघ-संस्था प्रतिष्ठानमार्फत गराउन यो वर्ष रु. १ करोड २५ लाख अनुदान दिएकोमा कार्य सम्पन्न अवस्था खुलेको प्रगति विवरण, अनुगमन प्रतिवेदन र संस्थाहरूको लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । उक्त विवरण लिई तोकिएको कार्यमा खर्च नभएको रकम फिर्ता लिनुपर्दछ ।

८. **बजेटमा समावेश नभएको पूँजीगत अनुदानः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ मा बजेटमा रहेको अनुदान दिँदा योजना, कार्यक्रम, र यथासम्भव लागत समेत खुलाई दिनुपर्ने व्यवस्था छ। मन्त्रालयले प्रदेश सरकार मन्त्रिपरिषद्को २०७७।३।१८ को निर्णयबाट एक स्मृती प्रतिष्ठानलाई क्वालीटी टेष्टिङ ल्याबको मेशिन र इक्यूप्मेन्ट खरिद गरी ल्याव संचालनको लागि रु.२ करोड अनुदान दिएको छ ।

मन्त्रालयले क्वालिटि टेष्टिङ ल्याव निर्माणको लागत अनुमान, संस्था छनौटको आधार तथा कार्यसम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन तथा संस्थाको आय-व्ययको लेखापरीक्षण र वार्षिक प्रगति विवरण समेत लिएको छैन । बजेटमा समावेश नगरी अनुदान दिएको तथा अनुदान खर्चको प्रगति प्रतिवेदन नलिएकोले अनुदान उपलब्धीमुलक रहेको सुनिश्चित भएको छैन ।

९. **युवा नवप्रवर्द्धन केन्द्र र लगानीः** प्रदेश स्तरमा युवा नवप्रवर्द्धन/व्यवसायिक इन्क्युवेशन केन्द्र स्थापना र संचालन गर्ने गरी एक स्मृति प्रतिष्ठान, राष्ट्रिय युवा परिषद र सामाजिक विकास मन्त्रालयबीच २०७६।६।१३ मा २५ वर्षिय अवधिको त्रिपक्षिय समझदारी भएको छ । समझदारीमा केन्द्र

स्थापना गर्न प्रतिष्ठानले जग्गा उपलब्ध गराउने, छनौट भएका युवा उद्यमीलाई तालिम उपलब्ध गराउने, उद्यमसिलता बिचार बैंक स्थापना गर्ने, केन्द्रबाट तालिम, युवाको लागि नियमित अनुगमन तथा सहजीकरण गर्ने, घुम्तिकोष व्यवस्थापन र संचालन गर्ने लगायतको कार्य तोकिएको छ । यस कार्यको लागि स्मृती प्रतिष्ठानलाई मन्त्रालयले पुर्वाधार विकासको लागि रु. १२ लाख र शुरु बिउपुँजी परिचालनको लागि रु. ५० लाख समेत रु. ६२ लाख निकासा गरेको छ ।

तोकिए अनुसार कार्यक्रममा सहभागी हुने बैंक छनौट गरी सम्झौता नभएको तथा पुर्वाधार निर्माणको ड्रइङ डिजाइन र लागत अनुमान तयार नगरी आर्थिक वर्षको अन्त्यमा प्रतिष्ठानको खातामा निकासा पठाएको देखियो । निकासा रकमबाट समझदारी पत्र अनुसारको मापदण्ड पुरा गरेको, घुम्तीकोष संचालन भएको र तोकिएको कार्यमा खर्च भएको विवरण, अनुगमन प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन मन्त्रालयले नलिएकोले खर्च उपलब्धिमुलक भएको यकिन भएन । उल्लिखित प्रतिवेदन लिई प्रगति तथा लागत यकिन गरी खर्च नभएको रकम फिर्ता गर्नुपर्दछ ।

१०. **कार्यक्रम संचालन अनुदानः** गुणस्तरीय शिक्षा प्रदान गरी यूवाहरूलाई सचेत गराउन एक संस्थाको प्रस्ताव बमोजिम १४ जिल्लाको २८ सरकारी विद्यालयमा आधारभुत तालिमसहित कार्यक्रम संचालन गर्न पेश गरेको प्रस्ताव मन्त्रिपरिषदबाट स्वीकृत भए बमोजिम मन्त्रालयले उक्त संस्थालाई रु. १० लाख उपलब्ध गराएको छ। उक्त संस्थाबाट प्राप्त खर्चको विवरणमा रु. ८२ हजार मूल्यका ल्यापटप र प्रिन्टर खरिद गरेको, बिराटनगरस्थित एक होटलमा कार्यक्रम गरी खाना खाजा, फोटो सुटिङ, झोला, टिर्सट, लिफलेट ब्रोसर, अन्य विभिन्न मालसामानको बिल बिजक र एक दिने प्रशिक्षण कार्यक्रम संचालन गरेको आधारमा पुरै रकम खर्च गरेको छ । प्रस्ताव बिपरितको कार्यमा खर्च गरेकोले निकासा रकम उपलब्धिविहीन भएको छ । यसरी निकासा दिनेलाई जिम्मेवार बनाउनु पर्दछ।

११. **दोहोरो खर्चः** मन्त्रालयलाई एस.ई.ई. परीक्षाको पुरक परीक्षा संचालन गर्न प्राप्त रकमको अख्तियारीमा उत्तरपुस्तिका खरिद गर्न रकम प्राप्त भएको पाइएन । पुरक परीक्षाको लागि ८० हजार थान मूल तथा ४४ हजार ५०० थान थप उत्तरपुस्तिका खरिद गरी रु. ७ लाख ७२ हजार खर्च गरेको पाइयो । खरिद गरेकोमध्ये रु. १ लाख ४२ हजार मूल्यका १९ हजार थान उत्तरपुस्तिका मन्त्रालयमै मौज्दात राखेको छ । एस.ई.ई. पुरक परीक्षाको लागि परीक्षा नियन्त्रण कार्यालयबाट सम्बन्धीत शिक्षा समन्वय इकाइमा उत्तरपुस्तिका पठाई सकिएकोमा उक्त उत्तरपुस्तिका प्रयोग नगरी प्रदेश मन्त्रालयबाट थप छपाई गरी एकै कार्यमा दोहोरो खर्च गरेको छ। यस्तो खर्च गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

१२. **बचत रकम फिर्ताः** मन्त्रालयलाई प्राप्त प्रदेश जनसुरक्षा कोषको रकम तोकिएको आधारबाट खर्च गरी बाँकी रकम सम्बन्धीत कोषमा फिर्ता गर्नुपर्दछ । कोभिड-१९ को लागि जनसुरक्षा कोषबाट प्राप्त रकममध्ये खर्च नभई बाँकी रहेको रु.१ करोड २५ लाख ४८ हजार फिर्ता गरेको पाइएन । उक्त रकम फिर्ता हुनुपर्दछ ।

१३. **कोशी कोभिड अस्पताल स्थापना र संचालनः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले २०७६।१२।७ मा न्यूनतम दश बेडको भेन्टिलेटर सहित ५० शैयाको अस्पताल साविक नेशनल ट्रेडिङ लिमिटेडको भवनमा एक हप्ताभित्र स्थापना गर्ने निर्णय गरेको छ । यो वर्ष मन्त्रालयले उक्त स्थानमा कोभिड अस्पताल स्थापना गरी कोरोना संक्रमितहरूको उपचार गरेको पाइयो । प्रदेश जनसुरक्षा कोषबाट रकम निकासा गरी भौतिक पुर्वाधार विकास मन्त्रालयमार्फत भवन मर्मत संभार र स्वास्थ्य उपकरण खरिद लगायतका कार्य गराई रु. २ करोड खर्च गरेको छ। आर्थिक वर्ष २०७७।७८ मा संघीय सरकारबाट समेत थप लगानी गरी उक्त अस्पतालमा बेड र अन्य पुर्वाधारमा खर्च भईरहेको छ । यो वर्ष स्वास्थ्य कार्यालय, मोरङबाट खरिद गरी पठाइएका रु.३५ लाख ५६ हजारका मालसामान तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट खरिद गरी पठाइएका रु.१२ लाख २७

हजारको उपकरण, मन्त्रालयबाट खरिद गरी पठाइएका रु.६९ लाख ८८ हजार मूल्यका उपकरण र अन्य सामाग्रीको जिन्सी अखिलेख तयार गरेको पाइएन । ती उपकरण र अन्य सामाग्रीहरू अस्पतालको जिन्सी खातामा आम्दानी गर्नुपर्दछ ।

१४. **खर्च स्थिति** : प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३४ मा साल तमाममा बाँकी रकम फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले संघीय सरकारबाट प्राप्त कोभिड-१९ सँग सम्बन्धीत कार्यमा खर्च गर्ने गरी मेची अस्पतालमा आइसोलेशन सेन्टर र अक्सिजन फिलिङ, उदयपुर अस्पतालमा आइसोलेशन सेन्टर र जोखिम भत्ता तथा जिल्ला अस्पताल धनकुटा, सोलुखुम्बु, तेह्रथुमलाई जोखिम भत्ता र प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई ल्याव सामाग्री, रिएजेन्ट र भि.टि.एम. खरिद कार्यको लागि रु. ३ करोड ९ लाख ६५ हजार निकासा गरेको रकमबाट भएको खर्चको विवरण र प्रगति विवरण तयार नगरेकोले उक्त विवरण लिई रकम खर्च नभएमा फिर्ता हुनुपर्दछ ।

१५. **अन्य संस्थाबाट भएको खर्चः** मन्त्रालयले एक प्राविधिक विश्वविद्यालयलाई पूँजीगत अनुदान, पाठ्यक्रम निर्माण र जग्गा प्राप्तिको लागि रु. ९४ लाख २३ हजार उपलब्ध गराएको पाइयो । आफ्नो मातहत नरहेको संगठित संस्थालाई बजेट खर्चको अख्तियारी दिएको, सो खर्चको अनुगमन प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, तथा प्रगति विवरण लिएको देखिएन । उक्त प्रतिवेदन लिई तोकिएको कार्यमा खर्च भए नभएको यकिन गर्नुपर्दछ ।

१६. **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** यो वर्ष मन्त्रालयले १३ जिल्लामा रंगशाला र खेल मैदान निर्माणको लागि सदरमुकामका स्थानीय तहमा रु. ६० लाख, पहाडी भेगका स्थानीय तहमा रु. २० लाख र तराईका स्थानीय तहमा रु. १५ लाखका दरले १२३ स्थानीय तहमा रु. ४२ करोड ६० लाख निकासा दिएको छ । उक्त रकमबाट भएको प्रगति र खर्चको अनुगमन गरी प्रतिवेदन तयार नगरेकोले उपलब्धीको अवस्था स्पष्ट देखिएन । रकम सदुपयोग भए/नभएको सुनिश्चित गर्नुपर्दछ ।

१७. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांकित तृतीय र राजपत्राकित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । मन्त्रालय र मातहतका ६ कार्यालयले ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई समेत ग्रेड थप गरी रु.३१ लाख १५ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ ।

१८. **अनुदान सहयोग :-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४२(३) मा अनुदान दिने निकायले अनुदान दिएको निकायको आय व्ययको प्रगतिको प्रतिवेदन लिई अनुदान रकम सम्बन्धीत कार्यमा खर्च गरे नगरेको, लक्ष्य अनुसार प्रगति गरे नगरेको, प्रचलित कानुन बमोजिम लेखापरीक्षण भए नभएको सम्बन्धमा अनुगमन गरी वार्षिक विवरण तयार गरी सम्बन्धीत प्रदेश लेखा नियन्त्रक कार्यालय र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । मन्त्रालयले २०७७/२/९ को मन्त्रीस्तरीय निर्णयबाट धनकुटा, बिराटनगर, केरावारी, म्याङ्लुङ्ग र विर्तामोडका ६ संस्थाहरूलाई पुस्तकालय सञ्चालन गर्न रु.२१ लाख अनुदान उपलब्ध गराएको छ । सम्बन्धीत संस्थासँग गरेको सम्झौताको शर्तमा मन्त्रालयले अनुगमन गर्नुपर्ने व्यवस्था नराखी कार्य सम्पन्न गरेको ७ दिनभित्र फोटो र कार्य सम्पन्न प्रतिवेदन भएपुग्ने व्यवस्था गरेकोले उक्त सम्झौता नियमसम्मत देखिएन । अनुदान तोकिएको कार्यमा सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

## स्वास्थ्य कार्यालयहरू

१९. **अनुदान निकासा र अनुगमनः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ मा सशर्त अनुदानबाट प्राप्त रकम निकासा दिई खर्च गर्दा तोकिएको आधारबाट कार्य गराई कार्यसम्पन्न समेतको प्रतिवेदन लिई कामको अनुगमन गर्नुपर्ने र तोकिए बमोजिमको काम नभएमा निकासा रकम फिर्ता लिई दाखिला गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य कार्यालय मोरङले १८ विद्यालयलाई आई.सि.टि. सहायता बापत रु.१ करोड ६१ लाख सम्बन्धीत विद्यालय खातामा रकम जम्मा गरी खर्च जनाएको छ । उक्त रकमबाट विद्यालयले तोकिए बमोजिमको काममा खर्च गरे नगरेको अनुगमन गरी कार्य सम्पन्न प्रतिवेदन लिएको पाइएन ।

२०. **अस्पताल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (७) मा उपभोक्ता समितिले पाएको कामको खर्च सार्वजनिकीकरण गरी समितिबाट अनुमोदन गराई भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य कार्यालय, मोरङले मंगलबारे अस्पतालमा यो वर्ष वेटिङ हल, प्रिफ्याव क्यान्टिन, प्रिफ्याव अस्पताल भवन, सेनीटरी वर्क र इलेक्ट्रिकल वर्कका लागि रु.८५ लाख २७ हजारको लागत अनुमानमध्ये रु. ७७ लाख ६० हजार कार्यालय र बाँकी उपभोक्ता समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा उक्त काममा रु.८४ लाख ४ हजार समितिलाई भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु. ६ लाख ४४ हजार असुल गर्नुपर्दछ । उपभोक्ता समितिले खर्च सार्वजनिकीकरण नगरेको, निर्माण गरिएका संरचना उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको तथा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत नभएकोले नियमको पालना गरेको पाइएन ।

२१. **तलव भत्ताः** कर्मचारी समायोजन ऐन, २०७५ मा सरकारी सेवामा तहगत रूपमा कार्यरत कर्मचारीहरूलाई प्रदेश तथा स्थानीय तहको सेवाको सम्बन्धीत तहमा समायोजन गरिने व्यवस्था छ । स्वास्थ्य कार्यालय, मोरङमा कार्यरतमध्ये २०७५ सालमा प्रदेशमा समायोजन भएका कर्मचारीलाई २०७६।७७ को अन्त्यसम्म पनि सम्बन्धीत कार्यालयमा पदस्थापन नगरी यसै कार्यालयबाट रु.७३ लाख २६ हजार तलब भत्ता भुक्तानी गरेको पाइयो । कार्यालयको लागि स्वीकृत १४ जनाको दरबन्दी रहेकोमा दरबन्दी बाहेकका २९ कर्मचारीलाई २०७६ श्रावणदेखि असार मसान्तसम्म तलब भत्ता भुक्तानी गरेको छ । यथाशिघ्र दरबन्दी मिलान गर्नुपर्दछ ।

२२. **अनुगमन :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४२(३) मा विशेष प्रकारका पटके कार्यक्रम/आयोजनाको लागि कुनै सरकारी वा गैरसरकारी कार्यालय संगठीत संघ संस्थालाई दिएको रकमको आय-व्ययको प्रगतिको विवरण लिइ जुन कामको लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरे वा नगरेको, लेखापरीक्षण भए वा नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ८ संस्थालाई बृद्धाश्रम सुदृढीकरण, प्रदेशस्तरीय भलिवल र कराते प्रतियोगिताका लागि रु.६७ लाख निकासा गरेकोमा कार्यसम्पन्न अवस्था खुलेको प्रगति प्रतिवेदन, खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन लिएको छैन । तोकिएको कार्यमा खर्च भएनभएको यकिन गरी कार्य नभएमा रकम फिर्ता लिनुपर्दछ ।

## प्रदेश जनस्वास्थ्य प्रयोगशाला

२३. **स्वास्थ्य उपकरण -** प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई मेशिन, उपकरण तथा रिएजेन्ट खरिद कार्यको लागि २०७६।७७ मा रु. ४ करोड ५० लाख बजेट विनियोजन भएकोमा खरिद प्रकृया शुरुवात ढिलो गरेकोले प्रयोगशाला संचालनमा आएको पाइएन । पशुसेवा कार्यालयमा रहेको ल्यावबाट २०७७।१।१८ देखि पिसिआर परीक्षण शुरु गरेको पाइयो ।

२४. **दोहोरो भत्ताः** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/१२/९ को निर्णयमा कोभिड-१९ को कारण जोखिममा रही काम गर्ने प्रादेशिक ल्याबतर्फका कर्मचारीलाई शुरु तलब स्केलको (२०७६।१२।९ देखि) ५० देखि १०० प्रतिशतसम्म जोखिम भत्ता भुक्तानी गर्ने तथा उक्त निर्णयको नं. ७ (घ) मा यस्तो भत्ता दोहोरो नपर्ने गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले सो भत्ताको अतिरिक्त प्रयोगशालाका कर्मचारीलाई अतिरिक्त समय काम गरेको अतिरिक्त भत्ता समेत (सबै दिन) भुक्तानी गरेको देखियो। उक्त दुवै भत्ता भुक्तानी भैरहेकोमा स्वास्थ्य सेवा विभागको नर्म्स आधार देखाई थप २५ प्रतिशतले हुने हेजार्ड भत्ता समेत भुक्तानी गरेकोले २०७६ चैत्रदेखि आषाढसम्म दोहोरो भत्ता भुक्तानी गरेको रु. २ लाख १३ हजार असुल हुनुपर्दछ ।

## प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

२५. **निशुल्क औषधिः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २१ मा लागत अनुमान तयार गर्ने र ठेक्कापट्टाको काम प्रथम चौमासिकमा पुरा गर्नुपर्ने व्यवस्था छ । निशुल्क वितरण गरिने औषधि दोश्रो चौमासिकमा खरिद कार्य शुरु गरेकोमा आपूर्तिकर्ताले कोभिड-१९ को अवस्था देखाउँदै औषधि आपूर्तिमा ढिलाई गरेकोले रु.१ करोड २४ लाख ८० हजारका निशुल्क औषधि २०७७।३।२१ मा मात्र प्राप्त गरी केन्द्रको मौज्दातमै रहेको देखियो । समयमै औषधि खरिद कार्य गरी उपयोग र वितरणको व्यवस्था गर्नुपर्दछ ।

२६. **अत्यावश्यक औषधिः** अत्यावश्यक सेवातर्फको रु.१ करोड ३ लाख मुल्यका औषधि खरिद कार्यमा २०७७।३।३० सम्म आपूर्ति गर्ने गरी सम्झौता गरेको कारण आपूर्तकले आर्थिक वर्षको अन्तिम दिन मात्र औषधि आपूर्ति गरेको छ । अतः यो वर्ष खरिद गरिएका औषधिहरू स्वास्थ्य संस्थामा पुग्न नसकेकोले सेवा प्रवाहमा असर पर्नसक्ने देखिन्छ । अत्यावश्यक औषधिको आपूर्ति समयमै हुने व्यवस्था मिलाउनु पर्दछ ।

## शिक्षा विकास निर्देशनालय

२७. **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा निर्माण कार्य सम्पन्न भए पश्चात सोको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । शिक्षा विकास निर्देशनालय, धनकुटाले विभिन्न १० विद्यालयहरूलाई भौतिक निर्माण सुधार शीर्षकमा रु.१ करोड ३ लाख ९० हजार निकासा दिएकोमा भौतिक निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन। प्रमाणित नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन बेगरको भौतिक निर्माण सुधार खर्च नियमसम्मत देखिएन ।

२८. **भुक्तानीमा कर** / आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । शिक्षा विकास निर्देशनालय, धनकुटाले विभिन्न २२६ विद्यालय र क्याम्पसलाई विभिन्न निर्माण एवं सामाग्री खरिदबापत दिएको अनुदान भुक्तानीमा कार्यालयमा पेश भएका लेखा श्रेस्ता साथ संलग्न बिल भरपाई अनुसार लाग्ने अग्रिम कर रु.११ लाख ६० हजार कट्टि नगरेकोले असुल गर्नुपर्दछ ।

## जिल्ला अस्पताल विकास समितितर्फ

२९. **बचत रकम** – प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३४ मा कार्यक्रम संचालन गरी बर्षान्तमा बाँकी रहेको रकम संचित कोष दाखिला गर्ने व्यवस्था छ । जिल्ला अस्पताल विकास समिति, सुनसरीले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनका लागि २ कर्मचारीलाई दिएको पेस्कीमध्ये वर्षान्तमा बाँकी रहेको रु.११ लाख १९ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा अस्पताल विकास समितिको खातामा जम्मा गरेकोले उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालयतर्फ २१ निकायमा यो वर्ष रु.२५ करोड ६३ लाख ६९ हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.२ करोड ३४ लाख ४८ हजार बेरुजु फस्यौंट भई रु.२३ करोड २९ लाख २१ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रु.३० लाख ७८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यसैगरी अन्य संस्था तथा समितितर्फ ११ निकायमा यो वर्ष रु.६२ लाख २९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फस्यौंट नभएकोले रु.६२ लाख २९ हजार नै बाँकी रहेको छ । सो मध्ये रु.१८ लाख १३ हजार म्याद नाघेको पेश्की रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-१० र ११** मा समावेश छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष कार्यालयको विनियोजन रु. १ करोड ७७ लाख ७१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छनः

१. **कर्मचारी व्यवस्थापनः** नेपालको संविधानको धारा १६० उपधारा (६) मा मुख्यन्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने व्यवस्था छ । यस कार्यालयमा हाल उप-सचिव १ तथा शाखा अधिकृत ३ महान्यायाधिवक्ता कार्यालयबाट र प्रदेश सरकार मातहतका अधिकृत छैठौं ३ जना र करारका ५ जना कर्मचारी कार्यरत छन्। संविधानको व्यवस्था बमोजिम महान्यायाधिवक्ताको कार्यालयले कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएतापनि प्रदेश सरकारका कर्मचारी समेतको यो वर्ष तलब, भत्तामा रु. ४० लाख ४ हजार खर्च भएको छ । प्रदेशका कर्मचारी रहने व्यवस्था सहित कर्मचारी संगठन संरचना स्वीकृत भएको पाईएन। संगठन संरचना स्वीकृत गरी तलबी प्रतिवेदन पारित गराएरमात्र तलब भत्तामा खर्च गर्नुपर्दछ ।

२. **कार्यालयको समग्र कार्य सम्पादन :-** मुख्यन्यायाधिवक्ताको २०७६/७७ को वार्षिक प्रतिवेदन बमोजिम हाल सम्म प्रदेश सरकार पक्ष भई कुनै विषयको मुद्दा दायर गर्ने निर्णय नभएको तर प्रदेश सरकार प्रत्यार्थि भई गत वर्षबाट २४ मुद्दा जिम्मेवारी सारेको र यस वर्ष ४४ मुद्दा दर्ता भएको मध्ये २२ मुद्दा फस्र्यौट भै वर्षको अन्त्यमा ४६ मुद्दा बाँकी रहेको छ ।

३. **ग्रेडः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय थहमा समावयोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था अनुसार ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्राङ्कीत तृतीय र राजपत्राङ्कीत द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । तर कार्यालयले यो वर्ष २०७७।३।१४ मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित प्रतिवेदनको आधारमा ग्रेड नपाउने तहमा समायोजन भएका ३ जना कर्मचारीलाई समेत ग्रेड थप गरी रु. २ लाख ४ हजार भुक्तानी गरेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

- **बेरुजु स्थितिः** कार्यालयको लेखापरीक्षणबाट यो वर्ष रु. ५ लाख ३१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. १ लाख फस्र्यौट गरेकोले रु. ४ लाख ३१ हजार बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा समावेश छ ।

# प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७५ बमोजिम प्रदेशको नीति तथा योजना तर्जुमा, आर्थिक विकास सामाजिक विकास भौतिक पुर्वाधार, जलश्रोत तथा उर्जा अन्य प्राकृतिक श्रोत, मानव श्रोत, सुशासन व्यवस्थापन, मन्त्रालय तथा निकायसँग समन्वय, प्रदेश स्तरमा नयाँ विकास योजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण गरी प्रदेश सरकारलाई परामर्श दिने, लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक व्यवस्थापन प्रणाली निर्माण गर्ने, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकुल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने गराउने समेत कार्यहरू आयोगको कार्य क्षेत्रमा रहेको छ ।

यो वर्ष आयोगको विनियोजन रु. २ करोड ३७ लाख ५३ हजार, राजस्व रु. ५३ हजार, अन्य कारोवार रु. ५ लाख समेत रु. २ करोड ४३ लाख ६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्ः

१. **आवधिक योजनाः** आयोगले प्रथम आवधिक योजना (२०७६।७७- २०८०/८१) को विस्तृत दस्तावेज तयार गरी प्रदेश सरकारबाट स्वीकृत भएपश्चात २०७६।६।१ मा सार्वजनिकीकरण गरेको छ । प्रथम आवधिक योजनाले राष्ट्रिय विकास लक्ष्य “समृद्ध नेपाल सुखी नेपाली”को सारलाई आत्मसाथ गर्दै "स्वच्छ, सुखी र समुन्नत" प्रदेशको दीर्घकालिन सोच राखी सोको लागि प्रदेशको विशिष्टताका आधारमा १२ आधार स्तम्भ र ६१ गन्तव्य सूचक निर्क्यौल गरेको छ । आवधिक योजनामा दिगो विकासको लक्ष्यका साथै दीर्घकालिन राष्ट्रिय लक्ष्यका सुचकलाई आवद्ध गरी आर्थिक विकास अन्तर्गत १२, सामाजिक विकास अन्तर्गत १३, पुर्वाधार विकास अन्तर्गत १०, अन्तरसम्बन्धीत क्षेत्र अन्तर्गत ४ र शुसासन शान्तिसुरक्षा अन्तर्गत २ गरी जम्मा ४१ विषयलाई समेटेको छ ।

२. **कामको उपलब्धीः** विभिन्न मन्त्रालयहरूबाट प्राप्त योजना स्वीकृत गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने परियोजना बैंक स्थापनाको काम ५० प्रतिशत सम्पन्न गरेको छ । दिगोविकास लक्ष्यको आन्तरिकिकरण र मानव संसाधन प्रक्षेपण कार्यक्रम (कोभिड महामारीको कारण) संचालन भएको छैन ।

३. **प्रदेश विकास परिषदः** प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश २०७५ मा प्रदेश विकास परिषद रहने व्यवस्था छ । परिषदमा प्रदेशमा प्रतिनिधित्व गर्ने संसदीयदलका नेता, प्रदेश सभा समितिका सभापति, आयोगका उपाध्यक्ष तथा सदस्यहरू, प्रमुख सचिव लगायत स्थानीय तहका प्रमुखहरू प्रदेश सरकारबाट मनोनित सदस्य रहने व्यवस्था छ । यस वर्ष प्रदेश विकास परिषदको बैठक संचालन भएको पाइएन ।

४. **ग्रेडः** कर्मचारी समायोजन ऐन २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांकित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । तर कार्यालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई समेत ग्रेड थप गरी रु. ३ लाख ६० हजार भुक्तानी गरेकोले नपाउने ग्रेड रकम असुल हुनुपर्दछ ।

५. **सुविधा भुक्तानीः** प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७५ को दफा १५ मा उपाध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था छ । उपाध्यक्षले प्रदेश सरकारका राज्यमन्त्री सरह र सदस्यले सहायक मन्त्री सरह सुविधा पाउने उल्लेख छ । उक्त आदेशमा उपाध्यक्ष तथा सदस्यहरूको चाडपर्व खर्च सम्बन्धी व्यवस्था बेगर कार्यालयले चाडपर्व खर्चबापत उपाध्यक्ष र २ जना सदस्यलाई रु.१ लाख ६८ हजार भुक्तानी दिएको छ । साथै प्रदेश राजपत्र (२०७६।७।२१ गते अतिरिक्तांक ३३) अनुसार प्रदेश योजना आयोग गठन तथा कार्य संचालन आदेश दोश्रो संशोधन २०७६।७।२१ देखि प्रारम्भ भएको देखिएकोमा उपाध्यक्ष तथा सदस्यलाई सो भन्दा अघिल्लो अवधिको रु.१ लाख ८६ हजार बढी भुक्तानी भएको छ ।

- **बेरुजु स्थितिः** आयोगको लेखापरीक्षणबाट यो वर्ष रु.१३ लाख ७३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फस्यौंट नगरेकोले रु.१३ लाख ७३ हजार बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा समावेश छ ।

# परिच्छेद - ४

# प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्बन्धीत कार्यालयले तोकिएबमोजिम फस्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था अनुसार बेरुजुको कारवाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन** : लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकको प्रतिवेदनको कार्यान्वयन स्थिति खुलाई पठाउन मित २०७८/३/६ मा मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्राचार गरिएको थियो । कार्यालयले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ र २०७७ प्रदेश सभामा क्रमशः २०७६/४/२० र २०७७/४/९ मा पेश भएको जानकारी दिएको छ । वार्षिक प्रतिवेदन उपर मन्त्रालयहरू आफैंले कार्यान्वयन गर्नुपर्नेमा त्यसतर्फ प्रभावकारी प्रयास गरेको पाइएन ।

२. **बेरुजु फस्यौंट** : यो वर्ष प्रदेशको सरकारी कारोबार तर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १६८ ईकाईको लेखापरीक्षण भएकोमा ११२ इकाईको बेरुजु रहेकोमा ४६ इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा १८ र लगती दफा १५६ बाट रु.२ अर्ब ८७ करोड ३५ लाख ९१ हजार फस्यौंट भएको र बाँकी ६६ इकाईको प्रतिक्रिया प्राप्त नभएकोले फस्यौंट हुन नसकि शुरु बेरुजु नै कायम भएको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १५ इकाई मध्ये १० ईकाईको बेरुजु रहेकामा प्रतिक्रियाबाट फस्यौंट नभई बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु फस्यौंट गर्ने तर्फ पहल गर्नु पर्दछ ।

गत वर्ष प्रदेशको सरकारी कारोबार तर्फको रु. १ अर्ब ६९ करोड ११ लाख ८२ हजार बेरुजु रहेकोमा ४४ करोड ६९ लाख ८७ हजार फस्यौंटको लागि अनुरोध गरेकोमा सम्परीक्षण भई १ अर्ब २४ करोड ४१ लाख ९५ हजार बेरुजु बाँकी रहेको छ ।

३. **बेरुजु न्यूनीकरण** : प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरू स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

# परिच्छेद-५

# सुधारका क्षेत्रहरू

सार्वजनिक जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनको माध्यमबाट वित्तीय सुशासन कायम गर्न मद्दत पुग्दछ । स्रोत र साधनको प्राप्ति एवम् परिचालनबाट प्रदेशका विकास निर्माण, सेवाप्रवाहका गतिविधिलाई पारदर्शी, जवाफदेही, मितव्ययी र सुशासनयुक्त एवम् प्रभावकारी बनाउन शासन सञ्चालन तथा आर्थिक कार्य प्रणालीमा सुधार गर्ने विषय निम्न छन् :

१. **नीतिगत तथा कानुनी व्यवस्था**

१.१. प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार विभिन्न मन्त्रालयहरूलाई तोकिएका तर सम्पादन नभएका कार्य जिम्मेवारीहरूलाई नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन तालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१.२. नेपालको संविधानको धारा ५७ (६) बमोजिम प्रदेशले पहिचान गरेका क्षेत्रमा कानुन र कार्यविधि संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ । कार्यविधि तर्जुमा गर्दा प्रत्यायोजित विधायनको स्रोत खुलाउनु पर्दछ ।

२. **वित्तीय व्यवस्थापन**

२.१. प्रदेशले दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरी ती लक्ष्य प्राप्त गर्न आवधिक योजना र बार्षिक बजेट तर्जुमा गर्ने, खर्च व्यवस्थापनमा सुधार गर्ने, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने लगायतका काम गर्नुपर्दछ । दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा प्रदेशस्तरीय निर्देशक एवं विषयगत समिति गठन गर्नुपर्दछ ।

२.२. बजेट प्रणालीमा सुधार गर्न प्राथमिकतामा रहेका कार्यक्रममा बजेट विनियोजन गर्ने, मध्यमकालीन खर्च संरचना तयार गरी बजेट तर्जुमा गर्ने, शुरुमा बजेट विनियोजन नगरी रकमान्तर तथा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, धेरै कार्यक्रमभन्दा उपलब्धिमूलक कार्यक्रमलाई प्राथमिकताका आधारमा बजेट तर्जुमा गर्ने लगायतका कार्यहरू गर्नुपर्ने देखिएका छन् ।

२.३. बजेट कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्न निर्देशनालय प्रमुख, कार्यालय प्रमुखसँग कार्य सम्पादन सम्झौता गरी बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ ।

२.४. प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिबेदन गर्ने र समयमै सोधभर्ना माग गर्ने उपयुक्त ब्यवस्था मिलाउनुपर्दछ ।

३. **आयोजना व्यवस्थापन -** सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरण पालना गर्दै आयोजना स्वीकृत र सञ्चालन गर्नुपर्दछ । आयोजना सम्पन्न भएपछि प्रतिफलको लेखाजोखा गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना छनौटको कार्यविधि निर्माण गर्नुपर्दछ ।

३.१. आयोजनाको बिस्तृत संभाव्यता अध्ययन गरी लागत लाभ बिश्लेषणबाट उपयुक्त देखिएका आयोजना छनौटमा प्राथमिकता दिने, सम्पन्न नभएका आयोजनाहरुको विश्लेषण गरी कार्यतालिका बमोजिम कार्य गरी अधुरा आयोजना सम्पन्न गर्ने नीति लिनुपर्दछ । परियोजना बैंक तयार गरी प्राथमिकता प्राप्त आयोजनाको छनौट गरी पूँजीगत खर्चलाई उपलब्धिमुलक क्षेत्रमा परिचालन गर्नुपर्दछ ।

३.२. संघीय सरकारबाट हस्तान्तरण भइ आएका आयोजनाहरुमा पर्याप्त बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ । निश्चित मापदण्ड निर्धारण गरी संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन हुनुपर्दछ ।

३.३. आयोजनाको अनुगमन र मूल्याङ्कन कार्यलाई आयोजना कार्यालय, मन्त्रालय स्तर, प्रदेश नीति तथा योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले अनुगमन मुल्याङ्कन सम्बन्धी आधुनिक विधिहरु प्रयोगमा ल्याई प्रभावकारी बनाइनुपर्दछ । संघ र प्रदेशबाट सञ्चालन हुने आयोजनासँग सम्बन्धित सूचनाहरुलाई ब्यबस्थित गर्न एवं प्रगतिको अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **खरिद व्यवस्थापन -** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्नुपर्दछ । परामर्श सेवा खरिदमा आन्तरिक जनशक्तिको अधिकतम परिचालन गरी अपनत्वको विकास गर्नुपर्दछ । साथै परामर्श सेवाको नर्म्स तयार गरी लागू गर्नुपर्दछ ।

४.१. निर्माण कार्य अधुरो रहँदा सरकारलाई ठूलो रकमको दायित्व सिर्जना हुने तर तोकिएको समयमा प्रतिफल प्राप्त नहुँदा लाभग्राहीले सेवाबाट वञ्चित भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुन सकेको छैन । निर्माण व्यवसायीलाई समयमा कार्यसम्पन्न गर्ने वातावरण तयार गर्ने र आईपरेका बाधा व्यवधान समाधान गर्ने कार्यमा सम्बन्धित सार्वजनिक निकायले अग्रसरताका साथ सहयोग र सबै पक्ष निकायबीच समन्वय तथा सहकार्य हुने व्यवस्था गर्नुपर्दछ ।

४.२. खरिद कानुनमा उल्लेखित सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने कार्य नियन्त्रण गर्नुपर्दछ । उपभोक्ता समितिले समेत सार्वजनिक खरिद कानुन प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।मेशिन प्रयोग गर्नु नपर्ने श्रममूलक काममा मात्र उपभोक्ता समितिलाई सीमित गर्नुपर्दछ । उपभोक्ता समितिहरुबाटि गरिने कार्यमा जनसहभागिता सुनिस्चित गर्ने तथा निर्माण सम्पन्न पश्चात मर्मत संभारको जिम्मेवारीसहित हस्तान्तरण गर्नुपर्दछ ।

